CC-0. In Public Domain. Digitization by eGangotri

आधुनिक दृष्टिमा वाल्मीकि रामायण

लेखक :

पं० छविलाल पोखरेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आधुनिक

दृष्टिमा वाल्मीकि रामायण

लेखक :

पं० छविलाल पोखरेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक :
नारायण प्रसाद पोखरेल
धरान–१२

सम्वत् : २०३९

एघार सय प्रति

© लेखकाधीन

मूल्य : ८.०० ने० रु० मात्र

मुद्रक :
जय भारत प्रेस
बाँसफाटक,
वाराणसी–२२१ ००१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

क्रम संख्या		पृष्ठ संख्या
क. प्राक्कथन	—	५
ख. सम्मति	—	१३
ग. दुई शब्द	—	१४
घ. भूमिका	—	१६
१. आधुनिक दृष्टिमा वाल्मीकि रामायण	—	१
२. अनेक रामायण र राम रावण	—	२
३. अमर रामायण	—	९
४. हनुमान् शब्द वेदमा देखिदैन	—	११
५. अद्भुत रामायण	—	१४
६. भुशुण्डि रामायण	—	१५
७. रामायणको समय	—	१५
८. रामायणमा चरित्र चित्रण	—	१९
९. जात जन्मवाट कि कर्मबाट ?	—	२५
१०. धार्मिक दृष्टिमा राम	—	३१
११. पारिवारिक पक्षमा राम	—	३२
१२. पुर्ख्यौली	—	३३
१३. भ्रमनिवारण	—	३४
१४. विश्वमानव परिवारवादी राम	—	४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रम संख्या		पृष्ठ संख्या
१५. गिद्ध वानर भालू को थिए ?	—	४१
१६. रामचन्द्रको राज्याभिषेक	—	४३
१७. हाल नेपालको राज्याभिषेक (हालनेपालमा गरिएको राज्याभिषेक)	—	४३
१८. सुग्रीवको राज्याभिषेक	—	४४
१९. अन्त्येष्ढि क्रिया	—	४५
२०. आर्य अनार्य	—	४७
२१. वाल्मीकि रामायणमा सती जाने प्रथा छैन	—	४८
२२. शरीर श्रम	—	५०
२३ मुख्यकुरा	—	५०
२४. रावण र विभीषणको तुलना	—	५१
२५. रावणको लङ्का कुन हो ?	—	५३
२६. सीता र रामको उमेर भेद बारेमा अस्पष्ट	—	५४
२७. उत्तरकाण्ड र अन्तका कथाहरू	—	५६
२८. वास्तवमा तप भनेको के हो ?	—	६४
२९. गीता र महाभारतको समय	—	६५
३०. गीता र महाभारतका थोरै तप	—	६६
३१. पाताल र शेषनाग	—	६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राक्कथन

वास्तविकताको शोध खोज गर्दै लैजाँदा विश्वको आदि काव्य वाल्मीकि-रामायणको महत्त्वपूर्ण स्थान देखिन्छ। परन्तु प्राचीन कालिक रामायण हरू मध्ये वाल्मीकि रामायण मात्रै होइन, अपितु सम्बृत, अगस्त्य, लोमश, मञ्जुल, सौपय, सौहार्द, सौर्य, चान्द्र, भैंन्द, स्वायम्भु, सुब्रह्म, सुवर्च, देव, श्रवण, दुरन्त आदि अनेक प्राचीन रामायण थिए। (वे. के. पृ. १४७) जस्का आजको युगमा सूची मात्रै प्राप्त भएको छ। पं० धनराजको सूची नम्वर ५ मा पनि रामायणहरूको सूची राम्ररी गरिएको छ। सौभाग्यले गर्दा वाल्मीकि रामायण र महाभारको पाण्डु लिपि काठमाण्डौ केशर पुस्तकालयमा प्राप्त छ। ती प्रति आज सम्म प्राप्त भएका प्रतिहरू मध्ये सवै भन्दा प्राचीन र प्रामाणिक मानेका छन्। यस बारेमा सुखठनजीको शोध खोज महत्त्व पूर्ण छ। यी देखि बाहेक अद्भुत, आनन्द, भुशुण्डी, अध्यात्म आदि आधुनिक रामायण पनि अनेक छन्। तर छन् संस्कृतैमा। सबैको दाल गल्नु निकै गारो मात्रै होइन, अपितु सारै पनि छ। ती प्राचीन रामायणहरूमा एक मात्र वाल्मीकि रामायण प्राप्त छ। अरू सबै काल गतिले कालकै गालमा परे। अथवा प्रकृतिको चिर काखमा लीन भए। भारत र नेपालमा पाइने आधुनिक रामायणहरू मूलतः वाल्मीकि रामायणकै आधारमा वनेका छन्। नेपालीमा भानुभक्तको रामायण वाल्मीकि र अध्यात्मको छायानुवाद हो। तर कम्बनको तामिल रामायण, कृतिवासको बंगाली रामायण, तुलसी कृत रामायण आदि वाल्मीकि माथि उब्भिएका छन्। यहाँ सम्म कि लङ्का, वर्मा, इण्डोनेशिया, थाइलेण्ड, श्याम, आदि देशहरूमा षाइने रामायण वा राम कथा पनि वाल्मीकिकै नक्कल, वा छाया मात्र हो भन्न सकिन्छ। भारतमा पाइने जैनरामायण पनि केही काल्पनिक कथा वस्तुलाई छोडेर वाल्मीकि माथिनै आधारित छ। विश्वको लौकिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदि काव्य यही नै हो भने केही अत्युक्ति हुने छैन। चसर, होमर, सेक्सपियर, जरथ्रुस्त, मुसा, ईसा, हजरत आदि यसै घरेडीको ढुङ्गा माटो हो। आज वेग्लै देखिएता पनि पितृभूः मातृभूः पनि यही नै हो। आजको परिप्रेक्ष्यमा देश, भाषा, शैली बेग्लिएको हुनु सक्छ। त्यसै भएको हुनाले त वृहद्धर्मपुराणमा 'काव्यवीजं सनातनम्' अर्थात् काव्यको वीज सनातन छ, भने। व्यास आदिले यसै रामायणलाई पढेर पुराण महाभारतादिका रचना गरे। यसलाई 'पठ रामायणं व्यास ? १७ वृ. घ्. पु. उ. ख. ३०, ४७, ५१' भनेको छ। यसै पुराणमा 'रामायणं पठितं में···करिष्यामि पुराणानि महाभारतमेवच' (वृ. ध. पु. १।३०।५५) भनेको छ। यी प्रमाणहरूले प्रष्ट हुन्छ कि व्यासजीले पनि रामायण पढे पछि १८ पुराण र उपपुराण अनि महाभारतको रचना गर्नु भए छ भन्ने कुरामा सांदी लाउँने आवश्यकता छैन। अग्निपुराणको ५ देखि १३ सम्मको वाल्मीकिको नाम सहित 'रामायण सार' को प्रष्ट वर्णन छ। यसै रीतिले हरिवंश पुराणमा पनि 'रामायणं महाकाव्यमुद्दिश्य नाटकं कृतम्' (वि. प. ९३।६।३३) यदुवंशी-हरू द्वारा वाल्मीकि रामायणको नाटक खेल्ने सम्बन्धमा उल्लेख भएको छ। गरुडपुराणको पूर्वखण्ड १४३ अध्यायमा पनि 'रामायण सार' कथन गरेको छ। महाभारत द्रोण पर्वको (१४३।६६,६६) श्लोकहरूमा महर्षिवाल्मीकिको नामोल्लेख सहित युद्धकाण्डको ८१।२८ श्लोक उद्धृत छ। व्यासजीले अरू ठाउँमा पनि वाल्मीकिको नाम सारै श्रद्धाले उल्लेख गरेको छ। जस्तै स्कन्दपुराण वै. ख. वै. मा. १७ देखि २० अध्याय सम्म राम्ररी विवेचना गरेको देखिन्छ। यसैलाई कल्याण सं. स्क. पु. अं. पृ. ३७४ देखि ३८१ सम्म विवेचना गरेर राखिदिएको छ। यसै रीतिले अवन्ती खण्ड अवन्ती क्षेत्र महात्म्यको २४ अध्यायको सार (क. सं. पु. अं. पृ. ७०८-९) अनि प्रभास खण्डको २७८ अध्यायको (सं. क. स्क. पु. अं. पृ. १०२५-७) तथा अध्यात्म रामायणको अयोध्याकाण्ड (अ. ६।६४।९२) आदिमा वाल्मीकिको श्राद्धापूर्वक उल्लेख भएको छ। 'पुराण कति पुरानो हो ?' यस प्रश्नको उत्तर सप्रमाण 'प्राचीन हिन्दू विज्ञान' को भूमिकामा हेर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होस् । यस्ता कैयौं प्रश्नहरूको उत्तर 'वेदमा के छ । ?' भन्ने ग्रन्थको एक एक पंक्तिलाई हेर्नु होस् । त्स्यपुराणको 'वाल्मीकि र्यस्य चरितं चक्रे भार्गवसत्तमः' १२।६१। मा 'भार्गवसत्तम' को नामले उल्लेख गरिएको छ । भागवत ५।१८।५ मा 'महायोगी' शब्दले विभूषित गरेको देखिन्छ । यी प्रमाणहरूले यो सिद्ध गर्छ कि व्यासको दृष्टिमा पनि वाल्मीकि आदर्श महापुरुष थिए । उनको रामायणलाई पढेर आफ्ना रचना गरे । तर वाल्मीकि तीन थिए । पहिलो वाल्मीकि रामायण कर्ता, दोस्रो स्कन्द पुराणान्तर्गत वर्णित वाल्मीकि, तेस्रो महाभारतमा उल्लेखित वाल्मीकि । तीन मध्ये वाल्मीकि रामायणको कर्ता प्रचेता ऋषिको दशमा पुत्र थिए । यो प्रमाण वाल्मीकि रामायणको अन्तिम पुष्पिका ''प्रचेतसः दशम पुत्रः, आदिमा प्रष्टिएको छ । त्यसो भएको उनले वाल्मीकिरामायण वेद तुल्य अनेक काव्य गुणले भरिएको रहे छ भन्ने कुरा पनि जनाई रहनु पर्ने कुरा छैन । पवित्र दार्शनिकता ऐतिहासिक, भौगोलिक, राजनीति, र मनोविज्ञानले चपक्क भरिएको वाल्मीकि रामायण मानव मात्रको लागि एक एक अक्षर पढेर मनन गर्ने योग्य छ ।

घत नपर्ने कुरा यो छ कि, पढेर मनन गर्ने कुरा त कहाँ गो कां । उल्टा कुरै नबुझीकन व्यर्थको हान थाप गरेर समयलाई खेरमात्रै फालेको देखिन्छ । यस वाल्मीकि रामायण माथि स्वयं व्यासजीले 'रामायणतात्पर्यदीपिका' नामक टीका लेखेका थिए अरे । रामशास्त्रीजीले (Studies in Ramayana, Riddles of Ramayana, by K. S. Ramshastri Book II, P. I.) यो चर्चा गर्नु भएको छ । यो पुस्तक १९४४ ई० मा वरोडाबाट प्रकाशित भएको छ । जव संस्कृत नै भाषा बोलिन्थे । उति खेर पनि वाल्मीकि रामायणको कठिनता जनताको सामुमा आइसका थिए । त्यस्तै भएको हुनाले त स्वयं व्यास जस्ताले पनि टीका लेखनु पर्‍यो । अनि आजको मानव बुद्धिसँग के तुलना गर्ने ? त्यो पनि केही, रक्सीको ज्वालामा, केही जाडमा केही जुवामा, केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्त्रफँसनमा, केही अंग्रेजीको अत्रकलचो विसञ्चे शिक्षामा गुम्सिएर श्राद्ध विश्वास विहीन भई मुट्टुजली सकेको दिमागसँग के आशा गर्ने ? तीतो मानेर हुँदैन । हामीले घोरिने अवसर आएको छ। शोचने दिन आएको छ। यस प्रकारले ईसा पूर्व र ईसा पछि वाल्मीकि रामायण माथि अनेक टोका र उपटीका लेखिएर पनि मर्म खुलेन भने, हामीले नघोरिए के गर्ने ? व्यासजी पछि आधुनिक टीका पनि एक भन्दा एक उत्तम विद्वान्हरूका कृतिरुपमा केही प्रकाशित र केही अप्रकाशित छन् । निर्मत्सर पाठकवृन्दले अवश्व हेर्नु हुने छ। वाल्मीकि रामायणको आधुनिक टीकाहरूमा (१) नागोजी भट्टको, तिलक, अथवा रामाभिरामी व्याख्या, (२) गोविन्दको भूषण टीका, (३) शिव सहायको रामायण शिरोमणि व्याख्या, यी तीनै टीका गुजराती प्रिटिङ्ग प्रेस बम्बईबाट एक साथ छापिएको छ । (४) महेश्वर तीर्थको तत्वदीप, अथवा तीर्थव्याख्या (५) कन्दाल रामानुजको रामानुजी व्याख्या, यी दुई टीका वेङ्कटेश्वर प्रेस बम्बईबाट छापिएको छ । (६) वरदराजको विवेक तिलक (७) त्र्यम्बकराज मरवानीको धर्माकूतव्याख्या, खण्ड खण्डरूपमा मद्रास र श्रीरङ्गमबाट छापिएको छ । (८) रामानन्दतीर्थको रामायण-कूट व्याख्या (९) चतुरर्थदीपिका, (१०) रामायण विरोधपरिहार, (११) रामायण सेतु, (१२) तात्पर्यतरणि, (१३) शृङ्गार सुधाकर, (१४) रामायणसप्तविम्ब, (१५) मनोरमा आदि लेखकका नाम नभएको टीकाहरू छन् । रिडिङ्ग इन रामायणको अनुसार पनि १ अहोबलको वाल्मीकि हृदय अर्थात् तनिश्लोकी व्याख्या, उनैको शिष्यको विरोध भञ्जिनी टीका, माधवाचार्यको रामायणतात्पर्य निर्णय व्याख्या, अप्पयदीक्षित कृत व्याख्या, प्रबाल मुकुन्दसूरिको रामायणभूषण व्याख्या, रामभद्राश्रमको सुबोधिनी टीका, प्रसिद्ध छन् । ती देखि बाहेक डा० एम० कृष्णमाचारीको 'हिष्ट्री ओफ क्लासिकल संस्कृत लिटरेचर' मा पनि लेखकहरूको नाम रहित अनेक टीका हरूको उल्लेख छ । जस्तै अमृतकतक, रामायणसार दीपिका, गुरुबाल-चित्तरञ्जिनी, विद्वन्मनोरञ्जिनी, रामायणसारसङ्ग्रह, विषयपदार्थव्याख्या,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कल्पवल्लिका, रामायणार्थप्रकाशिका, रामायणकथा विमर्श, आदि टीका छन् । अरू पनि 'मञ्चविलास' प्रतिमा सङ्गृहीत छन् । विस्तारको डरले छोडिदैछ । यस रीतिले हेर्दा स्वयं मूल ग्रन्थ २४ हजार श्लोकको छ । अनि यी सबै टीका जोडदा कत्रो होला ? व्यर्थको गिदी लुछेंर राल सिंगान पुछ्नेहरूले मूललाई मात्रै पनि हेरेका छन् कि छैनन् ? मलाई पूर्ण विश्वास कि आधुनिक पत्र-पत्रिकाहरूमा दिएका आलोचना कुनै हालतमा पनि मूल ग्रन्थलाई हेरेर वा बुझेर दिएको हुँदैन । धेरै जस्तो राल सिंगान पुछ्ने या त्यसको ढाड, पुच्छर गन्नेहरूले जुन वस्तुलाई कोट्याउँन जांदैछन् । त्यस्को जरो या नाली वेली पैलाएको देखेको छैन । खाली अन्धकल्चो नकल मात्रै गरेको देखिन्छ । तेही स्थिति वेद, पुराण, रामायण, महाभारतादि कतिपय वैदिक साहित्यको पनि गरेको देखिन्छ । सबै त होइन । तर कतिपय बाहुन हरूले नै अब प्राचीन हिन्दू साहित्यको घरेडी भत्काउन थालेका छन् । कतिपयले आगो लगाएको देखिदैछ । यिनैले कही वर्ष पहिले यिनै वेद, पुराण, रामायण, महाभारत, र कर्मकाण्ड, सत्य-नारायण को कथा गरेर यजमानहरूबाट जीविका चलाउँथे । अब उनीहरूलाई नै हरेस् लाग्यो कि, अब हाम्रो यजमानीको दिन अस्तायो । त्यसो भएको हुनाले, यी वेदादि रामायणहरूबाट केही न केही दोष निकालेर जनतामा भ्रम फैलाउनु पर्छ भन्ने निश्चय गररे नेपालको पत्र-पत्रिकादिमा नभएका र नचाहिंदा, अप्रासङ्गिक, भारतीय पत्र-पत्रिका सरिता, आदिको नकल उतारेर नेपालको साधारण जनतालाई झुक्याएको वा भुल्याएको मात्र देखिन्छ ! लाज मर्नु कुरा त यो छ कि सरिता र रूपरेखा आदिका लेखक, प्रकासक, सम्पादक आदि बाहुनै छन् । हिन्दू नै छन् । फेरि आफ्नो घरमा आफ्नै हातले किन आगो लगाइदैछ ? मलाई एउटा उर्दूको सेर (कविता) याद आयो ।

दिलके फफोले जल उठे सीनेकी दागसे ।
इस घरको आग लगी घरके ही चिराग से ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तुतः मैले खान नपाए। तैंले पनि खान पाउँदैनस् भन्ने धारणा सारैनै घातक छ। राष्ट्र समाज, संस्कृति, इतिहास सवै माथि यो धारणाले घात पारेको हुन्छ। घांइते पारेको हुन्छ। आधापिल्ठो पारेको हुन्छ। मरुँ कि बांचु पारेको हुन्छ। नमरेर देखाउँन सक्छ। न त बांचेर गर्नु सक्छ। केही कामको पनि हुँदैन। जसले गर्दा आज सवै समाज सङ्गठित, दरीलो, बलियो, भर पर्दो भएर विश्व मञ्चमा उभिएको देखिन्छ। तर हिन्दु समाज असङ्गठित लुते, ल्याङ्ग्रे व्याङ्ग्रे शक्ति हीन किन छ? यसको उत्तर यही हो। धारणा गलत छ। सिद्धान्त हीन छ। त्यसो हुँदा सङ्गठन भएन। कुनैले पनि आफ्नो कर्तव्य निभाउँदैन। चिल्फे, खोष्टे र बोर्के कुराको घडेरीबाट महल वन्द छ। यति मात्रै होइन। भविष्य र वर्तमान दुवै, कुनै हालतमा पनि राम्रो हुँदैन। यस्ता धारणाले पहिले आफैं रुन्छ। आफैं पोलिन्छ। आफैं झुस्लिन्छ। फेरि अर्कालाई डाहा गर्छ। आफूले गर्न न सके, अरू गर्नेहरू माथि डाहा गरेर रिस पोख छ। अनि 'एक लाख पुत सवा लाख नाती रावणको घरमा दिया न वाती, हुन्छ। रावणको यही हालत भएको थियो। नगए बावु बाजे, पूज्य ऋषि थिए रावण चाहिं किन राक्षस कहलाए? नेपाल एक मात्र हिन्दू राष्ट्र हो। यस देशको सर्वाङ्गीण उन्नति आफ्नो हिन्दूत्वको रक्षा गर्ने, उसको आफ्नै पैतृक सम्पत्ति समस्त हिन्दू वाङ्मय छ। त्यसैबाट उ हिन्दू र हिंन्दूत्व अनि हिन्दू संस्कृतिको स्वरूपमा जन्म देखि लिएर अन्त्येष्टि क्रिया सम्म गरिन्छ। त्यस राष्ट्रको गरिमा उसको आफ्नो वाङ्मय हो। त्यस्मा कुनै अज्ञानी वा अबूझहरूले, नजानी, नवुझी आक्षेप गरे भने, त्यसको उद्धार गर्नु देशवासीको परम कर्तव्य हुन जान्छ।

त्यसो हुँदा वयोवृद्ध पं० छविलाल पोखेलजीले यस प्रसङ्गमा आफ्नो कर्तव्यलाई पूर्णरूपले निभाउँनु भएको छ। 'आधुनिक दृष्टिमा वाल्मीकि-रामायण ग्रन्थ लेखेर आफ्नो आमाको कोखलाई सार्थक पनि पार्नु भयो। मैले त पण्डितजीलाई मनोरमा, भाष्य, शेखर आदि मात्रै पढनु पढाउँनु हुन्छ होला भनेको थिएँ। आधुनिक पत्र पत्रिकाहरूको यत्रो विघ्न अध्ययनशील

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनु हुन्छ होला जस्तो लागेको थिएन । तर यो पुस्तकलाई हेर्दा, मलाई यो निश्चय भयो कि, यी आधुनिक उपन्यासेहरूले के पढ्दा रहेछन् र ? कठिन भन्दा कठिन ग्रन्थहरू देखि लिएर भारत नेपाल आदिमा छापिएका संस्कृत, हिन्दी, नेपाली पत्रपत्रिकाहरूलाई खग्रास पार्ने बूढा मान्छिको यस उमेरको परिश्रम सारै प्रशंसनीय छ । प्रस्तुत पुस्तकमा सरिता, मुक्ता धर्मयुग, दिनमान, र रूपरेखा समीक्षा आदि पत्रिकाहरूमा लेखिएका भ्रमात्मक कुराको युक्ति युक्त उत्तर दिनु भएको छ । अमर, अद्भुत, भुशुण्डी, आदि रामायणहरूको केलाई गर्दै आधुनिक दृष्टिमा राम र रावणको चरित्र चित्रण सुहाउँदिलो भएको छ । धार्मिक, परिवारिक तथा पुर्ख्यौली पक्षमा रामको मर्यादा पुरुपोत्तमको अति गहकीलो र सुकिलो मोहडा देखाईदिनु भएको छ । विश्वमानव परिवारवादी राम वस्तुत वाल्मीकिको आदर्श राम हो । भाई भाई भएता पनि रावण र विभीषणको नैतिक तुलना बुद्धि जीवीहरूको लागि उपयुक्त कुरा छ । यी वानर भालु को थिए ? यसको सम्बन्धमा १९७५ मा देशिकसुधामा मैले 'वाल्मीकि के हनुमान्' भन्ने शीर्षक दिएको थिए । त्यसमा म सारै नै एकलिएको थिएँ । हतासे बतसाले भएर वेग्लिएको थिएँ । तर बुढा मान्छेको जतोसंग मतो मिल्यो । निश्चित नै यी वादर, भालु मकई चोर, काँक्रा चोर, आजको बाँदर भालु थिएनन् । यी क्षत्रिय वीर मानव थिए । राम, सुग्रीव, आदिको राज्याभिषेकवाट लेखकले प्राचीन नव्यमा उपयुक्त सुझावराख्नु भएको छ । जन्मे पछि मर्छ । मरे पछि अन्त्येष्टि क्रिया हुन्छ । यसवाट पनि लेखकले आफ्नो विद्वत्ता झल्काउँनु भएको छ । सती जाने प्रथा या विधान खुलस्त भन्ने हो भने स्वार्थीहरूले पछि थपेको हो । वस्तुतः यो मूल ग्रन्थको विषय वस्तु होइन । यस्ता झिक थप धेरै भएका छन् । यस रीतिले वर्तमान युगमा "मूलन्नास्ति कुतः शाखा" खाले रिसर्चको पुच्छर झुण्डाउँनेहरूले रावणको लङ्का कहाँ थियो ?, आदि लेख लेखे र आफ्नो यश र तनखा त कमाए । तर जनतामा भने भ्रम मात्रै फैलियो । यसको सम्बन्धमा डा० संकालिया र वी० सी० सरकार आदि यस विषयका भ्रमात्मक प्रचारक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन् । हामीले १९७६ को अर्धकुम्भमा करपात्रजीको सभा मण्डपमा पुरी जगद्गुरु शङ्कराचार्यको मध्यस्थमा डा० संकालियालाई आमन्त्रण गर्‍यौं। तर डरछेरुवा हुनाले आएन । यहाँ यो भन्नु छ कि लेखकले यी सबैका छोटकरीमा मुन्धुम पुर्‍याएको छ र बीजुलीको तार हाम्रो घर भित्र पस्यो भने छुइन्छ । त्यस्तो हुँदा हामी अंधेरैमा बस्छौं भन्ने अति परम्परावादी-हरूलाई पनि राम्रो शिक्षा दिनु भएको छ । पाताल र शेषनाग भन्ने शीर्षकमा शेषनागको अर्थ सवैले सम्झनु पर्ने गरी लेख्नु भएको छ । हाम्रो टपरे पण्डित हरूलाई सोद्दा आउँदैन । अनि नाक कान चेपारेर हिंडछन् यस प्रकारले, अति परम्परावादीको आँखा उघार्नु । सुधारवादीलाई सहयोग पुर्‍याउँनु । अन्ध विश्वास हटाउँने निहुँबाट सिद्धान्त विरुद्ध पत्र पत्रिकाहरूबाट पाठकवर्गलाई सावधान गर्नु । अनि युवकहरूको उत्तम चरित्र निर्माण गरेर कर्मठ हुनुमा प्रेरणा दिनु, यस ग्रन्थको मुख्य प्रयोजन हो । अन्त्यमा ७८ वर्षीय वयोवृद्ध पण्डितज्यू सनातन हिन्दू--आर्यधर्म संरक्षणको लागि शेष जीवन राष्ट्र सेवा र साहित्य सेवामा हुनु हुन्छ । यसको लागि मसंग यस्तो कुनै शब्द छैन । जुन शब्दले धन्यवाद टक्रयाउन सकूँ । जुन शब्द उठाए पनि सानै हुन्छ । त्यसो हुँदा धन्य नेपाल जननी, धन्य हिन्दू राष्ट्र, यति मात्रै मसंग शब्द छ ।

डॉ० स्वामी प्रपन्नाचार्य
काशी हिन्दू विश्वविद्यालय
वाराणसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मति

श्रद्धेय विद्वान् पं० छविलाल पोखेलले लेख्नुभएको 'पहिलो साहित्य रामायण र आधुनिक युग' अवलोकन गरियो ।

रामायण महाकाव्य संस्कृतमा महर्षि वाल्मीकिले लेखेको हो र यो आदिकाव्यको रूपमा प्रसिद्ध छ । रामायणमा आएको कथा विश्व-साहित्यकै एउटा नमूना हो । यति मात्र नभएर यस कथामा उत्रिएको आदर्शमय जीवन र त्यहाँ भएको मानवीय सुख दुःख एवं उत्कर्ष र अपकर्षका प्रसङ्गले जुनसुकै पाठकलाई पनि गहिरो असर नपारि रहंदैन । वाल्मीकिको यस कृतिबाट यसरी प्रभावित हुन आएको परवर्त्ती साहित्य जगत्मा रामकथा सहस्रौं शाखा-प्रशाखामा प्रवहमाण भै आएको छ । यो विश्व साहित्यैमा भ्रमण गर्न पुगिराखेको छ र यी परवर्त्ती स्रष्टा कवि-कथाकारहरूले यसमा यथेष्ट स्वातन्त्र्य अपनाएका छन् । यसै उसले रामायणमा विविधता देखिन गएको छ ।

हिन्दुहरूको वेदहरू पछि दोस्रो वेद कहलाएको (वेदवेद्ये परे पुंसि जाते दशरथात्मजे, वेदः प्राचेतसादासीत्साक्षाद्रामायणात्मना) यसै रामायणको विविधता बारेमा अनि यस भित्रका विभिन्न पक्षमा साथै आजभोलि चर्चामा आएका बाह्य पक्षमा-जस्तै रामायण पहिले कि महाभारत पहिले आदि समेतमा विस्तृत अध्ययन यस ग्रन्थमा प्रस्तुत हुन आएको छ । विद्वान् लेखकले यसमा साथै यस प्रसङ्गलाई छुने सन्दर्भ-प्रसङ्गमा समेत दृष्टि दिंदै आफ्नो आशय स्पष्ट गर्नु भएको छ । ज्यादै अनुसन्धानपूर्ण यस कृतिले यस दिशामा थोरै पनि चासो राख्ने पाठकहरूलाई स्वादिलो सन्तुष्टि दिनेछ । शुभम् ।

टीका प्रसाद शर्मा

देवशयनी ११, २०३९

विद्या-पीठ प्रमुख

पिण्डेश्वर विद्यापीठ

धरान-१४

कोशी अञ्चल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुई शब्द

ख्याति प्राप्त धुरन्धर विद्वान् एवं गान्धीवादी चिन्तक पण्डित श्री छविलाल पोखेलज्यूले लेखेको रामायणका सम्बन्धमा प्रस्तुत आलोचनात्मक पुस्तक नेपाली साहित्यका लागि ज्यादै मूल्यवान् हुन गएको छ। आज विश्वमा विभिन्न धर्म, वाद र सम्प्रदायको दिन प्रति दिनको वैचारिक द्वन्द र रोजै जसो एउटा भगवान्को प्रादुर्भावले हिन्दू धर्म र यसका धार्मिक ग्रन्थ रामायण, महाभारत तथा वेदका सम्बन्धमा नाना किसिमका भ्रामक कुराहरू जोडेर हाम्रा धार्मिक कृतिको उपहास उडाउँन थालिएको पाइन्छ र यस्तो उपहास उडाउँनमा इसाई धर्म र मुस्लिम धर्मको तर्फबाट निःशुल्क पुस्तकको वितरण गरी खुलेआम हिन्दू धार्मिक कृति माथि वैचारिक आक्रमण गरिरहेछन् भने केही विद्वान्ले पनि आफ्नो स्वार्थ पूर्तिको लागि धार्मिक अन्धविश्वास हटाउँने निहुँमा हिन्दू धर्म र धम ग्रन्थ माथि आफ्नो संकुचित विचार राखी भ्रम पैदा गराई रहेका छन्। यस्ता भ्रामक प्रचार गर्नेमा भारतको सरिता पाक्षिक र नेपालमा समीक्षाका संपादक मदनमणि दीक्षित देखिनु हुन्छ। मदनमणिज्यूले रामलाई भन्दा रावणलाई श्रेष्ठ मानेका छन्। तर हाल मिश्रका राष्ट्रपति सादातको हत्या पछि एक पाठकले समीक्षामा प्रश्न गरी सादात मर्दा लिबियाको राष्ट्रपति कर्नेल गद्दाफीले किन खुशी मनाए, भन्दा उनले गद्दाफीलाई रावण मर्दा राम खुशी भए झैं सादात मर्दा रामरूपी गद्दाफी खुशी भएको कुराको जवाफ दिएको देख्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रावणलाई मान्ने दीक्षितले कता कता रामको वर्चस्व स्वीकार गरेको छाइयो। शायद वहाँले आजको रावण गद्दाफीलाई पाठकका नजरमा राम सिद्ध गर्ने खोजेको होला ? यस्तै प्रकार आजकल भारतमा हरिजन-ब्राह्मणले शोषण गरे भनी कयौं हरिजनलाई झुक्याएर प्रलोभन समेत-बाट मुसलमान बनाइदैं छ, भने नेपालमा कयौं सोझा साझा किरात समेत, दाजुभाइलाई किरात त हिन्दू होइनन् भनी ईसाई बनाइदैं छ। यस प्रकारको धार्मिक वैचारिक आक्रमणको वेला रामायण बारे गरिएका विषवमनलाई प्रस्तुत पुस्तकमा विद्वान् गुरुले सूक्ष्म ढंगले विश्लेषण गरी पाठक समक्ष राखी दिएर ठुलो गुन लाउनु भएको छ। यस्तो प्रकारको धार्मिक सामाजिक पुस्तक प्रकाशित गर्ने गराउँने तर्फ पनि सरकारले सोच्ने वेला आएको छ जसबाट आज पैसाको भरमा धर्मलाई खरीद गर्ने ठेकेदारलाई प्रोत्साहन हुन नसकोस्। अन्त्यमा प्रस्तुत पुस्तक बारे दुई शब्द लेख्न पाएकोमा विद्वान्‌गुरुमा हार्दिक साधुवाद व्यक्त गर्नु आफ्नो कर्तव्य ठन्दछु। अस्तु।

२०३८/७/१३ जय नेपाल

चतरालाइन **गिरिराज आचार्य**

धरान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

आधुनिक दृष्टिमा वाल्मीकि रामायण

[लेखक : पण्डित छविलाल पोखेल]

कुनै काम पनि मानसिक प्रेरणाबाट नै गरिन्छ। धन कीर्ति र धर्म इत्यादिको इच्छाले नै धेरै जसो मानिस काम गर्दछन्। लेख्ने काम चाहिं देखा सिखि गर्दै धेरैले लेखे। म पनि केहि लेखौं न त, भनेर पनि कोर्न थाल्दछन्। कयौं लेखकहरू सुकीर्ति दुष्कीर्तिजे होस्, चित्त नबुझेका कुरा मानव समाजमा प्रकट गरेर सन्मार्ग सत्य कुरा प्रकट गर्दै असत्य र विकृतिहटाएर सुधार गर्न इच्छा गर्दछन्। तर मानवसमाजमा पहिले देखि अहिले सम्म पनि अधिकार पाएर दुरुपयोग गर्दै जनतामा त्राहि त्राहि मच्चाउँने धन पाएर दुरुपयोग गर्दै धनकै बलले अति गरीब वा लालची मनुष्य द्वारा संस्कृति सभ्यता र धर्म नै बदल्ने मारने आदि काम गर्दै छन्। खाद्यपदार्थमा कुकुरहरू ङार्र ङुर्र गर्दै लडदछन्, घाइते सम्म बन्दछन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मरो जादैनन् । तर मनुष्यहरू चाहिं धन, स्त्री, अधिकार र पद निम्ति पहिले देखि अहिले सम्म काटाकाट मारामार गरी रहेकै हुँदा कुकुरमा भन्दा वेसी दुर्गुण खल मनुष्यसमाजमा देखिन्छ । तर तेस्तो घातक ठूलो दुर्गुण मनैमा पस्न नदिने राम जस्ता सद्गुणी सच्चरित्र आदर्श महापुरुष पनि मनुष्यसमाजमानै पाइन्छन् । तेस्तो अति ठूलो मनोवल भएका महा-पुरुषका सच्चरित्रको 'प्रचारबाट अरूमा पनि प्रेरणा मिल्न सक्तछ । हुन ता तेस्ता सच्चरित्र ठूलो मनोबल भएका मानिस पृथ्वीमा अरू पनि भए होलान् । तर माल पाएर चालै पाएनन् होला । अथवा दुर्गुणी ताना साहले नसहेर जनता सम्म पुग्नै पाएनन् होला । अथवा सद्गुण दुर्गुण छुट्याउँन नसक्ने दुर्गुणी विद्वान्ले वाग्जाल द्वारा ढाक छोप गरेर जनता सम्म पुग्न दिएनन् होला । जस्तो ऐले पनि सच्चरित्रलाई दुश्चरित्रमा परिणत गरिदिने लेख देखिदैछन् रामचरित्र बारेमा पहिले देखि अहिले सम्म संस्कृत भाषामा र अरू अरू अनेक भाषामापनि लेखे, लेख्तै छन् । एस जन्मले मात्र होइन, अनेकौं जन्मले पनि लेखेर नसकिने अनेक आव-श्यक अरु विषय छदैछन्, ती तेस्ता नयाँ विषय छोडेर पुरानु एउटै विषयलाई नै पुरानो पीठो काम नपाएर पिंधेझैं किन गर्नु ? भन्ने शङ्का हुन्छ । तर मलाइ यो लेख्न प्रेरणा कताबाट मिल्यो ? भने शान्ति सुरभ जीको २२ सालको रूपरेखाको लेख, २३ साल अंक ६२ को गोविन्द भट्टजीको लेख, शान्ति सुरभजीको प्रस्तुत आदि बाट र सवै भन्दा ठूलो प्रेरणा ०३४ साल २०३ संख्याको रूपरेखाको श्रीमदनमणि दीक्षित ज्यूको "रामभन्दा सारै नै श्रेष्ठ उदात्त विद्वान् रावण, भन्ने लेखबाट मिलेको हो । ती तीनै वटा लेख भ्रामक लागे । उसै वेला एक आलोचनात्मक लेख लेखेर एक प्राध्यापक द्वारा रूपरेखाका संपादकज्यू कहाँ पठाएको थिएँ, फिर्ता भै आयो तर ०३८ फागुन २५० रूपरेखाको पृ. ४९ मा त्यो युग लेखेर वामदेव ऋषिले खान नपाई कुकुरको आन्द्रा पकाएको र निजकी स्वास्नीले अति दुख पाएको कथाका साथै ऋग्वेदका समयको यथार्थ केलाउँन खोज्दा केहि विद्वान्लाई चोट लागेको चित्त दुखेको कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री दीक्षितज्यूले लेख्नु भएको छ। तर ऋग्वेदमन्त्रहरूको अर्थ देखाए-कोले नै विद्वान्हरूलाई चोट लागेको र चित्त दुखेको होइन होला। किन्तु, ती मन्त्रहरू ई. पू. १२ औं शताब्दी तिरको भन्नु वर्ष ५।६ हजार अघिको सिन्धु सभ्यतालाई विशुद्ध[1] वैदिक सभ्यता वा भारतीय[2] सभ्यता हो तापनि द्रविड सभ्यता वा विदेशी सभ्यता भन्नु ऋग्वेदमा लेखेको देवा-सुर संग्राम भनेको आर्यद्र द्रविड युद्ध भन्नु, पुरूरवा उर्वशीको सवाम्दबाट उस वेलामा स्त्रीको अधिकार समान थियो, भन्न छोडेर मातृ सत्ता थियो भन्नु, आर्यहरूलाई वर्व र गोठाले र बाहिरबाट आएका भन्नु, र विशेष गरी ०३४ साल २०३ रूपरेखा मा "राम भन्दा सारै नै श्रेष्ठ उदात्त विद्वान् रावण" भन्नु इत्यादिबाट पढेको कुनै पाठकहरूको भ्रम हट्न सक्ला कि भन्ने उद्देश्यले र आधुनिक युगलाई उन्नतिको बाटामा अघि बढाउँने आदर्श बनाउँने हुँदा समेत केहि कोरिएको हो। वास्तवमा रामचन्द्रको उज्वल सच्चरित्रबाट चारित्रिक उज्यालो आउँदै रहेकोछ, तर लाटोके सेरोलाई सूर्यको उज्यालोले काम नदिए जस्तै कयौं मानिसमा अन्धकार रहन सक्तछ।

समय तर्फ हेरौं, वामदेवको मन्त्र ई. पू. १३ सय वर्ष लेख्नु भयो। मैक्समूलरले १३ सय वर्ष, राहुलजीले १५ सयवर्ष, भने। अर्थात् अचेल भन्दा ३२-३३-३५ वा ४० सय वर्ष पूर्व लेखे। प्रसिद्ध विद्वान् बाल कृष्ण समज्यूले ऋग्वेदलाई सवभन्दा पुरानु मान्दछन्, ऋग्वेद छ हजार

---

१. दैनिक आज सन् १९६६ दिसम्बर ९। सिन्धु घाटी का सभ्यता विशुद्ध है, जो आज से ५ हजार वर्ष पूर्व महाभारत काल तक विद्यमान थी।

२. हिन्दुस्तान की कहानी। ले. जवाहरलाल नेहरू। त्यहां एक रूखमा २ बटा चरा मध्ये यौटा चरो फल खादैछ, अर्को चरो न खाई बसेको छ। त्यो कुरा ऋग्वेद (१।१६४।२०) मन्त्रको हुदा वैदिक सभ्यता हो इत्यादि प्रमाण छन)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षको अनुमान हुन्छ, भन्नु भयो। (नियमित आकस्मिकता साझा प्रकाशन पृ. ८२ र पृ. ३७) ६।७ हजार वर्ष अधिको सिन्धुघाटीको सभ्यता भारतीय हो। ले. जवाहरलाल नेहरू हिन्दुस्तान की कहानी संक्षिप्त पृ. ५०। ५७) "आज से ३५ हजार वर्ष से भी पूर्व आर्यलोग सप्तसिन्धव में बसे हुए थे, ऋग्वेद में उस समयकी स्मृति है" (आर्यों के आदि देश ले. डा. संपूर्णानन्द पृ. २३६) युधिष्ठिर समय स्पष्ट ५१३७ वर्ष पुरानु सिद्धछ, (साप्ताहिक हिन्दुस्तान १९७५ ई. सन् १७ दिसम्बर पुरातात्त्विक निर्णय) सुदास आदि राजाको नाम छ, युधिष्ठिरको नाम ऋग्वेदमा नहुँदा त्यो भन्दा अति पुरानु ऋग्वेद ठहरिने हुदा उक्त विद्वान् हरूले पाश्चात्यको अनुसरण मात्र गरेको देखिन्छ। तेस्तै ऋग्वेदको देवासुर संग्राम भनेको सिन्धुघाटीमा ३०० वर्ष सम्म आर्यहरूको द्रविड हरूकासाथ भएका लडाइँहरू हुन् भन्ने कुरा दीक्षिज्यूले उक्त २०३ रूपरेखा लेखेकोमा पाश्चात्य हरूले हामीमा फुट दंगा आदिका निम्ति तयार गरिएका कल्पित र मिश्रित इतिहासको अनुसरण बाहेक केहि होइन। यसबाट पाश्चात्य इतिहास लेखकलाई दोष छैन, हतियार र फुटबाट जितेको भारतलाई सांस्कृतिक स्तरबाट जित्नु आवश्यक हुँदा गरेका हुन्। तर त्यसलाई सत्य मानेर कलम चलाउँने नेपाली र भारतीयको को सत्यान्वेषण नगरी लहै लहैमा लाग्नु दोष हो। वास्तवमा ऋग्वेदमा देवासुरसंग्रामको उल्लेख देखिदैन,। बरू "महद्देवानामसुर त्वमेकम् (ऋक् ३। ५१। २२) मन्त्रमा असुरत्वको ऐश्वर्य अर्थ गरेको छ। कुनै मन्त्रमा इन्द्रलाई पनि असुर भनेको छ) शम्वर आदिका साथ र दस्युहरूका साथका युद्ध छन्। तेसो भए ता पनि यजुर्वेदमा असुर[1] र रक्षस् हटाउने मन्त्र देखिकाले र ब्राह्मणभागबाट आफै भैयात आर्यहरू नै २ दल भएर लड्न लागे भन्ने उल्लेख "प्रजापतिका सन्तान

---

१. ये रूपाणि प्रति मुञ्चमाना असुराश्चरन्ति (यजु २।३०) अपहता असुरा रक्षांसि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देव र असुर हरू स्पर्धा गर्न लागे, (लड्नलागे) भन्ने कुरा देवाश्च वै असुराश्च उभये प्राजापत्याः पस्पर्धिरे" शतपथ ब्राह्मण (क्रा. १।२।३) मा र अन्त पनि हुनाले र जिन्दावेस्तामा १६ ठाउँ बसाइं सरेका र एक हप्तहिन्दु (काश्मीर पञ्जाब) मा वसी ईरान तर्फ गएको कुरा लेखिएको र अहुरमज्दा मान्ने र साथै हाम्रो देवता इन्द्र बाहेक अग्नि वरूण आदि सवै मान्नेका पुरूखा नै असुर थिए । हाम्रा पुरूखा देवपूजक थिए । ती दुवै थरी आर्य थिए । इरानमा इस्लामको प्रवल आक्रमणबाट आफ्नु धर्म र धर्मग्रन्थ बचाउँन ती फेरि भारत आए । तेसै हुँदा हामीले जिन्दा वेस्ता हेर्न पाउदैछौं तिनलाई अचेल फारसी भन्दछन् । द्रविडलाई असुर भन्ने कुनै प्रमाण छैन । पाश्चात्यको पछिलाग्नु मात्र हो । द्रविडहरू पनि सभ्य सज्जन आर्य नै हुँनु ।

राहुल सांस्कृत्यायनजीले पनि मध्यकालमा पलाएका वा आवश्यकठहराई ल्याएका र स्वार्थीतत्त्वले समेत बढाएका रूढि बुढी अन्धविश्वास हटाउँने निहुँबाट वेद समय ई० पूर्व १५०० आदि अनेक कुरा लेखेर हिन्दु संस्कृतिमा अश्रद्धा प्रकट गर्न प्रयत्न गरेकोछ । यसै पंक्तिमा रजनीशज्यू पनि छन् र रामको नैतिकतालाई दोषेका छन् ।

झन् सरिता पत्रिकाले ता वेद रामायण, दर्शनशास्त्र, महाभारत, पुराण, र स्मृतिहरूमा रहेका विश्व मानव परिवारवादी, अभेद दृष्टि समानता, सह अस्तित्व, सर्वात्मभावना, विश्वबन्धुत्व इत्यादि उज्वलपक्षलाई चटक्क छोडी मध्यकालमा विदेशको नकल गर्दा वा स्वार्थी तत्त्व सामन्तवाद, अन्धसंप्रदायवाद क्रूरशासन आदि आई, पर्दा ल्याएका व्यवहारलाई वा लिखित कुरालाई जस्तो छ तेस्तै मात्र होइन, तोड मरोड विकृत समेत गराई, थपथाप पारी सवै विषयमा पार नभएका र सरिता वा मुक्ताका लेखकहरूको वास्तविक स्वरूप नवुझ्ने पाठकहरूलाई हिन्दु धर्मको विरोध विद्रोही बनाउँदै वैचारिक पक्ष बाट र आर्थिक पक्ष आदिबाट हिन्दुहरूको शिक्षा विचार धनबाट कम्जोर रहेका वर्गमा प्रहार गर्दै रहेका ईसाईमिशन वा इस्लाम मिशनको बञ्चरोमा विंड़ बनेर प्रहार गरिरहेका छन् "मृगाहेव मृगाकृतिः" मृगका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बथानमा मृग जस्तै भै वस्ने सिकारी वा वाद्य बनेका छन् । त्यो मृगको बथान कति दिन रहला ? तेस्तै उक्त विद्वान्हरू देखिन्छन् र हिन्दुसमाज भित्र पसेर सिकार खेल्ने मिशनलाई अप्रत्यक्ष रूपले सहयोग गर्दैछन् । जस्तै-सरिता ८० दिसम्वर प्रथम पृ० १८० संपादकीयमा "रामचन्द्र ने तो शूद्र शम्बूको की निर्मम हत्या ही इसीलिए की कि वह पढने लिखनेका प्रयत्न करता था" वास्तवमा यो कथा तोड मरोड र विकृत गराई लेखेको स्पष्ट छ । किनकि रामयणमा 'दर्दश राघवः श्रीमान् लम्बमानमधोमुखम् (वा. रा. उ. का. सर्ग ७६।१४) उँधोमन्टो भै झुण्डिएको रामले देख्नु भै मार्नु भयो, भनेको छ । तर वाल्मीकि रामायणका पूर्वापर कथाका साथ मेल नहुदा उत्तरकाण्डका यो कथा र अरू अनेक कथा वा श्लोक पनि पछि पछि थपिएका प्रक्षिप्त हुन् भन्ने कुरा मूलैमा लेखिने छ । इनै वामपक्षी विद्वान्हरूले रामचन्द्रको समयमा लिपि र लेख्ने चलन थिएन पनि लेखेका छन् तर शूद्र शम्बूकले लेख्ने पढ्ने गरेकोमा मारेको हो, भन्ने असत्य कुरा पनि लेख्तै छन् । सन् ८१ सितम्वर प्रथम पृ० २२ मा स्त्रो वेश्या तव वनी जव विवाहकी प्रथा वनी, यदि कोई भी स्त्री पत्नी नहीं है तो किसीके वेश्या होने का प्रश्न ही नहीं उठता" । सन् ८० जुन द्वितीय पृ० १९ मा प्राचीन भारतोय सभ्यता स्त्री हरिजन कर्मण्यता विरोधी हैं" मध्यकालको व्यवहार भनेको भए ता सह्य नै थियो । संपादकीयमा हरिजनहरू आत्म सम्मान-कालागि (८१ अक्टूबर प्रथम पृ० ३४ सरिता) मुस्लिम र ईसाई बनेका हुन् इत्यादि लेखे र मुस्लिम बन्नेलाई स्याबासी दिदैछन् । संपादक तेस्ता भए पछि तेसमा लेख्ने कस्ता हुनन् ? सुरेन्द्रकुमार शर्माले गोमांसभक्षण र गीता वेदमा मन गडन्तदोष दिई लेखेका छन् । महान् सुधारक दयानन्द सरस्वतीजीले व्याकरण निरूक्त आदिको सहयोगबाट अर्थ गर्नु भएको छ । जसमा हिंसा परक र अश्लील परक मन्त्रै छैनन् । श्रौत सूत्र आदिले पनि अनेक कुरा बढाएका छन् भन्नु भयो ।

वामदेवऋषिले खाद्य नभेट्ता र स्वास्नीले पनि दुख पाएको देखेर कुकुरको आन्द्रा पकाए । दयानन्दसरस्वतीले ता वाम मार्गी का प्रभावबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तो मन्त्रहरूको मांस परक र अश्लील परक अर्थ गरेको हो भन्नु भएको छ। उसै बेलाको दृष्टिले पनि धेरै फरक हुन सक्छ। गाइलाई अघ्न्या मार्न नहुने यजुर्वेदको प्रथम मन्त्र र अन्यत्र पनि लेखिएको छ। जस्तो ऐले मासु खाने नखाने मानिस छन्। उस्तै उस वेलामा पनि थिए हुनन्। दूध, आदि स्वास्थ्यवर्धक जीवनीय पदार्थ दिने गाई आदि वस्तुको संरक्षणको प्रयत्न भारत नेपालमा सफल भयो, उत्तम कुरा हो। सरितालाई कपाल दुखेको देखिन्छ। जस्तो ऐले पनि द्वितीय विश्व युद्धमा कयौं दिन खान नपाउँदा मान्छे पनि खाएको कुरा पत्रिकाहरूमा देखियो। अथवा कयौं समूह न्युगिनी आदिमा अझै अपरिचित मनुष्य खाने छदैछन्। अथवा १९७२ अक्टूबर १३ मा उडेको विमानले ४५ मानिस लिएर गएकोमा हिउँको पर्वतमा ठोकिएर झर्‍यो। १६ जनामात्र बांचे। २१ दिन सम्म साथको सामग्री-द्वारा हिउँ पगाली पानी मात्र पिए। तेस पछि बाँच्नलाई ई मरेका मानिसको मासु खानु पर्छ भन्ने सल्लाह गरेर खान थाले। एक मानिसले एस्तो अमानवीय काम गर्दिन बरू मर्दछु भन्यो। बेहोस भएका वेला मासु कोचेर बचाउँन खोजे तर उगेलिदियो र मर्‍यो १९८१ मानिस बाँचे, ७० दिन मा मात्र खोज्दा ती १५ मानिस भेटिएर आफ्नु स्थानमा पुर्‍याइए (सन् १९७८ जुलाई कादम्विनी। शीर्षक नरभक्षी) एस्ता आपत्कालका कुरा लेखी साध्य छैन। आपत्कालमा पनि आफ्नु सिद्धान्तमा अटल रहने मानिस पनि सर्वत्र पाइन्छन्। वामदेवको कथा आपत्कालको देखिन्छ।

सरिता संपादकको दावीको छ ? भने ' हमारा निवेदन है कि हम हिन्दु समाज के एक अभिन्न अंग हैं, अनुहारले मात्र अभिन्न अंग जस्ता देखिन्छन्, मुक्ता र सरिता लेखले चाहि 'मृगहवे मृगाकृति' जस्ता देखिन्छन्। सरिताले हिन्दु युवकलाई हिन्दु धर्मको विद्रोही गराउँदै छन्, मात्र होइन, पति पत्नीमा फुट बढाउँने लेख पनि सरितामा देखिन्छन्। जस्तै–पतिको कैसे परेशान किया जाय "भन्ने शीर्षकमा पत्नीले पतिको निम्ति अति आवश्यक काम परेका अवसरमा पेट दुख्ने भनेर सुत्नू, इत्यादि प्रकारका धेरै दफा देखेर आश्चर्य लाग्यो। सरिता मुक्ताले मद्यपानको विरोध गरेको कदम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनकल्याणकारी छ। संपादकको "इन ग्रन्थों के गलत विचारों, मान्यताओ को समाप्त करना ही होगा, भन्ने वाक्य र हिन्दुसमाज द्वारा समय के अनुसार अपने आपको ढालने की बडी आवश्यकता है, वह अपने शाश्वत सनातन विचारों को नई शक्ति दे सकता है "भन्ने वाक्य मात्र हिन्दू-जीवनको अनुकूल देखिन्छन्। तर अरू लेख हिन्दुत्व विरोधी हुँदा निरर्थक र मिसनको सहयोगी छन्। सरिताको मुख्य हथियार २ हजार वर्ष सम्म गुलाम रह्यो, भन्ने कुरा नै भन्दै रहनु। वास्तवमा ता पृथिवी भरमा नै परम्परा-वादी नै धेरै हुन्छन्, र सुधारवादीको विरोध गर्दै रहन्छन् (जस्तै परि-वार नियोजन बारेमा वैदिक सिद्धान्त र तदनुसार मनु स्मृति आदिको श्रद्धा पूर्वक अध्ययन गर्ने सुधारवादी हामीलाई आश्चर्य छैन ? किन की— "बहुप्रजा निकृतियान्निवेश" (ऋक्. १।१६४।३२ धेरै प्रजा (सन्तान) हुने दुख पाउँछ, भन्ने कुरा वेदले भनेको र मनुले पनि धर्मचाप्यसुखोदर्क लोक विक्रु ष्टमेव च (मनु. ४।१३५) धार्मिक मानेको व्यवहार पनि हानिकारक र विद्ववर्गले निन्दा गरेको छ, भने त्यागी दिनू" भनेको छ। तर प्रजातन्त्रवादीमा अग्रगण्य अमेरिकामा ५० वर्ष अघिमात्र अर्थात् १९१६ को अक्टूवर १६ मा मार्गरेट सेंगरले स्त्रीवर्गलाई बेसी सन्तानं पैदा गर्ने कष्ट बाट मुक्त पार्ने उद्देश्यले वर्थकंट्रोल क्लिनिक खोलेकोमा ९ दिनमात्र चलेर सर्कारी तहवाटै भावी सन्तान नष्ट गर्ने, जाति द्रोही इत्यादि दोषलाई कैद गरे। उनले आफ्नु काम छोडिनन्, बरू ८ पल्ट जेल बस्न कबोल गरिन्। तर ऐले सर्वत्र परिवारनियोजनले मान्यता पाएको छ। तेसो हुँदा परम्परावाद, सुधारवाद साथसाथै चले, चल्दै छन् र चली रहने छन् र सुधारैले जितेको छ। तर अति परम्परावाद र अति सुधारवादले अति हानि गरेको देखिन्छ। सरिताको लेखबाट अति-सुधारवाद प्रकट हुँदै छ ? किनकि सरिताले वेद रामायण, महा-भारत, गीता, मनुस्मृस्ति आदिकों अस्वाभाविक निन्दा गरेकों छ। स्मृतिहरूलाई दोष दिएकोछ, कुनै महापुरुषको सचरित्रलाई विकृत नगरेको छैन। सरिता मुक्ताको संपादकले अन्त्यमा "हिन्दू समाजके नवजागरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नव निर्माण के प्रयास में हमारा हाथ बँटाएगें" भनेको देखे र आश्चर्य लाग्यो। हिन्दूसमाजको नव निर्माण भनेको ईसाई निर्माण हो कि केही? किन कि उनका र उनका कतिपय लेखकका दृष्टिमा माथी लेखिएका मा अरू पनि कुनै हिन्दू वा आर्यग्रन्थ मान्य र निर्दोष छैनन्। भारतमा शिल्प थिएन। प्रारम्भ विदेशीले गरेकाहुन। त्वष्टाको युद्ध बाट शिल्पीको दुर्दशा देखाउँछ। यो सब तिललाई राई गराएको मात्र हो। वास्तवमा ता मध्यकालमा आवश्यक मानी ल्याइएका वा ऐजेरूजस्तै भै पलाएका सतीप्रथा मनुष्य जातैको अस्पृश्यता आदि असंख्य कुप्रथाहरू को विरोध नेपाल भारतका सुधारक विद्वान्हरूले अनेक पत्रपत्रिका द्वारा र संगठन द्वारा पनि गरीरहेकै छन्। नेपालमा हेरिने हिन्दी पत्रिका नवनीत कादम्बिनी, धर्मयुग दिनमान साप्ताहिक हिन्दुस्तान, मनोहर कहानियाँ र नूतन कहानियाँ आदि छन्। जुनले पुराना ग्रन्थमा उसबेला अतिमान्यता-पायी लागू गरिए पनि अचेलको हिन्दु समाजको नवजागरण नवनिर्माणमा बाधा पार्ने असङ्गत र अवैज्ञानिक मान्यता समाप्त गर्न प्रेरणा दिईरहेका छन् समाप्त हुदै पनि छन्। तेसो हुदा हाम्रा सद्ग्रन्थहरूमा र हाम्रा आदर्श महपुरुषहरूमा श्रद्धा राख्तै तिनबाट सत्प्रेरणा लिनु उत्तम कुरा हो। उनमा अचेलका निम्ति अनावश्यक वा हानिकारक कुरा देखिन्छन् भने ती ऐतिहासिक सामग्री रहन्छन्। व्यर्थ छैनन्, तर व्यवहारमा ल्याइदैनन्। उसबेला धनुर्वाणले युद्ध गर्थे भने अचेल अरू नै उत्तम शस्त्र हुदाहुदै पुराना ती शस्त्र चलाइदैनन् किन्तु पुरातात्विक संग्रहालयमा राखिन्छन्। तेसैले तैत्तिरीयोपनिषद्को एकादश अनुवाकमा छात्रहरूलाई उपदेश गरिन्छ कि "यान्यस्माकं सुचरितानि तानि त्वया सेवितव्यानि नो इतराणि" अथात् हाम्रा जति उत्तम व्यवहार छन्, ती गर्नु, अरू व्यहार न गर्नु" भनेको छ।

तेसो हुँदा वाल्मीकि रामायणको आधारमा रामचन्द्रको विश्व मानव परिवारवादी जनकल्याणकारी र साथै दुष्ट दुर्जन र शत्रुपक्षका दुष्टता शत्रुता गर्ने शूरता वीरता साहस मानवीय उदार र अनुपम चरित्र प्रकट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दै अरु रामायणका कुराहरूको केहि संक्षेपमा आलोचना गर्दै लेखिएको छ । यसमा भक्तिमार्ग प्रधान भएका विषय बारेमा विशेष चर्चा गरिएन । किन ? भने—एक परमेश्वरलाई अनेक प्रकारबाट विद्वान्हरू वताउछँन्, भन्ने कुरा "एकं सदिप्रा बहुधा वदन्ति" (ऋक्० २।३।२२) ले भनेको र पछि रुचि आदिको भेद लें अनेक पन्थ वन्ने भन्ने कुरा" रूचीनां वैचित्र्यादृजुकुटिल नाना पथजुषां नृणामेको गम्यस्त्वमसि पयसामर्ण इव" ले भनेको छ, र पृथिवीभरका अनेक भाषावाट अनेक नामले ईश्वर भजन भएको देखिएकोले समेत शिव, विष्णु, देवी, राम, कृष्ण र वुद्ध आदि नामले चलेको भक्तिमार्गको हृदयँ देखि समर्थन गरिन्छ । यो वेदैको धर्मसमन्वयवादी दृष्टि हो । तेसैले धन्कुटाको पश्चिम वाक्लो गरी राई जात बसेको छिन्ताङ गाउँ छ । त्यहाँ सानु जङ्गलबाट पलाएको पानी-को मूल छ । त्यहीं पूजहारी राईले नित्य पुजा गर्थे, र गर्दै पनि छन् हामी ब्राह्मण क्षत्रिय नेवार मगर गुरुङ आदि सवै नेपाली हरूले छिन्ताङ, देवी नाम बाट धेरै दिन हिडेर धाएर पनि पूजा र सप्तशती स्तोत्र आदिको पाठ समेत गर्दै छौं । राई जातको र हाम्रो देवता एउटै भए यसैवाट पनि हामी एउटै हिन्दू धर्मीहौं भन्ने भावना देखिन्छ ।

हाम्रो संस्कृति र अरु समस्त सद्व्यवहारको मूल स्रोत ठहरेको वेदलाई मुख्य प्रमाण मानी रामायण वारेको यो सानु आलोचनात्मक निबन्ध तैयार गरेको छु । "सर्वारम्भा हि दोषेण धूमेनाग्निरिवा वृताः" (गीता, १८।४८) ले भने अनुसार त्रुटि हुन संभवै छ । त्रुटिको उपेक्षा गर्दै सार कुरा लिनु हुन पाठक वर्गमा अनुरोध गर्द छु ।

प्रस्तुत सन्दर्भलाई लिएर विद्वत्तापूर्व प्राक्थन लेखिदिने डा० स्वामी प्रपन्नाचार्यज्यू प्रति सधन्यवाद आभार निवेदन गर्छु ।

दुई शब्द लेखिएबापत पिण्डेश्वर केम्पस प्रमुख श्री टीकाप्रसाद जी र श्री गिरिराज आचार्य जी धन्यवादार्ह हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो कृति साफ गर्न पं० नारायणदत्त पौडेलज्यूले सहयोग गर्नु भएकोमा कृतज्ञता प्रकट गर्दछु ।

कुमार पराजुली पिण्डेश्वरकै स्नातक छात्रले यो तैयार पनि ठूलो सहयोग गरेको छ ।

साहित्यचार्य सनत्कुमार वस्तिले पनि यो साफ गर्न ठूलो सहयोग गरेकोले उहाँहरूलाई धन्यवाद दिन्छु ।

श्री श्रीनिवास कट्टेल (स्नातक परीक्षोत्तीर्ण) बाट पनि साफ गर्न सहयोग गरेकोले हार्दिक धन्यवाद दिन्छु ।

०३८।१०।२

छविलाल पोखेल
धरान १२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(पूज्य बुवालाई यो मेरो तुच्छ सेवा समर्पित छ ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आधुनिक दृष्टिमा वाल्मीकि रामायण

जनताका हितको निम्ति रचेका गद्य वा पद्य नै साहित्य हुन्। अथवा रस अलङ्कार आदि अनेक गुणले सहित भएको लेख नै साहित्य हो। त्यसैले कीर्ति, धन, व्यवहारमा कुशलता, दुर्गुण दुर्व्यसन हटाउँनु, रोचक हुँदा पाठक वर्गलाई आनन्दित गराउँदै प्रभुसम्मित होइन, कान्तासम्मित शैली द्वारा उपदेश गर्नु साहित्यको काम हो[१]। श्रीमद्भागवत्को[४] आरम्भमा संसारी मानिसहरूको ठूलो दुःख देखेर करुण भै सो दुःख हटाउँन यो पुराण बताएको हो, भन्ने लेखेको छ। यसमा धन र कीर्तिको उल्लेख छैन। जनहितको उद्देश्यले मात्र लेख्नु उत्तम कुरो हो। धनमा बिकेर सत्यलाई असत्य गराउँनु आदि पनि देखिंदैछ, त्यो अति अनुचित हो। पृथिवीभरमा पहिलो साहित्य वेदै हो ता पनि लौकिक संस्कृत-साहित्यमा पहिलो रामायण हो।

प्राचीन ऐतिहासिक आदर्श महापुरुषहरूको आदर्श त्यागमय सच्चरित-बाट भावी सन्तानलाई सच्चरित बन्न प्रेरणा मिल्दछ। त्यसैले पुराण-हरूमा र जातक ग्रथहरूमा समेत कल्पित महापुरुषहरूको र ऐतिहासिक महापुरुषहरूको समेत सच्चरित्रका कथाहरू लेखिएका छन्।

---

१. हितेन सह वर्तत इति सहितम्, तस्य भावः कर्म वा साहित्यम्।

२. रसालङ्कारादि सद्गुणसहितत्वं साहित्यम्।

३. काव्यं यशसेऽर्थकृते व्यवहारविदे शिवेतरक्षतये। सद्यः परनिर्वृत्तये कान्तासम्मिततयोपदेशयुजे ॥ (काव्यप्रकाश १ २) जम्मा ६ वटा लाभ साहित्यका छन्।

४. संसारिणां करुणयाह पुराणगुह्यम्। (श्रीमद्भागवत स्कन्द-१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै वाल्मीकिरामायणमा ऐतिहासिक मर्यादा पुरुषोत्तम रामचन्द्र जनकल्याणकारी आदर्श सच्चरित्रको र ताडका, रावण आदिको जनता उत्पीडन गर्ने दुश्चरित्रको पनि वर्णन गरिएको छ। ऐतिहासिक मह पुरुषहरूको वर्णन गरिएको हुँदा रामायण र महाभारतलाई ऐतिहासि ग्रन्थ समेत मानिएको छ। तर दक्षिण भारतमा सो आदर्श चरित्रला दूषित गराई सन् ७४ दिसम्बरमा रावणभक्त महत्त्वाकाङ्क्षी नेताहरू रावणलीला गराए। त्यसै सन्को वैकुण्ठ चतुर्दशीका दिनमा राम लक्ष्म सीताको पुतला मद्रासमा जलाए। नेपालमा पनि वि. सं. २०३४ सा २०३ रूपरेखामा श्री मदनमणि दीक्षितज्यूले रामभन्दा सारै नै श्रेष्ठ उदा विद्वान् रावण भन्ने समेत लेख लेखेको देखेर साह्रै दुःख लागी रूपरेखाम नै छपाउन एक लेख (आलोचना) एक उपप्राध्यापक हस्ते पठाए थियो। १५-२० दिन राखी अस्वीकृत गरी फिर्ता गरियो। त्यस पि युग गाथा, त्यो युग आदि लामा लेख रूपरेखामा नै देखिए। जुनमा १ वेदमन्त्रका साथ हाम्रा प्राचीन उदार विचारका साथै असम्वद्ध आफ विचार थपिएका थिए[१]। २०२३ सालको ६२ रूपरेखामानै 'ई० स पू ५०० वर्षको रामराज्य इत्यादि गोविन्द भट्टज्यूले लेख्नुभएको थियो त्यसै रूपरेखामा २२ सालमा शान्तिसुरभजीले पृष्ठ ७२ मा ई० पू ६० देखि उपनिषद् रामायणको सिर्जना भएको आशय प्रकट गर्नुभएको सम देख्ता रामायण र राम आदि पात्र बारेमा केही विचार प्रकट गरिंदै विशुद्ध रामचरित्रलाई कसैले धमिल्याउँछ भने त्यसको प्रतिवाद गर्नु हा परम कर्तव्य हो।

अनेक रामायण र राम रावण

महाभारत भन्दा पहिलेको वाल्मीकि रामायण हो। जसमा रामच लाई सर्वगुणसम्पन्न भनेको छ र ऐतिहासिक महापुरुषको रूपमा व

१. त्यो युग' मा उर्वशी पुरुरवाको कथामा असंबद्ध मातृसत्ता आदि थ पाश्चात्यको अनुसरण गरेको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ। सीता, राम, लक्ष्मण, भरत र शत्रुघ्न समेतको उत्तम चरित्र साह्रै माननीय छन् र तल संक्षेप रूपमा बताइने छन्। हुन ता पुराणहरूमा र बौद्ध जातक ग्रन्थहरूमा पनि परेवालाई बचाउँन आफ्नो मासु काटेर बाजलाई दिने शिवि राजा, सर्पलाई बचाउँन आफ्नो शरीर गरुडलाई दिने जीमूतवाहन, विद्याधर आदिका अति त्यागमय आदर्श चरित्र भएको वर्णन पाइन्छ ता पनि ती सब त्यागमय जीवन अग्रसर हुन प्रेरणा दिने कल्पित कथा हुन् भन्नेकुरा कथाका पात्र गज परेवा सर्प गरुड आदि बाट स्पष्ट हुन्छ। हुन ता रामचन्द्रका कथाका पनि सुग्रीव हनुमान् आदि वानर, जटायु, गिद्ध आदिको साथ रामचन्द्रको मित्रता आदि लेखिएको छ। तर पनि रामचन्द्रका साथ हनुमान्का पहिलो बातचीतमा नै रामले हनुमान्लाई 'चारै वेद[1] र सबै व्याकरण[2] समेत पढेको बुझिन्छ' भनेको हुँदा ती बाँदर भनिएका मनुष्य नै हुन्, भन्ने कुरा स्पष्ट हुन्छ। जटायुले पनि 'म, दशरथको मित्र हुँ' भनेको र जटायु मरे पछि रामले तर्पण समेत अन्त्येष्टि गरेकोले मनुष्यहरू मध्ये कैयौं जातलाई वानर र गिद्ध आदि समेत भन्ने गरेको बुझिन्छ। यो बाहेक भगवद्भक्ति प्रधान भएका अध्यात्म रामायण, आनन्द रामायण, अद्भुत रामायण र तुलसीकृत रामायण भानुभक्त रामायण पनि हाम्रा समाजमा प्रचलित छन्। वेदान्त दर्शनले पूर्ण भएको रुखो दर्शनशास्त्रलाई पनि सजिलै बुझ्ने गरी बताउँने योगवसिष्ठ छ। यी बाहेक अनेक सम्प्रदायका पनि रामायण छन्। जस्तै जैन सम्प्रदायमा पनि रामायण छन्- पउम चरिय (पद्मचरित्र) पद्मपुराण, उत्तरपुराण छन्। जुन

---

१. नानृग्वेदविनीतस्य नायजुर्वेदधारिणः। नासामवेदविदुषः शक्यमेवं प्रभाषितुम् (किष्किन्धा ३।२८)

२. नूनं व्याकरणं कृत्स्नमनेन बहुधा श्रुतम्। बहुव्याहरतानेन न किंचिदपभाषितम् ३।२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार आधुनिक जैन मुनि तुलसीज्यूले हिन्दोमा 'अग्निपरीक्षा'[१] नामबाट रामायण लेख्नु भयार प्रकाशित गराउँनुभयो । जसमा रामचन्द्रका अनेक आदर्श चरित्र मध्ये एकपत्नीव्रत पनि एक थियो, त्यसलाई दूसित गराई रामका धेरै स्वास्नी थिए[२], तिनकै षड़यन्त्रबाट सीता चरित्रबारे असत्य दोष प्रचार गरी नगरभर फिंजियो । धोबीले मात्र सीताको बदनामी गरेको होइन, गुप्तचरबाट सीताका चरित्र बारेमा नराम्रो कुरा सुने पाछ रामचन्द्र आफैं गुप्तरूपले नगरभर घुम्दा पनि सीताको बदनामी फिंजिएको बुझेर लक्ष्मण आदिले समर्थन गरेनन् र सेनापति कृतान्तमुखलाई जङ्गलमा छोडेर आउने आदेश भए अनुसार रामले भेट गर्न बोलाएको छ भन्ने निहुँबाट रथमा लगेर जङ्गलमा पुऱ्याएपछि रामले त्यागेको हो भन्ने कुरा सुनाएर रथ फिराए, सीताले[३] अरहन् नाम जप्नुभयो । यहीं वज्रजंघ नामक राजाले भटेर लगे, वहिनी सरह सम्मान गरेर राखे । यसरी सीता त्यागे ता पनि राम सीताको नै शोकमा डुबेर रहन लागे, ती रानीहरूलाई हेरेनन् र वरु सीता हुँदा नै हामीलाई आनन्द थियो, इत्यादि कुरा गर्दै

---

१. अग्निपरीक्षा । लेखक-जैनीमुनी तुलसी । संपादकीय शीर्षक । लेखक-मुनि महेन्द्रनाथ प्रथम । सीताजीका छोरा लव र कुशको लवणांकुश लेखिएको छ ।

२. अग्निपरीक्षा पृ० २३ 'रमणियां रामकी सब मिल सोच रही हैं। सीता रहते किंचित्सुख हमें नहीं है। उससे ही रंजित नाथ रात दिन रहते हमसे हंसकर दो बात ना करते ।
रहती नारी हृदयमें सदा सौत सो दाह । ज्यों ज्यों उसके नाश की वह निकालती राह ।।

३. जैन सम्प्रदायले ऋषभ देव देखि महावीर सम्म तीर्थंकर बताये पनि अरिहन् मन्त्र महावीर (२५,२६ शयवर्ष) बाट आरम्भ ४ भयेकोले ६७ हजार वर्षं पहिलेको सीताले र उनका छोराले समेत जपेको कुरा इतिहास विरूद्ध भएपनि सम्प्रदायले लेख्नु स्वाभाविकै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती रानीहरूले सारै पश्चात्ताप गरे। उता सीताका जम्ल्याहा २ छोरा बढेर राजपुत्रीहरूका साथ विहा पनिभयो। ती दुईले प्रसङ्गवश युद्ध गर्नुपर्दा रामचन्द्रका साथमा पनि युद्ध भएर चिन्नारी गरे पछि सम्मानपूर्वक सीताजीलाई ल्याउनुभई जनताका दृष्टिमा राजपरिवारका कुनै सदस्यको पनि चारित्रिक पतनबाट राजसत्ता नै कमजोर हुँदै जाने हुँदा, अग्निपरीक्षा गर्ने निश्चित भएर ठूलो अग्निकुण्ड वन्यो। जनता बोलाइए। सीताजीले अग्निकुण्डमा प्रवेश गर्नुभयो। आगोले नपोलेको हुँदा जनताले सीताको जयजयकार गरे। रामचन्द्रले धेरै समयसम्म सीताका साथ प्रजापालन गर्नुभयो। दरवारी षड्यन्त्रबाट निरपराधी व्यक्तिले पनि कस्तो दुःख भोग्नुपर्दो रहेछ' इत्यादि प्रकारका अनेक सदुपदेश त्यस अग्निपरीक्षा नामक ग्रन्थबाट मिल्दछ। रामचन्द्रका अनेक आदर्श चरित्रमध्ये राजपुत्र भएर पनि एकपत्नीव्रत हुनु प्रमुख सच्चरित्र हो। त्यसबाट गिराउने बहुपत्नीत्व हो। त्यसको खुला उल्लेख गरेको हुनाले प्रमुख विद्वान्हरूले विरोध गरेको हुँदा सो पुस्तक जफ्त गरियो। वास्तवमा अरिहन् नाम जप्दा सीताजीको वज्रजंघ राजा का साथ भेट भई सबै कष्ट छुट्यो भन्ने कुरा आफ्नो सम्प्रदायको उत्कर्षमा लेखिएको हुँदा चित्त बुझाए पनि रामको बहुपत्नीत्व प्रबुद्ध हिन्दूले सहने कुरा होइन। जस्तै कालिदासले दिलीपराजाको एकपतनीत्व लेख्दा 'अन्तःपुरमा धेरै स्त्रीहरू थिए ता पनि सुदक्षिणालाई मात्र पत्नीको रूपमा माने' भन्ने कुरा रघुवंशमा लेखे। त्यस्तै गरी रामको पनि 'अन्तःपुरमा धेरै स्त्रीहरू थिए, सीताको सौभाग्यमा ईर्ष्या भई षड्यन्त्रद्वारा वदनामी फैलाए' भन्ने लेखेको भए त्यस पुस्तकले सबैको उपयोगमा आई राम्रो उपदेशबाट धेरैको उपकार गर्ने थियो। आखिरमा सीतालाई त्यसरी त्यागेपनि रामले अरू रानीपछि दृष्टि न दिएकोले ती रानीहरूलाई बडो पश्चात्ताप भयो, भन्ने कुरा अग्निपरीक्षा मा पनि लेखेर एकपत्नीव्रतको

---

१. ‚कलत्रवन्तमात्मानमवरोधे महत्यपि। तया मेने मनस्विन्या लक्ष्म्या च वसुधाधिपः' ॥ रघुवंश सर्ग १ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुष्टि गरेकै देखिन्छ। वाल्मीकि रामायणमा पनि यज्ञ गर्न सीतानै चाहिन्छिन् वा अर्को विवाह गरी स्त्री साथमा राखेर मात्र यज्ञ गर्ने अधिकार मिल्दछ, भनी गुरु पुरोहितले भनेकामा सीताकै प्रतिमा राखेर यज्ञ गर्ने निर्णय गरी एकपत्नीव्रतमा अडीग रहनुभएको उल्लेख छ। अरु रानी भएता प्रतिमा राख्ने कामै थिएन। वाल्मीकि रामायणले रामको एकपत्नी व्रतलाई ठूलो महत्त्व दिएर उल्लेख गरेको छ। जैन रामायणको समय नवम शताब्दीमा लखिएको छ[1]। बौद्ध रामायण (दशरथ जातकादि) हुन्। त्यहाँ झन् घिनलाग्दा कुराहरूको उल्लेख देखिन्छ। दशरथको जेठी रानीबाट राम, सीता, लक्ष्मण जन्मिए। रामको र सीताको विवाह भयो (ई० पू० तृतीय शतक[2])। राहुल[3] सांस्कृत्यायनले वेदमा नजीकैका नाता वा दिदी बहिनीका साथ विवाह गर्न निषिद्ध मानिएको छ; भन्ने उल्लेख स्वयं गर्दै त्यसै प्रसङ्गमा दिदी बहिनीका साथका विवाहको अरु देश र जातकका त्यस्ता उदाहरण दिएर समर्थन गरेको छ र आपतकालका लागि गरेको छ भन्ने कुरामा बुद्धको वचन समेत प्रमाण राखिएको छ। राहुलजीले पाश्चात्य विद्वान्को अनुसरण गरी पूर्वाग्रहग्रत हुँदै प्राचीन आदर्शलाई गिराउँन र विकृत पारेर चिनाउँन अघि सर्नु भएको कुरा वेदप्रकरणमा प्रकट गरिन्छ। वास्तवमा त रामको जन्म अयोध्यामा र सीताको हलोको सियोमा मिथिलिमा भेटिएका जनककी पालिता छोरी हुन्। उसै बेला देखि प्रसिद्ध भई वाल्मीकि रामायणमा लेखिएको नै प्रमाण मान्न सकिन्छ। दशरथको छोरी भन्ने

१. वि. सं. ९०३ मा सम्पन्न। अग्नि परीक्षाको सम्पादकीय पृ. ६। ले० मुनिमहेन्द्र प्रथम।

२. 'संस्कृत साहित्येतिहास' ले० बलदेव उपाध्याय। पृ० ६०। भाग–१

३. ऋग्वेदिक आर्य प्रकरण, आर्यनारी पृ० २३१, ले० राहुल सांस्कृत्यायन 'जातकों में राम और सीता के व्याहको भो बहन-भाईका व्याह बतलाया है' दशरथजातक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा त्यो बाहेक अन्त कहीं पनि पाइदैंन। सीताका नामहरू नै जानकी मैथिली, वैदेही आदि छन् । त्यसैले दशरथकी छोरी भन्नु इतिहास विरुद्ध हो। सीता "पृथ्वीबाट जन्मिएको[१] हुन्" भन्ने कुरा कहीं छ। तर यो कुरा सबैंले पत्याउँदैंनन्। मन्दोदरीको छोरी सीतालाई ज्योतिषीले कुल नाश गर्ने भनेकोले तिब्बतीय रामायणमा चाहिं तामाको बाकसमा राखी रावणले समुद्रमा फालेथ्यो, जनकले भेटी लगे। रामायणको कथा चीन हिन्द एशिया हिन्द चीन मलया प्रायद्वीप, कम्बोडिया, लाओस श्याम वर्मा खोताङ् (पूर्वी तुर्कीस्तान) आदिमा पनि केही फरक हुँदै पुगेको छ। रावणकी छोरी सीता, रामका छोरा हनुमान् देशै नाश गर्ने कुरा ज्योतिषीबाट वुझेकोले समुद्रमा छोडे, जनकले भेटे[२]।

अचेल सानो 'कुम्भकर्णरामायण' पनि देखिन्छ। जसमा कुम्भकर्ण ६ महीनासम्म सुतेको होइन। ६ महीना समाधिमा रहन्थ्यो। ठूलो ज्ञानी योगी थियो वाण लागेर रावण लडे पछि रामचन्द्रले लक्ष्मणलाई ज्ञानगुण सिक्न पठाउनु भयो। रावण बोलेन। रामलाई लक्ष्मरले 'रावण बोलेन' भन्नुःभयो। तिमी रावणको शिरपट्टि बसेकोले न बोलेको हो। गोडाअर्फ नम्र भएर बसेमा बोल्ने छ र उसबाट उपदेश पाउँन सक्नेछौ भने अनुसार गर्नु भयो र सो अनुसार रावणले खुशी भएर अनेक कुरा सिकायो इत्यादि कुरा लेखिएको देखिन्छ। कुम्भकर्ण सिद्ध योगी थियो इत्यादि कुरा त्यसमा बताइन्छन्। तर त्यो पछि प्रकट भएको हो। किन कि वेदकोमन्त्र भागमा पनि ध्यान स्मरण र तप शब्द छन्। पातञ्जल योग सूत्रमा विस्तारले

---

१. 'विश्वम्भरा भगवती भवतीमसूत, राजा प्रजापतिसमो जनकः पिता ते' उत्तररामचरित भवभूति।

२. कादम्बिनी' सन् १९८०, अप्रैल २०, अंक ६, पृ० ५७ भित्ति चित्र। लवकथाका यथार्थनायक रावण है। सीता रावण की पुत्री है। हनुमान राम के पुत्र हैं। रामलाई लाम, सीतालाई सीडा भनेको छ। जनकलाई सी सनोक भनेको छ। तप गर्न समुद्र किनार गएको वेला सीतालाई भेटेर मिथिलामा ल्याए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ध्यान स्मरण आदि शुब्दहरू योग अर्थमा देखिन्छन् । वाल्मीकि रामायण योग छ । उपनिषद् महाभारत, गीता आदिमा र बौद्ध जैन साहित्यहरूमा योगशास्त्रको पूरा प्रभाव देखिने हुँदा समेत त्यो पछि उब्जाएको हो। कुम्भकर्णको महत्ता त्यसमा देखिन्छ । अझ रामेश्वर शिवमन्दिर प्रतिष्ठा गर्न रामले रावणलाई बोलाएको थियो, पनि भन्छन् । ती सब सत्यदेखि धेरै टाढा देखिन्छन् । रामेश्वरको कथा वाल्मीकि रामायणमा देखिंदैन। अध्यात्म र[1] आनन्द रामायण आदिमा छ, यी भक्ति प्रधान छन् । भक्ति मार्गमा समन्वय कायम गर्न । रामले शिवको पूजा र शिवले रामको पूजा गरेका कथाबाट धार्मिक सहिष्णुता बढाउँनु उत्तम कुरा हो। उक्त रामायणहरूमा पनि रावणलाई बोलाएको उल्लेख नहुँदा रावणको महत्ताका लागि पछि रावणभक्तले कथेको हो । र असत्य हो वाल्मीकि रामायणमा रामेश्वर स्थापनाको नै पत्ता छैन। ऋषिहरूलाई नबोलाई रावणलाई बोलाइयो भन्ने मूर्खहरूका गफ हुन् ।

रामकथा देश देशान्तर पुग्नु उत्तम कुरा हो। तर संचारको व्यवस्था कमजोर भएको, त्यस अवस्थामा अयोध्या र मिथिलाका कुरा घटी

---

१. रामेश्वर शिवलिङ्ग स्थापना गरेको कुरा वाल्मीकि रामायणमा देखिदैन अध्यात्मरामायणमा 'सेतुमारभमाणस्तु तत्र रामेश्वरं शिवम्। संस्थाप्य पूजयित्वाऽऽह' भनेको छ । अध्यात्मरामायण युद्ध काण्ड सर्ग ४-१ । 'कृत्वा लिङ्गं सैकतञ्च सेत्वादौ स्थापयामि वै" आनन्द रामायणसार काण्ड अं १० । २२, २३, २४ ।' लिङ्ग थापि विधिवत् करि पूजा, शिव समान मोहि नहीं दूजा 'लङ्का काण्ड तुलसीरामायण । वाल्मीकिरामायण सबै रामायण भन्दा पुरानो हो भन्ने, कुरा ती रामायण हर्नेलाई पत्ता लागि हाल्दछ । त्यसैले वाल्मीकिरामायणमा रामेश्वर स्थापनाको कुरा भेटिंदैन। उत्तरकाण्डका धेरै कुरा वाल्मीकि कै रामायणबाट पछि बढाएका हुन् भन्ने कुरा धेरै विद्वान्ले गर्दछन् । यो लेखक पनि त्यसमा सहमत छ। तर त्यसका धेरै कुरा अति महत्त्वपूर्ण माननीय छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढी हुँदै अन्यत्र पुग्नु सम्भवै छ, त्यसैं हुँदा सबैंभन्दा पुरानो वाल्मीकि रामायण देखि घटी बढी र विपरीत कुरा सत्य मान्न उचित हुँदैन। वाल्मीकि कैं कुरा सही मानिन्छ। वाल्मीकि रामायणका पनि रावणका दश शिर थिए। रामले ११ हज्जार वर्ष[१] राज्य गर्नु भयो इत्यादि कुरा अतिशयोक्ति र अद्भुत अलङ्कारका देखिन्छन्। १० प्रकारका विचार त्यसमा रहन सक्ने हुँदा १० शिर भनेको हुन सक्छ। १००० वर्ष हजार दिन[२] अर्थ गर्नु पर्दछ, भन्ने कुरा कत्यायनश्रोत सूत्रबाट आउँछ। वेदमन्त्र भागमा स्वाभाविक वर्णन भए पनि ब्राह्मणभागमा हजार वर्षमा पूरा हुने यज्ञ बताएको हुँदा मनुष्य हजारवर्ष नबाँच्ने हुनाले के गर्ने ? भन्ने शङ्का भयो। कसैले कुल सत्र भने, कसैले बीचमैं टुङ्याउँनु इत्यादि अनेक मत बताएर हजारवर्षको हजार दिन अर्थ गरेको छ। रामचन्द्र पनि १४ वर्ष वनवासबाट आएर राज्याभिषेक गरे पछि एघार हजार दिन राज्य गर्नु भयो अर्थ हुन्छ।

अमर रामायण

अमर रामायण वि० सं० २०२४ मा अयोध्याका रामभक्तकसैले छापेको हेर्न पाइयो। श्री सोमनाथ व्यास घिमिरे ज्यू (जनकपुर) ले बताए अनुसार लक्ष्मण मन्दिरका महन्त रामटहल शास्त्रीज्यूसंग भेट गर्दा अमर रामायण देखाउँन भयो। २/३ घण्टा सम्म बसेर त्यही हेरियो। वहांका साथको "हनुमद्वैभव" भन्ने पुस्तक २ प्रति पनि

१. सहस्रसंवत्सरम् मनुष्याणामसम्भवात् १७। स्याद्देहानित्यत्वात् १८। तस्य च कार्यत्वात् १९। नासम्भवात् २०। शास्त्रसम्भवादिति भारद्वाजः २१। नादर्शनात् २२। कुलसत्रिमिति कार्ष्णाजिनिः २३। साम्युत्थानमिति लौगाक्षिः।

२. २४ अह्नां वा शक्यत्वात्। २५। का ओ सू० अ० १ क ६ सू० १७-२५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिनुभयो । अमर रामायणमा रामचन्द्रको रासलीलाको पनि वर्णन देखियो । भागवत र ब्रह्मवैवर्त आदिमा कृष्णभगवान्को रासलीला वर्णन हुनाले रामभक्तहरूले पनि राम रासलीलाको वर्णन पछि गर्न थालेछ कि जस्तो लाग्यो । रासलीला वा रामायणमा अध्यात्मरामायण आदिमा देखिन्दैन । अमर रामायण (अ० २३। श्लो० १९) मा पर्वतलाई शिव भन्नु हुन्छ कि सीताको सखीहरूको नाम बताउँछु चारुशीला, लक्ष्मणा, पद्मगन्धा, सुलोचना, वरारोहा । क्षेमा, हेमा, सुभगा हुन् । विशेष गरेर उक्त 'हनुमद्वैभव' भन्ने पुस्तकमा अगस्त्य संहिता, लोमश रामायण र अमररामायणको प्रमाण दिएर रामचन्द्रका ८ सखीमध्ये चारुशीला मुख्य हुन् । चन्द्रकलाको नाम रामायणहरूमा छैन । देवीभागवतमा चन्द्रकलाको राजपुत्र सुदर्शनका साथमा विवाह भएको छ । उक्त हनुमद्वैभवको पृ० २७ को रामलीला बारेको १ श्लोक देखाएर हनुमान् बारेमा केही लेखिन्छ ।

सख्यस्तु तावद्वररासमण्डलीमुपागताश्चारुशीलादयोऽखिलाः ।

वादित्रगीतादिभिराज्यनाथयोः प्रवर्तयामासुरम् सुनर्तनम् ॥ (५।१०)

अर्थात् चारुशीला आदि सबै सखीहरू रासमण्डलीमा सम्मिलित भै बाजागानाका साथमा नाच्न थाले । हनुमद्वैभवको मङ्गलाचरण प्रथम श्लोकमा नै कृष्णलाई जस्तै रामलाई पनि रसिकेश्वर भनेको छ । जस्तै—

वामे श्रीजानकी यस्य दक्षिणे चारुशीलिका ।
परतः श्री-प्रसादा च विवन्दे रसिकेश्वरम् ॥

जसका बाउँपट्टि जानकी जी, अगाडी श्री प्रसाद जी छन्, ती रसिकेश्वर रामलाई नमस्कार गर्दछू रहस्यग्रन्थ ।

प्रतिभाशाली ठूला विद्वान्हरू मध्ये धेरैले यथार्थ कुरा देखाउँन प्रयत्न गरेको देखिन्छ । तर कसै कसैले तोरीको दानालाई पवत र पर्वतलाई तोरीको दाना बनाइदिन्छन्, तापनि सबैले सत्यको नै खोज गर्नु उत्तम कुरा हो । अति परम्परावादीहरूले पनि नयाँ सत्यलाई मान्नु पर्दछ, आद्य सत्य वा सत्याभासबाट सन्तोष गर्न हुँदैन र सबै सत्य जानी सकेको घमण्ड पनि गर्न हुँदैन, भन्ने सूक्ति अनुसार विद्वान्हरूको व्यवहार हुनुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमान् शब्दवेदमा देखिदैन

आर्य वा हिन्दू सम्प्रदायवादीहरूले आफ्ना सम्प्रदायका देवताहरूलाई वैदिक सनातन देवता र सम्प्रदायलाई वैदिक गराउँन धेरै प्रयत्न गरेका छन् ! हुनता पृथिवी भरका इस्लाम, इसाई लगायत सबै सम्प्रदाय समेत "एक सत् परमेश्वरलाई अनेक नामले भन्दछन्" भन्ने "एकं सद्विप्रा बहुधा वदन्ति" (ऋक् २।३।२२) मन्त्र अनुसार सत्य कुरा मान्ने हो भने वेदभित्रै पर्दछन् । तर उनले वेदको यो महान् अर्थ बुझ्दैनन् । तर ओङ्कार सहित मंत्र भएका वेदलाई प्रमाण मान्ने अनेक वैष्णव आदि सम्प्रदायहरू वैदिक संप्रदाय नै हुनाले वेद मन्त्रहरूलाई अनेक युक्तिबाट बटारेर अर्थ गर्ने अवश्यकता नै देखिदैन, तापनि बटारेर अर्थ गरेको उदाहरण १।२ मन्त्र देखाइन्छन् । जस्तै—"तव श्रिये मरूतो मार्जयन्त रूद्रयत्ते जनिम चारू चित्रम् । पदं यद्विष्णो रूपमं विधायि तेन पासि गुह्यं नाम गोनाम् ॥ (ऋक् ५।३।३) ३।४ सय वर्ष अधिका नीलकण्ठाचार्यजी प्रतिभाशाली विद्वान्ले मन्त्र रामायण र मन्त्र भागवतमा वेद मन्त्रमा रहेका अरू नै अर्थ भएका राम, कृष्ण शब्दको र रूद्र आदि शब्दको समेत भगवान् राम, भगवान् कृष्ण र हनुमान् अर्थ गरेको छ । कुनै वेदमा पनि हनुमान् शब्द न पाइने हुँदा हनुमान्लाई रूद्रको अवतार मानेर जुन जुन मन्त्रमा रूद्र शब्द वा वायुशब्द थिए, ती सब मन्त्रले हनुमान्को स्तुति गरेको हो र वायुशब्दले वायु पुत्र हनुमान्लाई बताएको हो, भने । उक्त मन्त्रको नीलकण्ठी व्याख्या: --

हे रूद्र ! (हे हनुमान् !) ; तव श्रिये (तव सम्पत्प्राप्त्यर्थम् , राम विषयक ज्ञान प्राप्त्यर्थकम्); मरूतो (देवा:); मर्जयन्त : (शोधयन्ति); तप, ध्यान आदिले शुद्ध गर्दछन् । यत्ते जनिम (जन्म); चित्रमाश्चर्यजनकमभूत् (तपाईंको जन्म आश्चर्यकारक भयो । यत् यत:, ते तव चारू (चारू शाला रूपेण) जनिम (जन्म च); चित्रम् (आश्चर्यजनकमभूत्) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस सम्प्रदायले सीता रामका आठ सखी मध्ये एक सखी चारूशीला मानेको छ । हनुमान् पुरूष रूपमा राम र सीताका परम भक्त छन्, उनै हनुमान् स्त्री रूपमा राम र उनैको सर्वेश्वरी नाम पनि छ । त्यसै हुँदा उक्त मन्त्रमा मरूत (देवताहरू) ले रूद्रको स्तुति गरेको स्पष्ट छँदा छँदै नील कण्ठाचार्यले देवताहरूले हनुमान्को र हनुमान् कै अर्को स्त्रीरूप चारूशीलाको कुरा पनि यस मन्त्रले बताउँछ, भनेको छ । तर त्यहाँ सुन्दर अर्थलाई कहने चारू शब्द छ, शीला शब्द छैन तापनि सत्या शब्दले सत्यभामालाई कहे जस्तै चारू शब्दले चारूशीलालाई कहेको हो भन्ने लेख्नु भयो । त्यस्तै कालो अर्थ कहने कृष्ण शब्दलाई कृष्ण भगवान् अर्थ गरेको छ ।

त्यस्तै अर्को सम्प्रदायले शङ्ख चक्रले डाम्ने चलन चलाएकोले मन्त्रको

पवित्रं ते विततं ब्रह्मणस्पते प्रभुर्गात्राणि पर्येषि विश्वतः ।
अतप्ततनुर्न तदामो अश्नुते, शृतास इद्वहन्तस्तत्समातः ॥
(९।८३ ११ अंक)

अर्थ नडामेको मानिस काँचो हुनाले मुक्ति पाउँदैन, इत्यादि अर्थ गरेर नडामेको मानिसले छोएको पानी पनि नखाने भन्दछन् । अरू सम्प्रदाय चाहिं डामिएको मानिस अशुद्ध हुँन्छ, भन्दछन् । वास्तवमा "ए ! परमेश्वर !! तिम्रो पवित्र तेज सर्वत्र व्याप्त छ । संयम नगर्ने काँचो मान्छले भेट्तैन, पाको मान्छेले मात्र पाउँछ" भन्ने अर्थ हो । त्यस मन्त्रको अतप्ततनुको शंख चक्रले डाम्ने अर्थ भएता अतप्ताङ्ग लेखिनु पर्दथ्यो शरीरै ता डामेको हुँदैन, अङ्गलाई डाम्छन् र राम कृष्णका व्रतबन्ध बताए जस्तै फलानु गुरुले शंख चक्रले डामिदिनु भयो भन्ने कुरा पनि रामायण महाभारत र भागवतमा लेखेको हुनुपर्दथ्यो ।

वास्तवमा सत्यकर्तव्य गर्नु उत्तम कुरा हो । आफ्ना शिष्यहरूलाई उसवेलामा आवश्यक ठहराई चिनु लगाएको मात्र हो । त्यसरी बटारेर अर्थ गर्नु, सत्यलाई छोपछाप पार्नु मात्र हो । अर्को मन्त्र :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णं तएम रूशतः पुरोधाश्चरिष्णवर्चिर्वपुषामिदेकम् ।
यद् प्रवीता दधते ह गर्भम्, सद्यश्चित् जातो भवसीदुदूत ।।

(ऋक् ४।७।९)

यसले "अग्निले डढाउँदै जाँदा अगाडी उज्यालो भए पनि पछाडी आगो निभ्दै जाँदा कालो हुँदै लान्छ ।" इत्यादि अर्थ सायणाचार्यले गरेको छ । नीलकण्ठाचार्यले कृष्ण भगवान्को स्तुति गरेको हो, भनेको छ ।

नेपाली कवि सुन्दरानन्दले लेखेको रामायणमा र अन्त पनि हनुमान्ले द्रोणाचल बोकेर आकाशमार्गबाट लक्ष्मणको औषधि गर्न जाँदै थिए । अयोध्याबाट त्यसरी उडेको भरतले देखेर शत्रुको शङ्का लागेर वाण हानेर खसालि दिए । पृथिवीमा उत्रेर हनुमान्ले लक्ष्मणको औषधि गर्न यो पर्वत वोकेर मैले तुरून्त नै पुग्नु पर्दछ, भन्नाका साथ भरतले क्षमा माग्दै वाणका टुप्पाद्वारा लङ्कामा तुरून्त नै पुऱ्याइ दिनु भयो । यो अति आश्चर्यको कुरा हो । त्यो पर्वत र हनुमान् भुइँमा झर्दा फुटेन, चोट पनि लागेन । यो कुरा "वाल्मीकि रामायण" मा नहुँदा भरतको अति पराक्रम देखाउँन अतिशयोक्ति र अद्भूत वर्णन हो जस्तो छ । वाल्मोकि रामायणको युद्धकाण्ड १०१ सर्गमा रावणको शक्ति नामक हतियार लागे पछि लक्ष्मण मूर्च्छित हुँदा सुषेण नामक वानर वैद्यले हिमालको दक्षिण-पट्टिको पर्वतको शिखरमा विशल्यकरणी, सावर्ण्यकरणी, संजीवकरणी संधानी समेत गर्ने, औषधि चाँडै ल्याउँनू भनी हनुमान्लाई अह्राउँदा पर्वतको टाकुरो चाहि चिने, औषधि न चिनेकोले पर्वतको शिखरै बोकेर ल्याउँनु भयो । सुषेणले सो औषधि लिएर उपचार गर्दा, सुघाउँदा दुख्न छोडयो, घाउ निको भयो, लक्ष्मण जस्ताको तस्तो हुनु भयो, भन्ने लेखेको छ ।

नेपालका महापण्डित सोमनाथ सिग्देलज्यूले अत्यन्त घत लाग्ने संस्कृतमय "आदर्श राघव" लेख्नु भएको अति मननीय चमत्कारपूर्ण छ । त्यस्तै विद्वान् कवि कुलचन्द्रज्यूले "राघवालङ्कार" सरल पद्यमय लेख्नु भएको छ । अनेक अलङ्कारका साथै राम सीताको सच्चरित बुझ्न पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अद्‌भुतरामायण

"अद्भूतोन्तरकाण्ड" लेखेको छ। यसमा सीताको महात्म्य बेसी छ। गृत्समद ऋषिले लक्ष्मीको आवाहन गरी राखेको कलश, दण्डकारण्य आश्रममा रावण आएका वेला लिएर ऋषिहरूको रक्त थोरै थोरै राखेर लगी मन्दोदरीलाई यो विषको घडा हो न चलाउँनू भनेर दिएकोमा रावण व्यभिचारी हुँदा वर्षौं अन्त गएको वेलामा मर्ने इच्छाले विष भनी खाइन गर्भ रह्यो। त्यो थाह न हुने गरी जनकको यज्ञ भूमिमा छोपेर गइन्। जोत्दा भेटेर पाले, सीता नाम रह्यो। विश्रवा ऋषिबाट कैवसीमा र रावण जन्मिएर, यौटा हज्जार शिर भएको जेठो र १० शिर भएको कान्छो लङ्कामा दस्यो। दस शिरको रावणलाई मारेर अयोध्यामा राज्याभिषेक भए पछि ऋषि मुनिहरूले रावणको विजय वारेमा प्रशंसा गरे। सीताले हजार शिर भएको रावण अति बलियो पुष्कर द्वीपमा सबैलाई वश गरेर बसेको बाँकि नै छ, भन्दा सीता र राक्षस वानर सहित सेना लिई पुष्पक विमान द्वारा पुगेर गर्जना गर्दा सेना लिएर आएर हेर्दा यी दुर्वल सेनालाई दुःख न दिउँ, भन्ने ठानी वायव्यास्त्र हानेर आफ्ना आफ्ना घर पुऱ्याइ दियो। रामले अनेक हतियारले त्यसलाई हान्दा समातेर भाँचिदियो। रामलाई वाण लागेर मूर्च्छा परे पछि सीताजी रिसाएर कालीको रूप लिंदा सो कालीबाटै मातृकागण निस्किएर रावण र त्यसका फौज समेत मारी घुम्न लागे। रामले व्युँझिएर स्तुति गर्नुभयो। खुशी भै कालीले आफ्नु ईश्वरी पद देखाउँनु भयो। त्यो कस्तो थियो भने—

सर्वतः पाणिपादं तत्सर्मतोऽक्षिशिरोमुखम्।
सर्वमावृत्य तिठन्तं ददर्श पदमैश्वरम्॥ (सर्ग २५।१४।१५)[1]

---

१. यो श्लोक गीता (१३।१३) मा पनि छ।
सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम्।
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात कृष्णले अर्जुनलाई विश्वरूप देखाए जस्तो छ । रामको आग्रहबाट सीताले आफ्नु रूप लिई पुष्पकद्वारा अयोध्यामा फिरी पूर्ववत् राज्यगर्नु भयो । यसमा २७ सर्ग छन् । यसका श्लोक सजिला छन् । सर्ग ९ मा परशुरामको ११।१२ मा भक्तियोग, ज्ञानयोग आदि सजिलो गरी बताएको अति सजिलो र राम्रो छ ।

भुशुण्डिरामायण

अध्याय १३ मा रामसहस्र नाम छ । १४ मा सीता सहस्रनाम छ । अध्याय २९ मा गोपिनीका साथ लीला छ । वेद स्तुति पनि भागवतको भन्दा भिन्दै छ । रामसहस्र नाममा "साकेतपुर दैवतः, गोकुलेशो व्रजेशश्च" इत्यादि नाम छन् । रामभक्ति प्रधान छ । यो भुशुण्डि रामायण भक्तिमार्गको पछिको हो । रामसहस्रनाममा कृष्णका नाम पनि छन् । पुराणहरूमा गोपिनीका साथको कृष्ण लीला पछि कल्पित हुन सक्तछ ।

रामायण र समय

वाल्मीकि रामायणको समय बारे पाश्चात्य विद्वान्हरू कै धेरै मतभेद छ । त्यो मतभेद भारतीय र नेपालीका मस्तिष्कमा पनि पूर्ण-रूपले घुसेकै छ । हाम्रा प्राचीन शास्त्रहरूमा ज्यौतिषी गणना अनुसार त्रेतायुगमा भन्ने लेखिएकाले हाल कलियुगको नै ज्योतिष अनुसार ५०८२ वर्ष भए । त्यो भन्दा पहिले द्वापरयुग, त्यो भन्दा पहिलेको त्रेतायुगमा दशरथ रामको सत्तासमय हुन आउँछ । शास्त्रभन्दा बाहेक अरू कुनै प्रमाण दिन नसकिने हुनाले त्यो त्रेयायुग बाहेक वाल्मीकि रामायण भित्रको बाहिरको समेत प्रमाण दिई समय लेखिन्छ ।

नेपाली शान्ति सुरभजीले रामायणको समय "हाम्रो संस्कृति एक सिंहावलोकन" पृ० ६३ मा ई० सन् पू० २०० वर्ष लेख्नु भएको छ । तथा ख्याति प्राप्त अन्वेषक डा० वेवरले रामायण बौद्धजातक "दशरथजातक"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाट प्रभावित मानेका छन्। प्रसिद्ध अन्वेषक दिनेशचन्द्र सेनको भनाइ छ "रामायणको पहिलो खण्ड "दशरथजातक" बाट प्रभावित छ। उक्त पुस्तकको पृष्ठ १३४ मा वाल्मीकिद्वारा रामचरितलाई तपस्वी शूद्र शम्बूक मार्नु, वालीलाई झुक्याएर मार्नु, सीता त्याग्नु आदिबाट अबौद्ध आदर्शमा ढाल्न प्रयत्न गरिएको छ, इत्यादि देखियो। समय बारेको कुरा असत्य हो, अरू कुराको बारेमा पछि लेखिने छ। कुनै ठूला अन्वेषकका कृतिमा भ्रमवश एक दुइ कुरा असत्य पर्न गएछ भनेर सत्य हुन सक्तैन। पछिका विद्वान्ले असत्यको खण्डन गरी सत्य कुरा प्रकट गर्नु पर्दछ।

वाल्मीकि रामायण महाभारत भन्दा पछिको हो भन्ने कुराको खण्डन समेत कयौं पाश्चात्य विद्वान् र बलदेव उपाध्याय देवी शङ्कर मिश्र, हंसराज अग्रवाल, शान्तिकुमार, नानुराम, व्यास आदिले विस्तृतरूपले गरेका छन्। उक्त रामायणमा एक ठाउँमा बुद्धको[1] नाम छ, तर त्यो पछि थपेको हो, भनेको छन्। गोविन्द भट्ट्ज्यूले संवत् ०२३ अंक ६२ रूपरेखाको शीर्षक "प्राचीन संस्कृति र आधुनिक युग "मा" ई० पू० ५०० वर्षको रामराज्य ई० पू० २०० वर्षको मनुस्मृति, ई० पू० ४०० वर्षको महाभारत भन्ने लेखेको थियो। ई० पू० ५०० वर्ष समय बुद्धको निश्चित छ। नेपालको तराइमा जन्मेर विहार उत्तर प्रदेशमा भगवान् बुद्ध डुल्नुहुन्थ्यो। त्यसवेला बिम्बसार आदि राजाले ससम्मान बोलाएर उपदेश सुन्दथे। त्यस्तै मिथिला देश ससुराली भएका राम उत्तर कोसलका राजा थिए। भेटघाट भएको उल्लेख हुनुपर्दथ्यो त्यसको उल्लेख कतै देखिँदैन। त्यसो हुँदा रामराज्य ५०० वर्ष ई० पू० भन्ने कुरामा सत्यताको अंश अलिकति पनि देखिंदैन। महाभारत र मनुस्मृति बारेको पनि असत्यहो अन्यत्र लेखिने छ।

महाभारतका पात्र कृष्ण युधिष्ठिर आदिको वर्णन वाल्मीकि रामायणमा पटक्कै छैन। तर रामायणका दशरथ, राम आदि सबैका कथा महाभारतमा

---

१. प्रो० सिर्लिवेन लोवी। एच् जै कोवी। प्रो० विटरनिट्ज। 'रामायण में जिस एक स्थानमें बुद्धका का नाम आया है वह वादका मिलावट है।" सं० साहित्येतिहास—ले० हंसराज अग्रवाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ। आदिकाव्य र आदिकवि जहाँ तहाँ लेखेको छ। वाल्मीकि रामायणमा सर्वत्र अयोध्या नाम छ। कौरव पाण्डवको युद्ध[1] ५१३७ वर्ष पहिले भएको हुँदा वा० रामायण त्यो भन्दा धेरै पहिलेको ठहरिन्छ।

"यथाहि चोरः स तथाहि वुद्धस्तथागतं नास्तिकमेव विद्धि"
(वा० रा० अयोध्याकाण्ड सर्ग १०९ श्लोक ३४)

तथागत बुद्ध नास्तिक हुँदा, जस्तो चोर त्यस्तै हुन् भनेको छ। अघिल्लो एक सय आठौं सर्गमा जावालिले रामलाई चित्रकूटवाट फिराउन भनेको छ कि।

"तस्मान्मातापिता चेति राम सज्जेतयो नरः।"
उन्मत्त इव स ज्ञेयः नास्ति कश्चिद्धि कस्यचित्।" (अयोध्या १०८।४)

जावालि विद्वान् ब्राह्मण दशरथका वशिष्ठ आदि ७ गुरू पुरोहितमध्ये एक थिए। त्यस सर्गमा वुद्धको मतै लेखिएन। चार्वाक (वृहस्पति) को मत छ। वुद्धले जाति पाति र वैदिक हिंसात्मक कर्मकाण्डको निन्दा गरेका छन्। तर माता पिता तर्फ वा उनको भनाइ तर्फ लाग्ने मानिस वहुलाहा जस्तो हो भन्ने मत वुद्धकै होइन। यस्तो कुरा वुद्धले केही भनेनन्। यी दुवै सर्ग ई० सन् ५।६ सय वर्ष पछि थपिएको हुन सक्त छ। त्यो चोर शब्दवाला श्लोकै अस्वाभाविक छ।

सीताले रेशमी वस्त्र (कौशेय वस्त्र) (अरण्यका० ४७ सर्ग रावण सीता संवाद) लगाएको उल्लेख हुँदा "भारत में रेशमका इतिहास चार शताब्दी पूर्व नहीं मिलता", अर्को कुरा "अंगुठी पर नामाङ्कनका समय ईशा से पूर्व दो शताब्दी बाद का हैं। अतः रामायणका समय अधिक पुराना नहीं है" भन्ने कुरा (धर्मयुग सन् १९८१ अक्टूवर ४) मा देखियो। ती कुरा पाश्चात्यका र तदनुसारीका तर्क मात्र हुन सक्तछन्। वेदैमा सुनका

१. साप्ताहिक हिन्दुस्तान नई दिल्ली मार्ग सन् १९७५ दिसम्वर १५। महाभारत युद्ध ३१३७ ईशा पूर्व हुआ। कलकत्ता १२ दिसम्वर पुरातत्व सम्वन्धी खोजों से इस विचार की पुष्टि होती है कि महाभारतयुद्ध ऐतिहासिक युद्ध है।

२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गहना बताइन्छन्, तिनमा बुट्टा बनाइन्छन् । रामका शासन कालमा चिट्ठी पत्र नै थिएन भन्नु अनुचित हो, त्यो भए पछि सुनको औंठीमा नाम लेखिनु कुनै गाह्रो कुरा होइन । भारतमा रेशमको कुरा चार शताब्दी पूर्व थिएन, भन्नाले नै अन्यत्र रहेछ भन्ने कुरा स्पष्ट भएकोले राज दरवारमा अन्तबाट पनि आउन सक्ने हुँदा अर्वाचीनताका लागि यो तर्क ठीक भएन । सत्यताबाट पर देखिन्छ र असत्य हो । अथवा वनवास बसेकै १२ वर्ष भन्दा उपर भैं सकेकोले दरवारबाट ल्याएका लुगा सकिए हुनन् भन्ने हो भने पनि ऋषिमुनिहरू कयौं समय घुम्न जान्थे उनबाट पनि पाएको हुन सक्तछ।

धर्मयुग सन् १९८० दिसम्वर १४ मा "अहिलेदेखि २७ सय वर्ष पूर्व रामराज्य थियो । वाल्मीकिले बुद्धभन्दा पछि रामायण लेखे, किनभने पहिले थिएन । "यो पनि असत्य हो । ५ हजार वर्ष अघि नै लिपि थियो । सिन्धु सभ्यतामा लिपि छ । अथर्ववेद मन्त्रले सरब्नेकाम भन्छ । रघुवंश (प्रथम शताब्दी) मा साकेत भनेको छ[1] । वाल्मीकि रामायणमा साकेत नामै छैन । बौद्ध साहित्यमा साकेत नाम छ । 'दिवा विभा पा० सू० ३।२। २२) मा लिपि छ । पाणिनि (ई० पू० २९ सय वर्ष अघि युधिष्ठिर मीमांसक) । रामचन्द्र पटनामा पुगेको कथा छ । तर पाटलीपुत्र भन्ने नाम उक्त रामायणमा भेटिदैन । बौद्ध ग्रन्थमा प्रशस्त भेटिन्छ । रामायण कालमा किष्किन्धामा र जनस्थानमा वानर जातका र राक्षसजातका मानिस थिए, अन्यत्र जङ्गल मात्र थिए, कहीं कहीं ऋषि मुनिहरूका आश्रम र साथै वगैंचा थिए । मथुरामा पनि ठूलो मधुवन नामक जङ्गल थियो । रामचन्द्र-

---

—संस्कृत साहित्येतिहास । ले० वलदेव उपाध्याय

—संस्कृत साहित्येतिहास । ले० देवीशंकर मित्र, डा० राजकिशोर सिंह

—रामायणकालीन समाज । ले० शान्तिकुमार नानुराम व्यास पृष्ठ १०।११

१. अजैषं त्वा संलिखितमजैषमनुसंरुधम् । अथर्ववेद ७।५०।५ (५२) वेदमा के छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

का शासनकालमा लवण नामक राक्षसलाई मारेर मथुरा नगर बन्यो। दक्षिणका वानरहरूले ढुङ्गा मूढाले युद्ध गरे। महाभारतका समयमा दक्षिणका राजपरिवारसँग विवाह सम्बन्ध हुन्थ्य। त्यहाँ त्यस्ता बलिया वानरहरूको नाम निसान नै छैन। तिनका सन्तान देखिनु पर्ने हो। मथुरामा कृष्ण जन्मेकान्थिए, तर वृन्दावनमा ईषिका समेतको ठूलो जङ्गल छ। ईषिका काँश जस्तै अग्लो हुन्छ। त्यसैले बुद्धभन्दा पुराना हुँदा वाल्मीकि रामायणको धेरै अंश दशरथ जातक आदिमा देखिन्छन्, कैयौं अंश छैनन्। जातक ग्रन्थहरू इतिहास ग्रन्थ होइनन्। शुद्ध आचरण गर्दै देशोद्धारका आदर्श त्यागी महापुरुष बन्न प्रेरणा दिन सक्ने राम जस्ता ऐतिहासिक महापुरूषको र काल्पनिक आदर्श शिवि र जीमूतवाहन विद्याधर जस्ताको पनि कथा जातक ग्रन्थमा देखिन्छन्। शान्ति सुरभले उक्त पुस्तकको पृष्ठ ३३ मा महाभारत ई० पू० ९०० र वाल्मीकि रामायण ई० पू० २०० भएको कुरा विपरीत देखिन्छ। उक्त रूपरेखाको ई० पू० ५०० भन्नु पनि असत्य हो भन्ने माथि लेखियो।

रामायणमा चरित्र चित्रण

रामायणको सम्पूर्ण कथा सुनी सके पछि श्रोताले राम राक्षस कि ? रावण राक्षस ? भन्ने प्रश्न गरे, भन्ने उखान सुनिदै थियो। तर अचेल तर्क कुतर्क चल्दै जाँदा रामलाई राक्षस गराउँने लेख, भाषण र अनेक घटनाबाट त्यो उखानलाई सत्य रूप दिने चेष्टा "रूपरेखा" जस्ता मासिक पत्रिकामा महत्त्वाकाङ्क्षीहरूले गरेको देखिन्छ। त्यसै हुँदा रामायणका पात्रहरू मध्ये कसमा सद्‌गुण सच्चरित्र कति मात्रामा के के कति थिए ? दुर्गुण, दुश्चरित्र कसमा थियो ? यो कुरा रामायण विषय भन्ने वा लेख्ने मानिसले प्रकट गर्नु आवश्यक हुँदा लेखिदैछ।

राम, लक्ष्मण, भरत, शत्रुघ्न र वहाँहरूकी सीता आदि पत्नीहरू सबैको चरित्र त्यागमय छ। मानिसहरूको चरित्र विगार्ने तीन थरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात[1] बताएको छ । अधिकार, काम क्रोध, र लोभको आवेश तथा मादक द्रव्य सेवन समेतबाट मात लागेर पृथिवी भरमा अनेक अनर्थ भए, हुँदै पनि छन् । ती सबै भन्दा सारै मात लगाउने ऐश्वर्यमद (अधिकार प्राप्ति मद) हो । त्यो मात लागे पछि पतित न भैकन छुटदैन भनेको छ । सो अनुसार पैलेका कंस, रावण आदि राष्ट्राध्यक्षदेखि ऐले सम्मका सर्वाधिकार प्राप्त राष्ट्राध्यक्ष हिटलर, स्तालिन र इदी अमीन आदिले सर्वाधिकार प्राप्ति मदबाट मातेर असंख्य अनर्थ गरे । गर्दै पनि छन् । तर राम आदि अधिकार निम्ति लालायित छैनन् । रोलबाट पाइने राज्य वावुले दिन निश्चय गरी घोषणा गरिसके पछि सौता पट्टिको भाइ भरतलाई दिने, रामले ता १४ वर्षसम्म नै सबै भोग विलास त्यागी जङ्गल जानु पर्ने आदेश पाए पछि तुरन्त नै तयार हुने राम[2] थिए । राजा भरत मनिको ठूलो कम्याण्डिङ जनरल झैं जहानहरूका साथ सुखले वस्नु पर्ने लक्ष्मण जङ्गलवासी हुन संगै गए । भरत पनि दाजु रामलाई गद्दीमा राख्ने र वहाँकै आदेशानुसार काम गर्ने भन्ने निश्चय गरी गुरू, पुरोहित, मन्त्रीहरू र सैन्य समेत लिएर गै रामलाई फिराउन धेरै अनुनय विनय गर्दा पनि रामचन्द्रजी फिर्नु भएन । तपाई नै राजगद्दीमा वस्नु पर्छ, म बस्तिन, भन्दा पनि रामले मान्नु भएन । बाबुको आज्ञानुसार चौध वर्ष पुरा नगरी म केही गरे पनि फर्कन्न भन्नु भयो । भरतले तपाईंको आज्ञानुसार तपाईकै नामबाट राज्य सञ्चालन गर्छु, तर गादीमा राख्न खडाउ लान्छु, दिनुहोस् भन्दा हुन्छ भनी रामले खडाउ दिनुभयो ।

---

१. ऐश्वर्यमद पापिष्ठमदाः पानमदादयः । ऐश्वर्यमदमत्तो हि नापतित्वाऽवबुध्यते । अधिकारप्राप्तिमद पापिष्ठमद (काम, क्रोध, र लोभको आवेश) पानमद (मद्यपानमद) हुन्छन् । ऐश्वर्यमदबाट लागेको मात ता पतित गराए पछि मात्र छुट्छ (महाभारत, उद्योगपर्व)

२. न वनं गन्तुकामस्य त्यजतश्च वसुन्धराम् । सर्वलोकाभिरामस्य लक्ष्यते चित्त विक्रिया । (वा० रा० अयो० का० १९।३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खडाउ लिएर भरत फिरे । राजधानी अयोध्यामा नवसी नन्दी नामक सानु गाउँमा रूखा सुखा भोजन गर्दै तपस्वी वेश भूषामा १४ वर्षसम्म राज्य सञ्चालन गर्नु भयो ।

हुन त राज्यभार थाम्न नसकी आत्तिएर दाजुलाई फिराउँन गएका हुन्, भरत कमजोर पलायनवादी थिए पनि भन्न सकिन्छ । तर आफैं नैं म केवल पितृतुल्य तपाईंको आज्ञा पालन मात्र गर्न तपाइंको थातो यो राज्य १४ वर्ष सम्म मात्र हेरचाह गरिदिन्छु भनी भरतले भनेकोले र पूरा रामायणभित्र अंकित भरतको चरित्र नियाल्दा थिनलाई पलायन-वादी वा कमजोर राज्यै गर्न नसक्ने थिए, भन्न सकिन्न र जेठो छोराले पाउँने अधिकार शास्त्रसिद्ध र परम्परासिद्ध समेत भएकोमा रामको वास्तै नगरी राजगद्दीमा वसी राज्यसञ्चालन गर्न लागेका भए भरतले नैं राज्यको लोभ गरेर आमालाई भनेर मावल गएका रहेछन् भन्ने ठहऱ्याई जनताका दृष्टिमा महत्त्व हराउँथ्यो । दाजुलाई मन्त्री, गुरू, पुरोहित समेत गै फिराउँन वल गरेको र गद्दीमा रामका खडाउ राखी रामका नामबाट राज्य सञ्चालन गरेकोले भरतका वारेमा सवै शङ्का हटी भरतको नैतिक स्तर धेरै माथि पुग्यो ।

रामको सद्गुणको त वयान गरी साध्यै छैन ता पनि कुनै राजनैतिक-वादबाट प्रभावित एक हरिजनको लेख[1] पढियो । जो रामले तपस्वी हरिजन शम्बूकलाई मारे भन्ने थियो । दक्षिण भारत मद्रासका रामास्वामी पेरियरको विपरीत विचार उत्पन्न भयो र उत्तरभारतका धेरै जसो मानिस रामका सन्तान हुन् । दक्षिण भारतका धेरै जसो रावणका सन्तान हुन् भन्ने प्रचार गरी धेरै मानिस त्यस मतमा लागे । १९७४ सन् वैकुण्ठ चतुर्दशीका दिन

---

१. दिनमान ८ जून सन् १९७५, ले. श्यामजित दूवे, शीर्षक "गान्धी और हरिजन" गान्धी भारत में रामराज्य लाना चाहते थे, राम ने अपने राज्यका तपस्वी हरिजनकी हत्या की थी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रावण लीला गरे । त्यसमा मद्रास नगरमा राम, लक्ष्मण र सीताका पुतला जलाए । उनलाई विपरीत विचार कताबाट आयो ? भारतमा अंग्रेजी शासन हुँदा नयाँ पाठ्यक्रम तयार गरी पढाउँन थालियो । जसमा देवासुर संग्राम भनेको आर्य र द्रविडको[२] युद्ध हो इत्यादि फुट मस्तिष्कमा भरिदिन्थे । तर राम ! स्वामीले नाम बदलेर रावण स्वामी भने गराएन छन् । नेपालमा पनि त्यसबाट प्रभावित हुनन् तर थाह छैन । 'रूपरेखा' मासिक पत्रिकाको मदन मणि दीक्षित[३] को लेख उक्त पेरियरका साथ मेल खाने देखियो । जसमा देवासुर संग्राम भनेको आर्य द्रविड संग्राम हो । राम रावण चरित्रका बारेमा पनि विना प्रमाण नै पेरियरजीकै पछिलागे जस्तो भान हुन्छ । जस्तै "धर्मको नाममा होइन, सामाजिक इतिहासको आधारमा राम कथाको अध्ययन गरेमा रामभन्दा सारैनै श्रेष्ठ उदान्त विद्वान् समुन्नत समाज रावणको देखिन्छ । श्रेष्ठताका कारण के के हुन ? भन्ने तर्फ पटक्कै विचार गर्न सक्नु भएनछ, कहाँका रामकथाको अध्ययन गर्नु भएछ ? माथि लेखिएका र हाम्रा समाजमा चलेका रामायणमा र जैन बौद्ध रामायणमा समेत रामकै श्रेष्ठता प्रकट भएको छ ।

कुम्भकर्ण रामायणमा रावण विद्वान् नीतिज्ञ र कुम्भकर्ण योगी भनिएको छ । तर त्यो पछि रावणभक्तबाट पलाएको कथा माथि लेखियो । जँड्याहा रक्स्याहा, व्यभिचारी, जुवाडी मानिसहरू कतिपय प्रतिभाशाली विद्वान्

---

२. द्रविड कडगम की नेता मणि अम्मइले (रामस्वामी पेरियर की स्त्री विधवा) रावण लीलाकी आयोजना की । हमारा दल २४ दिसम्बर १९७४ को राज्यभर रावण लीलाकी आयोजना करेगा । सरिता (१९७८ पृष्ठ–९९) । इनको ७० वर्षका पेरियरका साथ २६ वर्षको उमेरमा विवाह भएथ्यो, धेरै पछि मरे ।

३. विक्रम सं–२०३४ सं० २०३ रूपरेखा, लेखक मदनमणि दीक्षित ज्यू, शीर्षक–"हिन्दू जीवन र सभ्यताको समेत तथा विकास सामान्य चिन्तन" ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि हुन सक्तछन्[१] । त्यस्ताबाट समाजमा अनैतिकताको प्रोत्साहन मिल्छ तापनि प्रतिभा र विद्वताबाट केही लाभ अवश्य हुन सक्तछ । तर विद्वताका साथैं नैतिक व्यवहार र सर्वत्र शान्ति सुरक्षा, मेल मिलापको वातावरण सृष्टि गर्ने सामर्थ्य समेत भएको व्यक्ति नै सर्वश्रेष्ठ मान्न सकिन्छ । नैतिकता पनि सार्वजनिक र व्यक्तिगत गरेर दुई प्रकारका हुन्छन् । हिटलरजीको व्यक्तिगत जीवन अतिनैतिकतापूर्ण सुनियो । तर सार्वजनिक जीवन अति अनैतिक थियो । जसबाट पृथिवी भर नै अति अशान्ति मचाई दिए । सर्वगुण सम्पन्न हुनाले रामचन्द्रको जीवन व्यक्तिगत र सार्वजनिक समेत उच्च नैतिकतापूर्ण देखिन्छ । कसै कसैले रामचन्द्रका पनि दोष प्रकट गरेका छन् । धोवीको नैं भनाइले सती सीतालाई त्याग्नु, स्त्री ताडकालाई मार्नु, बालीलाई झुक्याएर मार्नु, शूर्पणखाको नाक कान काटी विरूप गर्नु, शूद्रको तपस्याले दैवी आपत्ति परेको हो भन्ने कुराबाट तपस्वी शम्वूकलाई आफैंले मार्नु, यी पाँचमध्ये पहिलो ताडकाले जनतालाई उत्पीडन गरेको हुँदा मार्नु पर्छ भन्ने कुरा विश्वामित्रले:गरेकोले मारेकोमा दोषै छैन । धोवीको मात्र भनाइबाट सीतालाई त्याग्नु अनुचित भन्न सकिन्थ्यो । तर लोक मतलाई नदवाई आदर गर्नु राजाको कर्तव्य हुँदा र जैनी रामायण अनुसार दर्वारी षडयन्त्रबाट अयोध्या भर सीताको चारित्रिक दोष फैलाएको हुँदा समाधानको बाटो नदेखेर त्यस्तो गरेको हुँदा दोषै हो तापनि राजा रानी दुवैले वियोग दुःख खप्नु भयो । अग्नि परीक्षाबाट त्यो दुःख छुटेको जैनी

१. हिटलर जाँड, रक्सी, धूम्रपान गर्दैनथ्यो । जर्मनको सर्वेसर्वा भैकन पनि विहा नगरी युवावस्था वितायो । सुत्नु, उठ्नु, खान, पान, सब नियमित थिए । युवतीहरूका साथ छेड खान देखेनन् । तर हार्दै गए पछि आत्महत्या गर्ने निश्चय गरी सक्ता निजको अति सेवा गरी बस्ने स्त्रीले अति आग्रह गर्दा मर्ने तीन दिन अघि विहा गऱ्यो । दुवै एकै कोठामा आत्महत्या गरी मरे ।
(चतुरसेन लिखित "इदो" पुस्तक र रजनीश लिखित "ज्यों को त्यों धर दीन्ही चदरीया)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामायणले भन्यो। मित्रको शत्रुसाधन जसरी पनि गर्नु पर्ने ठहरियो होला त्यसैले बाली मारियो। त्यसो नगरेको भए धेरैं वानर मारिन्थे, हानि हुन्थ्यो। सीतालाई खान खोज्दा शूर्पणखाको त्यो सजाय धेरैले उचित मान्दछन्।

तपस्वी शूद्रलाई मारेको कुरा पूर्वापर विरोध देखिनाले त्यो अंश र त्यस्ता अरु अंश पनि पछि थपिएका प्रक्षिप्त हुन्। किन भने जातीय कट्टरता राम कृष्ण भन्दा पनि धेरै पछि बढदै गएको बुझिन्छ। त्यसै हुँदा हलाको सियामा भेटिएकी सीता बालिकालाई जनकले छोरी मानेर पाले। त्यसवेला जातीय कट्टरता भएता आमा बाबुको जातको टुङ्गो नलगाई घर-भित्र हुल्नै हुंदैनथ्यो। शूद्रकी वा अछूतको छोरी भएता जनक राजाका परिवारको जातै बरबाद हुन्थ्यो । त्यो कुरा सर्वत्र फैलिएकोले जन्मदिने आमा बाबुको पत्ता नलागेकी वेपत्ते कन्यालाई रामले विहे गर्ने थिएनन् रामका छोरा लव र कुश झर्रा हुने थिएनन् ठिम्याहा हुने थिए।

वेददेखि निरूक्त र रामायण सम्म पनि निषाद[1] जात अलग्गै संगठित जातमा गनिएको छ। त्यसका अगुवा मालिकलाई वेदाध्ययनमा र यज्ञमा[2] अधिकार दिएको छ र तिनका साथ मित्रता गर्दै आएका थिए। धेरै पछिदेखि त्यो जात चार जातभित्रै शूद्रमा[3] गनियो। निषाद-का मालिक गुहका[4] साथ दशरथले र रामले पनि मित्रता गरेका थिए।

---

१. निरूक्त १।३।१ वेदका पञ्चजनले ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र निषाद समेत पाँचलाई कहन्छ। निषादेभ्यः पुञ्जिष्ठे भस् चवो नमः (यजु० १६।२७

२. निषादस्थपतिं याजयेत्। मनु १०।८। कात्ययन श्रौतसूत्र।७१।८॥ श्टृक् ८।१।१३ ऋक् १७६।१६

३. निषादः शूद्रकन्या रूपम्। मनु १०।८। ब्राह्मणबाट शूद्रकन्यामा निषाद हुन्छ।

४. गुहामासाद्य धर्मात्मा निषाधिपतिं प्रियम्। वा० रा० १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुहले भोजन गराउँन खोज्दा जङ्गली पदार्थ खानु पर्ने हुँदा खान भएन पानी मात्र खानु भयो। भरतले गुहका घरमा भोजन गर्नु भयो। गाईको[१] मात्र होइन मान्छेको समेत मासु खाने राक्षस जात अछूत जात भन्दा पनि सानु जात हुन्। विरोध र कवन्ध राक्षसलाई मार्दा एकले मर्ने वेलामा माटामा पुरी दिन भन्यो, अर्कोले आगोले डढाइ दिनु भन्यो, भने अनुसार छोएर अन्तिम संस्कार गर्नु भयो। त्यसैले त्यसवेला मनुष्य जात अस्पृश्य मानिदैनथ्यो। भन्ने कुरा स्पष्ट छ। शवरीका कुटीमा गएर भोजन गर्नुभयो। शवर जात क्षत्रिय थिए पछि मात्र शूद्र मानिए। शवरीलाई तपस्विनी धर्मात्मा भनेको छ। वाल्मीकि पनि पहिले व्याधा थिए पछि तपस्या गरेर ऋषि भए। कामनाका आवेशले होइन, आमा र दाज्युले कर लगाएर हिडिम्वा राक्षसीका साथमा भीमसेनले विहा गरे। राक्षसहरूले र अरू अनेक जातले तप गर्दा दैवी आपत्ति आएन वा आए पनि मार्नु परेन तर शम्बूक शूद्रले तप गर्दा आफैं रामले मार्नु पर्‍यो। सिपाही असंख्य र ३ जना भाइ छँदा छँदै आफै राजा रामचन्द्र गएर मार्नु भयो। इत्यादि कुरा असंगत हुँदा शम्बूक शूद्रलाई मारेको कथा पछि थपिएको हो।

जात जन्मबाट कि कर्मबाट ?

वास्तविक कुरा के भने पहिले काम बाँडेर गुण र कर्म अनुसार चार जात मानिए। बाबुको काम छोराले सजिलै सित तालिमको पनि आवश्यकता थिएन र वर्णव्यवस्था उत्तम थियो। तापनि रूढि बनेर प्रशासनमा र रक्षामा रहने ब्राह्मण क्षत्रिय र धनमा डुबी रहने वैश्य ठुला मानिदै गए। शिल्पी र श्रमजीवी तल्ला तहका शूद्र बने। पठन पाठन बन्द गरे पछि शूद्र आफूलाई पनि नचिन्ने बने छापाखाना

५. एतेऽन्त्यजाः समाख्याता ये चान्येऽत्र गवाशनाः। तेषां सम्भाषणात्स्नानं दर्शनादर्कवीक्षणम्। (व्यासस्मृति अ० १ श्लो० ११।१२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदि द्वारा पठन पाठनमा बढे पछि अचेल उच्च वर्णका र तल्ला वर्णका विद्वान्हरूमध्ये धेरै जसोले विद्वता र नैतिकतापूर्ण उत्तम व्यवहारले नै उत्तम हुन सक्तछ भन्ने कुरा मानिएको छ। तर महाभारत[1] गीता[2] मा नै कर्मबाट जात बताएको थियो। वाल्मीकि रामायणको र रामचन्द्रको सिद्धान्त जातीयताका आधारमा छैनन् भन्ने कुरा रामचरित्रबाट स्पष्ट हुन्छ। हीन भावना हटाई उच्च भावना भर्न बीच बीचमा त्यस्तो जातीयताको प्रचार गर्नु त्यस बखत नेताहरूले आवश्यक ठहराए होलान्। जस्तो मनुस्मृति[3] मा देखिन्छ। जसमा मुखबाट जन्मेकोले ब्राह्मण आदिलाई ठूलो भनेको छ। आधुनिक युगमा पनि हिटलरज्यूले जर्मन जात सर्वश्रेष्ठ शासक जात हो। यसमा विश्वको शासन गर्ने क्षमता छ। यहुदीहरू तल्ला तहका मास्नु पर्ने हुन् भन्दै मास्ने अभियान चलाए। पृथ्वीनारायण शाहको एकीकरण अभियानमा पनि वीर गोर्खाली भन्दै प्रोत्साहन गरेको थियो। यी सब बखतमा आउँने बाढी हुन् वैदिक सिद्धान्तले ता सबै प्राणीमा ईश्वर[4] व्याप्त छन्, सबै प्राणीमा मैत्री दृष्टि[5] राख्नु पर्छ। जसरी तिनीहरूको सह आस्तित्व रहन्छ। त्यसरी समता[6] को व्यवहार गर, इत्यादि बताउँछ र त्यसैको नै वाल्मीकि

---

१. न विशेषोऽस्ति वर्णानां सर्वं ब्राह्ममिदं जगत्। ब्रह्मणा सृष्टिपूर्वं तु कर्मभिर्वर्णतां गता। महाभारत शान्तिप० १८८।१० कर्ण पर्व।

२. चातुर्वर्ण्यं मया सृष्टं गुणकर्म विभागशः (गीता ४।१३)
ब्राह्मणक्षत्रियविशां शूद्राणाञ्च परन्तप। कर्माणि प्रविभाक्तानि स्वभाव प्रभवै गुणैः। (गीता १८।४१)

३. ब्राह्मणो जायमानो हि पृथिव्यामधि जायते। ईश्वरः सर्वभूतानां धर्मकोशस्य गुप्तये (मनुस्मृति १।९९)

४. ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत् (यजु० अ० ४०।१।)

५. मित्रस्य चक्षुषा सर्वाणि भूतानि समीक्षन्ताम्। (यजु० ३६।१८)

६. समानमस्तु यो मनो यथा वसु सहासति। (ऋग्वेद अन्तिम मन्त्र।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामायणले अनुसरण गरेको छ। त्यसै हुँदा तपस्वी शूद्र शम्बूक मारिएको कथा शूद्र जातैलाई शिल्प आदि काममा सीमित गरी माथि बढन नदिने व्यवस्था भए पछि थपिएको हो। त्यस्तै नै उत्तरकाण्डमा अरू पनि कल्पित कथा तर उपदेशप्रद थपिएका छन्।

रामको चरित्रलाई अबौद्ध आदर्शमा ढाल्न प्रयत्न गरिएको छ भन्ने शान्ति सुरभजीको भनाइ ठीक देखिदैन। इतिहास विरूद्ध हुँदा असत्य छ। किन कि वैदिक उपनिषद्को नै सांख्य र योग आलार कलाम[1] र उद्रकवाट वुद्धत्व पाउँनुभन्दा पहिले नै बुद्धले पढ्न भएको थियो। शरीर सुक्ने तपबाट लाभ नभएर नदीका किनारमा ध्यान गरेर वस्ता ज्ञान पाएको उल्लेख[2] देखिन्छ। बुद्धको वचन मानिएको धम्मपदमा जहाँ तहाँ "एस धम्म सनन्तन" भन्ने वाक्य देखिन्छ। पुराना कुरा हो मैले समर्थन गरें भन्ने भाव भयो बुद्धभन्दा पुराना वेद, ब्राह्मण र पुराना केही उपनिषद् र रामायण, महाभारत थिए। कुनै कुराको विरोध र कुनै कुराको समर्थन गर्नु स्वाभाविकै हो। वेदका नामबाट गरिएका हिंसात्मक कर्मकाण्डको र जन्मबाटै ठूलो सानो आदिको कडा विरोध बुद्धले गर्नुभयो त्यसको सर्मथन धेरै जसो विद्वान्हरूको हुँदा, ती कर्मकाण्ड समाप्त नै भए। वेदका वैचारिक पक्ष नै बुद्धका उपदेशमा देखिन्छ। रामले आफ्नु स्वास्नी लाने दुष्टका साथया पनि सीतालाई फिर्ता गरेर सन्धि गरौं भन्ने खवर पठाउँनु

---

१. दर्शन दिग्दर्शन, ले० राहुल सांस्कृत्यायन, पृ० ५०१, आलार काला-मने कुछ योग की विधियाँ बतलाई। सिद्धार्थ की जिज्ञासा उससे पूरी न हुई। वहाँ से वह उद्रक रामपुत्र के पास गए। वहाँ भी योग की बात कुछ सीख सके मैंने वन खण्ड में एक नदी (निरन्जना) वहते देखा यही ध्यान योग्य स्थान है सोच वही वैठ गया। अनुपम निर्वाण को पा लिया।

२. धेरै वर्ष अनशन गर्दा लाभ न भै भोजन गर्न थाले पछि ध्यान गर्न वसे अनि ज्ञान भयो भनेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भयो। उसले नमान्दा युद्ध भयो। लङ्का जितेर विभीषणलाई नै राज्याभिषेक गरी केही नलिई फिर्नु भयो। रावणले लुटेको पुष्पकविमान अयोध्या ल्याई कुवेरलाई नै फिर्ता पठाउँनु भयो।

राम र रावणको युद्धलाई पनि आर्य र अनार्यको भन्ने कुरा पाश्चात्य विद्वान्का अनुसरण गर्ने विद्वान्हरूले भने। कसैले आर्य[1] द्रविडको युद्ध भने, त्यो पनि वैदिक सिद्धान्तको र रामायणको विरुद्ध हो। त्यहाँ बुद्धले[2] भनेको आर्य सत्य आदिका आर्यशब्दको आर्यजात अर्थ होइन भनेको छ। त्यस्तै वैदिक आर्य शब्दको सज्जन, विद्वान् अर्थ हो, हाम्रा शास्त्रमा। कहीं पनि आर्य शब्दको जात अर्थ छैन। रावणलाई रामले—

"ब्राह्मण तँ होस् ऋषि पुलस्यत्यजीको त नाती।
राक्षस् कसो गरि भइस् बुझिलेन भाँति" ॥ (भानुभक्तरामायण)

भन्ने खवर पठाउँनु भयो। यस प्रकारबाट पुलस्त्यका छोरा विश्रवाबाट राक्षसकी छोरी कैकसीमा जन्मेको रावणलाई ब्राह्मण नै होस् भनी मेलमिलापको वातावरण बनाउँने चेष्टा रामले गर्नु श्रेष्ठताको लक्षण हो अचेल जस्तो भए कैकसी अछुत भए रावण अछुत र नभए खत्री ठहर्थ्यो, तर रामले बाहुनै मान्नु भयो।

रावणका चाहिं व्यक्तिगत र सार्वजनिक समेत दुवै थरी चरित्र अनैतिक देखिन्छन्। मन्दोदरी, धान्यमाली आदि अनेक पत्नी हुँदा हुँदै झुक्याएर सीतालाई ल्याउनु, सीता वशमा न आएकीले सीतालाई खड्ग लिई मार्न खोज्नु—

"मन्दोदरी विनति गर्न अगाडि सर्दी।
यो खड्ग टारू कसरी भनी चित्त धर्दी" ॥ (भानुभक्तरामायण)

---

१. सरिता पत्रिका र. रूपरेखा ०३४, २०३

२. शान्तिसुरभ लिखित-हाम्रो संस्कृति एक सिंहावलोकन, पृ० ११६ मा आर्यको 'पवित्र' अर्थ भन्ने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसबाट अतिक्रोधी र क्रोधको वेग रोक्न नसक्ने हुँदा ठूलो दुर्गुण देखियो । सत्ताधारी अति क्रोधी भै कति अनर्थ गर्दछन् । त्यसको सीमा छैन । विरोधी मानिसको मासु खान्थे, त्यस्ता मानिसलाई राक्षस भन्दथे । त्यो दुष्टताको पराकाष्ठा हो । सीता वशमा न आएमा दुई मैनामा ।

"तर्कारी भुटुवा बनाउनु असल मीठा मसाला धरी" (भानुभक्त रामायण) भन्ने कुरा रावणले सीतालाई[1] सुनायो । जी हजुर गर्नेका साथ रावण भन्दछ कि सीताका साथ वलात्कार गर्न पनि सक्तथे तर पुंजिकस्थली अप्सराका साथ वलात्कार[2] गर्दा अब यस्तो गरिस् भने मर्ने क्षण भन्ने श्राप परेकोले न गरेको हुँ, भनेको छ । वलात्कार गर्नु ठूलो दुर्गुण हो । सभामा छलफल गर्दा विभीषणले सीता फिर्ता गरेर रामका साथ सन्धि गर्नु उचित छ । सल्लह दिएको रिसले चूर भएर अरू भए मार्ने[3] थिएँ, तँलाई धिक्कार दिन्छु, जा भनेकोले रामका साथ जान बाध्य गरायो । सभामा वा अन्त पनि अरूका अप्रिय कुरा सुन्न न सक्नु पनि ठूलो दुर्गुण हो । दिग्विजय गर्दा धन स्त्री र पुष्पक विमान समेत लुटेर ल्यायो । त्यसैले रावणलाई लोक रावण भनेको छ । त्यसैले रावण तानाशाह ठहरिन्छ । राम प्रजातन्त्रवादी राजाहुनाले धोवीको त्यस्तो असत्य कठोर अप्रिय कुरा सुनेर पनि धोवी-लाई नारी सीतालाई त्याग दुवैले दुःख भोग्नु भयो । रावणले तीनैलोक जितेकोले सैन्य सञ्चालन गर्ने एक गुण देखिन्छ । तर सैन्य सहित त्यसलाई पनि रामले जितेकाले रावण भन्दा सारै नै अतिश्रेष्ठ राम देखिनु हुन्छ ।

दीक्षितज्यूले त्यसै रूपरेखामा रावणको समाज उन्नत देखिनेछ भन्नु भयो । त्यो पनि कुन रामायणका आधारमा लेख्नु भयो । ? अथवा सपनामा देख्नु भयो कि ? माथि लेखिएका परस्त्री, परधनको लुटाई,

१. राम राज्यकी कथा । प्रकरण-३, लेखकः-यशपाल, युद्धमें हरा देने पर उसे मारकर खा जाना ईश्वर का दिया अधिकार मानते थे ।
२. ताभ्यामूर्ध्वं तु मासाभ्यां भर्तारं मामनिच्छतीम् । मम त्वां प्रातराशार्थे सूदाश्छेत्स्यन्ति खण्डशः । वाल्मीकि रा० का० सुन्दर, सर्ग ३२, श्लो० ९,
३. योऽन्यस्त्वेवं विधं ब्रूयाद् वाक्यमेतन्निशाचरः । अस्मिन्मुहूर्ते न भवेत् त्वां तु धिक्कुलपांसन ॥ वाल्मीकि रामायण युद्धकाण्ड १६।१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुष्पक विमान हरण पुञ्जिकस्थलीका साथको वलात्कार, सीताको हरण नै ग्रन्थको मुख्य विषय छ। त्यस बाहेक काट्न खड्ग निकाल्नु, सीताको मासु समेत खान दुई मैना म्याद तोक्नु' शुक र सारण आदि गुप्तचरले गरेको रामका फौजको र गुणको वर्णन सुन्ना साथ मार्न खोज्नु र निकाली दिनु, आफ्नै भाइले सन्धि गर्ने सुझाव राखेकोमा हप्काएर निकालि दिनु, इत्यादि असंख्य असामाजिक काम रावणका देखिन्छन्। रावणका समाजको ऐना रावण नै हो। रावण सत्ताधिकारी नभएको भए प्रथम श्रेणीको असामाजिक तत्त्व गनिएर जन्मकैदमा पर्दथ्यो, वा प्राणदण्डको सजाय पाउँथ्यो। सत्ताधिकारी क्रूर, हत्यारा अरूका कुरा सुन्ने धैर्य समेत न भएको छ, भने त्यसका समाजमा र प्रजामा समेत सदा अशान्ति रहन्छ। त्यस समाजमा कि त्यसलाई कालले समाप्त गरे पछि कि त ठूलो शक्तिले तह गरे पछि शान्ति मिल्द छ।

राम लक्ष्मणपट्टि चाहिं पाई सकेको युवराज पद खोस्ता पनि सम्बन्ध धमिलिएन। जङ्गलमा जाँदा पनि वानर, भालु, गिद्ध आदि जात मानिएका मानिसहरू विना सम्पत्ति नै स्वयंसेवक भै पछि पछि लागे। सम्राट्को जस्तै रामको सम्मान जहाँ पनि छ। आदर्श, त्यागी, शूर, वीर महापुरूषका निम्ति जहाँ पनि राज्य तयार छ। सामाजिक व्यवहार बलियो हुनाले नै त्यागे पनि जनमभर रामकै नाम जपी सीता रहनु भयो। त्यसयुगमा जनसंख्या वृद्धि चाहने हुँदा पुरूषको बहु विवाह मान्य थियो। तापनि गुरू पुरोहितले अर्को स्त्रीका साथ विवाह आवश्यक बताए पनि सो नगरी सीताकै प्रतिमा राखेर धार्मिक काम गरेको हुँदा रामको अति सामाजिकता देखिन्छ। त्यो खवर सीताजीले[1] आश्रममा पाएर रामले मलाई मनैले त्यागेको रहेनछ, भन्ने ठह्र्याई वियोग दुःख सहने सामर्थ्य पाएर छोरा लव कुशलाई शिक्षित गराउँनु भयो।

---

१. सीतां हित्वा दशमुखरिपुर्नोपयेमे यदन्यां, तस्या एवं प्रतिकृतिसखो यत्क्रतूनां जहार। वृत्तान्तेन श्रवणविषय प्रापिणा तेन भर्तुः सा दुर्वारं कथमपि परित्यागदुःखं विषेहे॥ (कालिदास कृत रघुवंश सर्ग १४ श्लोक ८७)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धार्मिक दृष्टिमा राम

दीक्षितज्यूले "धर्मको नाममा होइन", समेत भन्नु भयो। वास्तमा राम कृष्ण नामबाट परमेश्वरको भजनगर्ने परिपाटी प्राचीन समयदेखि नै हामीहरूमा चलेर आएको छ। वाराणसीमा लास बोक्ने हिन्दूहरू "राम नाम सत्य हैं" भन्दै श्मशान तर्फ लास लान्छन्। तो नाम वेदमा छैनन् पनि कसैले भने। नीलकण्ठाचार्यले मन्त्ररामायण, मन्त्र भागवत पुस्तकमा वेदमन्त्रको रामकृष्ण र हनुमान्परक समेत व्याख्या पनि गरेको छ। तर त्यो बुद्धि प्रतिभाको चमत्कार मात्र हो। हामीलाई ती मन्त्रहरूको त्यो व्याख्या फुर्दैन, सायण आदिले पनि त्यो अर्थ गरेनन् तापनि वैदिक सिद्धान्त सम्प्रदाय वाद र जातिवादवाट माथि उठेको अति उदार हुँदा एक सत्[1] परमेश्वरलाई विद्वान्हरू अनेक नामले भज्दछन्" भनेकोले शिव विष्णु, इन्द्र, वरूण, आदि पुराना नामबाट र राम, नारायण, गोविन्द, कृष्ण दुर्गा, देवी इत्यादि हाम्रा शास्त्रमा बताएका नामबाट समेत परमेश्वरको भजन पनि वेदानुकूल नै ठहर्छ। त्यसैले दिल्लीको प्रार्थना सभामा उच्च शिक्षा प्राप्त गर्ने छात्रहरूले "रघुपति राघव राजा राम" भन्ने भजनका बारेमा दशरथ पुत्र सामन्तवादी राजा रामको नाम किन लिनु हुन्छ ? भन्ने प्रश्न गरेकोमा महात्मा गान्धीजीले" दशरथपुत्र आदर्श महापुरूष राम हुन् तापनि त्यस नामले परमात्मा परमेश्वरको भजन गरेको हो, मनुष्यको भजन गरेको होइन" भन्ने उत्तर दिनुभयो। वास्तवमा ता अल्ला, गड आदि नामबाट ईश्वरको भजन गर्ने मुसलमान इंसाईहरूलाई पनि उक्त वैदिक सिद्धान्त अनुसार सधर्मी मान्न सकिन्छ। तर उनले पनि अन्य धर्मीहरूलाई जुन सुकै नामले हरि भजन गरे पनि सधर्मी मान्नु पर्दछ, एकोहोरे काम ठीक होइन। त्यसै हुँदा हिन्दू मुसलमान समेत भै गान्धी आश्रममा "ईश्वर अल्ला तेरे नाम" भन्ने प्रार्थना उचित भए पनि हामी हिन्दूहरूले मात्र

१. एवं सद्विप्रा बहुधा वदन्तिः अग्निं यमं मातारिश्वानमाहुः। ऋक्० २।३।२२)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रार्थना गर्दा अल्लाशब्द मिसाएर प्रार्थना गर्नु उचित ठहर्दैन। अल्लाराम भन्दा डल्लाराम परेको उखानै छँदैछ। किनकि "जसबाट संसार चलेको र जो सर्वत्र व्याप्त छन्। त्यस्ता परमेश्वरको स्वकर्म[1] ले भजन गर्नू" भनेकोले गड, अल्ला आदि शब्दले भजन गर्नु हाम्रो स्वकर्म होइन। ईसाई मुसल्मानका साथमा बसेर धार्मिक सहिष्णुता बढाउँन गान्धीजीको जस्तै प्रार्थना गर्नु ता उचितै हो। तर जहाँ तहाँ मिसाहा प्रार्थना गर्नु उचित होइन।

पारिवारिक पक्षमा राम

राम आदि चारै भाइका एक-एक पत्नी छन्। यो पनि विशेष गरी राज्यपरिवारका निम्ति र अरूका निम्ति पनि ठूलो आदर्श हो। ती चारै भाइका २/२ वटा मात्र छोरा भए। यो आधुनिक युगका निम्ति समेत आदर्श हो। मननीय र अनुकरणीय छ। रामायणका सबै कथा लेखेर साध्य छैन, रामायणमा नै हेर्न पाइन्छ। बहु विवाह निषेध गरेको र जनसंख्या रोक्न परिवार नियोजन द्वारा २।३ सन्तान भन्दा बेसी सन्तान हुनुहुँदैन भन्ने प्रचार गर्दै रहेको यस युगमा राम आदि चारै भाइको पारिवारिक चरित्र अति प्रेरणादायक छ।

उस वेला जङ्गल धेरै भए पनि भरतले रूख नभएको ठाउँमा रूख[2] लगाएको छ। अचेल यो पनि लिनु पर्ने छ। रूख नभएका कुनै ठाउँमा पनि रूखलाउँनु धर्म हो।

दिनचर्या

रामचन्द्र १५ वर्षको उमेरमा विश्वामित्रको आश्रममा जानुभयो। पुग्न निकै दिन लागे, राजपुत्र राम लक्ष्लण थिए तर

१. यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम्। स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः। (गीता १८।४६)।

२. अवृक्षेषु च देशेषु केचिद्वृक्षानरोपयन्। वा. रा. अयोध्याकाण्ड सर्ग ६०।६१ रूख नभएका ठाउँमा रूख लाए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पैदलै हिँडेका छन् । बाटामा नयाँ पुराना आश्रमका कथाहरू तिनको महत्त्व समेत विश्वामित्र बताउँदै हिँड्नुहुन्छ । बिहान स्नान सन्ध्या र सूर्यको नमस्कार गर्न लाउँनु हुन्थ्यो, आफू पनि गर्नुहुन्थ्यो । नयाँ नयाँ शस्त्र अस्त्र चलाउँन र मन्त्रतन्त्र पनि बताउँनु भयो । बिहान सबेरै जगाउनु-हुन्थ्यो । नोकर चाकर लगेको बुझिँदैन । जस्तै रामचन्द्रका पुर्खा दिलीप राजा वसिष्ठ ऋषिको आश्रममा २१ दिन सम्म गाई चराएर वस्ता गाई लिएर वनमा जाँदा अङ्ग रक्षक सिपाहीहरू गाई धपाउँन लगेनन् । जस्तै-दिलीप राजाले आफ्ना साथमा रहेका अङ्ग रक्षकहरूलाई वनमा जाँदा लानु भएन । किनकि-मनुका सन्तानहरू आफ्नू रक्षा आफैं गर्दछन् भन्ने बता-एको छ । (रघुवंश सर्ग २ श्लो ३) त्यस्तै राम लक्ष्मण वनवास जाँदा डेरा बनाउँने, लिप्ने, बढार्ने आदि र भोजन बनाउँने, जुटाउने आदि सबै काम आफै गर्दथे ।

ऋषिहरूता राम लक्ष्मणका समर्थक छदै थिए । राक्षस बाहेक त्यस ठाउँका सबै जातले राम लक्ष्मणको सम्मान सत्कार मानको बाजी राखेर गरे । तेसमा कारण थिए ती दुवैका सद्गुण, ती दुवै जना सत्य मधुर र हित बोल्ने, शूरवीर मिलनसार, निरलस, सदा कार्यशील, स्वा-वलम्बी थिए र दिनचर्या उत्तम थियो, आलस्य थिएन ।

पुर्ख्यौली

राजाहरू चन्द्रवंशी, सूर्यवंशी बताइन्छन् । बाली इन्द्रका छोरा, सुग्रीव सूर्यका, हनुमान् वायुका तेस्तै युधिष्ठिर धर्मका, भीम वायुका, अर्जुन इन्द्रका, कर्ण सूर्यका पुत्र हुन् । मनुष्यको व्यक्तित्वको विकास गर्न, निर्भय बन्न, हीन भावना हटाई उच्च भावना भर्न अनेक कथा, उपाख्यान प्राचीन ग्रन्थहरूमा पाइन्छन् । ती सबै यसै हो भनी विना पुष्ट प्रमाणै ठोकुवा गर्न उचित होइन । ती ग्रन्थका अति आवश्यक खास कुरा लिनु पर्दछ । यस युगलाई हानि गर्ने दास प्रथा आदि समाप्त गरिए । उत्तम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

औषधि पनि म्याद नाघे पछि त्यागे झैं गरि हानिकारक व्यवहार त्याग्नु पर्दछ। हानि र लाभ केही नदेखिने र हामीले समाधान गर्न नसकिने कुरालाई यसै हो भनि लेख्नु उचित नहुँदा संक्षेपमा लेखियो।

भ्रमनिवारण

नेपालमा हेरिने हिन्दी पत्रिका मध्ये दिनमान, साप्ताहिक हिन्दुस्तान, धर्मयुग, नवनीत, कादम्बिनी, सारिता, रविवार आदि प्रमुख हुन्। यिनमा उदार गौरवमय प्राचीन संस्कृति प्रकट गर्दै मध्यकालमा उब्जेका विकृति हटाउँन ठूलो योगदान दिएको र अचेलका अनेक घटना पनि प्रकट गरेका देखिन्छन्। यी बाहेक सरिता र मुक्ता पनि हेरिइन्छन्। ती दुवैको संपादक एउटै विश्वनाथजी भएको बुझिएको छ। तर सरिताले चाहिं सुधारका निम्ति हाम्रा समाजमा भएका फुट गराउँने हानिकारक विकृति मात्र प्रकट गरी सुधार गर्ने दृष्टि राख्नु पर्नेमा प्राचीन उदार चरित्रलाई पनि विकृति गराउने लेख प्रकट गर्दै रहेका देखिन्छन्। मर्यादा पुरुषोत्तम रामचन्द्रको उदार चरित्रलाई पनि विकृत गराई प्राचीन संस्कृतिमा अनादर, अनास्था प्रकट गर्ने चेष्टा गरेको देखिन्छ।

जस्तैः—सरिता सरिता (सन् ८१ सितम्बर प्रथम पृ. २२ ले. लक्ष्मी नारायणसिंह) मा ऋषिहरूका अगाडि रामले राक्षस समाप्त गर्छु भन्ने प्रतिज्ञा गरे। तर विभीषणलाई–लङ्काको राजा वनाकर रामने स्वार्थवश अपनी प्रतिज्ञा ही तो भङ्ग की। तथा—

रघुकुल रीति सदा चलि आई।
प्राण जाय पर वचन न जाई॥

उक्तिको झूठलाया" यो असत्य कुतर्क हो। यसबाट उत्तम चरित्रलाई विकृति गराउँने चेष्टा स्पष्ट बुझिन्छ। त्यसैमा-युद्धमा रावण आदिलाई मारे। तर अरू राक्षस बाँकि नै रहें इत्यादि लेखेर प्रतिज्ञा भङ्ग गरेको दोष रामलाई लगाएको छ।

अर्को अंक सरिता (सितम्बर द्वितीयको पृ. २७) मा अर्को कुतर्क हेरौं–हनुमान् लङ्का पुगेर पहिले विभीषणका साथ भेट गरे लङ्का डढाउँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभीषणको घर चाहिं डढाएनन्। त्यसो हुँदा रामको र विभीषणको पहिले देखिनै साठगाँठ थियो, भनेको छ। यसमा लेखक लक्ष्मी नारायण सिंहज्यूले हिटलरले यहुदी जातै मास्ने प्रतिज्ञा गरी सो मास्ने अभियान चलाएर यहुदीहरूलाई निजको शासन छउन्जेल यातना दिएथ्यो, त्यस्तै संझनुभएछ। तर रामले राक्षस जातै मास्छु भन्ने प्रतिज्ञा गरेकै छैन। आश्रमवासी तपस्वीहरूले आफ्ना साथीहरूलाई राक्षसहरूले मार्दै खाँदै गरेको कुरा प्रमाण सहित प्रकट गर्दा रामले तपस्वीहरूलाई दुःख दिने शत्रु राक्षसहरूलाई युद्धमा लक्ष्मण समेत भै मार्दछु भनेको छ। जस्तै—

तपस्विनां रणे शत्रून् हन्तुमिच्छामि राक्षसान्।
पश्यन्तु वीर्यमृषयः सभ्रातु मे तपोधनाः॥
(अरण्यकाण्ड सर्ग ६। २५)[१]।

बालकाण्डमा पनि 'प्रतिज्ञातश्च रामेण वधः संयति रक्षसाम्'

युद्धमा राक्षसलाई मार्ने प्रतिज्ञा गर्नु भयो। रामको ता अन्यायी, अत्याचारी दुष्टता छुटाउनु र निर्दोष सर्व साधारण, साधु, सज्जनको रक्षागर्नु मात्र उद्देश्य छ। कुनै जात मास्ने उद्देश्य रामायणबाट आउँदैन। यस कुरामा अति अत्याचारी अन्यायी आफ्नो स्वास्नीलाई जवर्जस्ती लाने रावणलाई पनि सीता फिर्ता गर्ने र राक्षसी व्यवहार छोड्ने शर्त राखेर सन्धि गर्ने प्रस्ताव पठाएकोले पनि पुष्टि मिल्दछ। अझ सीताले निर्दोष राक्षस मार्न नहुने हुँदा शस्त्र नलिई हिंड्नुहोस् पनि भन्नु भयो। तर रामले[२] रक्षा गर्न शस्त्र लिन्छु भन्नुभयो। विभीषणका साथ पहिले देखि साँठ गाँठ थियो भन्ने र राज्यको लोभले रामको शरण पर्न विभीषण गएको कुरा पनि सरिताको असत्य हो। शूर्पण-

१. वाल्मीकि रामायण युद्धकाण्ड सर्ग १६ श्लोक १५।१६।१७
२. नकथं च न सा कार्या गृहीत धनुषा त्वया। वुद्धिर्वैरं विना हन्तुं राक्षसान्दण्डकाश्रितान्। तदार्य! कलुषा बुद्धिर्जायते शस्त्रसेवनात्। पुन र्गत्वा त्वयोध्यायां क्षात्रधर्मं चरिष्यसि॥ वा. रा. अरण्यका. स. ९।१५-२८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खाले नै रामलाई आफ्नू परिचय दिंदा रावण[1] शूर वीर कुम्भकर्ण वलवान् तर सुताहा छन् । विभीषण धर्मात्मा राक्षसी व्यवहार नगर्ने छन् । उनको बहिनी म हुँ, भनेको हुँदा सज्जनताका साथ भेट्न इच्छा गर्नु हनुमान्ले स्वाभाविकै हो र उनको घर नडढाएको पनि हो । पहिले देखिको साँठ गाँठ देखिंदैन । रावणले रामका साथ हुने युद्ध बारे सभामा राय माग्दा सीतालाई फिर्ता गरेर रामका साथ सन्धि गरी निष्कण्टक राज्य भोग गर्नुहोस् भन्ने सुझाव दिएकोमा रिसाएर अरू भए मार्ने थिएँ, भाई हुनाले निस्किएर जा भनेकोले रामको शरण पर्न बाध्य हुनुपरेको हो । जो माथि लेखियो । राज्यलोभले रामको शरण पर्न गएको हो भन्ने कुतर्क अति असत्य हो । पहिलेदेखि साँठगाँठ भएको भए वा राज्यका लोभले, रामको प्रशंसा गरेको भएता सीता फिराई सन्धि गर्दा विभीषणले राज्य नपाउने हुँदा सीता फिर्ता नगर्नू भन्दै रावणलाई युद्ध गर्न प्रोत्साहन गर्नु पर्दथ्यो । सो नगरी विभीषणले युद्ध बुझेकाले रावणलाई भने मेरो मुख्य विचार के भने सम्पूर्ण राक्षस सहित लङ्का पुरीको र तपाई राजाको समेत हितका निम्ति रामलाई सीता फिर्ता दिएर हामी सबै सुखले बसौं (वा. रा.[2] यु. का. सर्ग १५ । १४) इत्यादि कुरा दोहोऱ्याई, तेहऱ्याई विन्ति गरे । रावणकै राज्य स्थिर गराउने प्रयत्न गर्दै वा. रा. युद्ध का. नौ अध्यायदेखि १५ अध्याय सम्म नम्रतापूर्वक दृढ़ताका साथ भनेको छ । विभीषणले मात्र होइन रावणका परम हितैषी रावणकी आमाका बाबू

१. रावणो नाम मे भ्राता बलीयान्राक्षसेश्वरः । वीरो विश्रवसः पुत्रो यदि ते श्रोत्रमागतः ॥ प्रवृद्धनिद्रस्तु सदा कुम्भकर्णो महाबलः । विभीषणस्तु धर्मात्मा न तु राक्षसचेष्टितः ॥ अरण्य का. स. १७ श्लो. २२-२३

२. इदं पुरस्यास्य सराक्षसस्य राज्ञश्च पथ्यं ससुहृज्जनस्य । सम्यग्वि वाक्यं स्वमतं ब्रवीमि नरेन्द्र पुत्राय ददातु मैथिलीम् ॥ १४।२१ । धनानि रत्नानि च सुषणानि वासांसि दिव्यानि मणींश्चचित्रान् । सीता ञ्च रामाय निवेद्य देवीं वसेम राजान्निह वीतशोकाः ॥ १५।१४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बूढा माल्यवान्ले पनि "तिमी अधर्म गर्दैछौ शत्रु धर्मात्मा हुँदा वलिया छन् र सन्धि गर। जुन कारणले युद्ध हुन खोज्दैछ ती सीतालाई दिएर रामका साथ सन्धि गर्नुपर्छ भन्ने मेरो मत हो" भने। (वा. रा.[१] यु. ३५।१०)। रावणले आफ्ना दुई मन्त्री शुक र सारणलाई रामको गतिविधि बुझ्न पठायो। गुप्त भेष धरी रामका फौजमा पसेर जाँच बुझ गर्दै थिए। रामका सेनाले चिनेछन् र कुट्तै रामका नगीचमा पुऱ्याए। रामले छुटाएर अंझै जति पनि हेर्नु पर्दछ हेर, बुझ। अब तिमीहरूले कसैसँग पनि डराउँनु पर्दैन भन्नुभयो। रामचन्द्रको शत्रु पक्षका साथ पनि राम्रो व्यवहार देखेर रामका फौजको खवर दिइसकी "जसरी तपाईंको विजय हुन्छ, हार हुँदैन त्यस्तो काम गर्नुहोस् भने। (वा.[२] रा. यु. २८।४४) तर रावणले चाहिं मनमा धेरै चिन्ता भै रिसाएर ती वीर शुक र सारणलाई[३] हप्कायो र भन्यो कि तिमी दुवै वीरले शत्रु पक्षको प्रशंसा गरेकोले मार्ने थिएँ तर तिमीहरूले मेरो धेरै उपकार गरेको हुँदा मेरो नगीचबाट पर जाओ। (वा. रा. २९।५।१३।१४.) रावणले शार्दूल आदि गुप्तचर पठायो। तिनलाई पनि चिनेर तुरुन्तै रामकहाँ पुऱ्याए। रामले छोडिदिएर आए। त्यस पछि रामले अङ्गदलाई पठाउँनु भै अङ्गदले रामको सन्देश रावणका साथ भने कि 'सीतालाई सम्मानपूर्वक फिर्ता गर, नभए सवै फौजका साथ तिमीलाई मारेर विभीषणलाई[४] राजगद्दी दिनेछन्' भने। सो सुने पछि यसलाई पक्र, मार इत्यादि रावणले भन्नाका साथ चार जना वलिया

---

१. तन्मह्यं रोचते सन्धिः सह रामेण रावण। यदर्थमभियुक्तोऽसि सीता तस्मै प्रदीयताम्॥ (वा.रा.यु. ३५।१०)
२. ततः प्रयत्न परमो विधीयतां यथा जयः स्यान्नपरैः पराजयः। २८।४४
३. किञ्चिदविग्नहृदयो जात क्रोधश्च रावणः। भर्त्सयामास तौ वीरौ कथान्ते शुक सारणौ॥ (वा. रा. यु. का. २९।४)
४. देवदानवयक्षाणां गन्धर्वोरगरक्षसाम्। शत्रुमद्योद्धरिष्यामि त्वामृषीणां च कण्टकम्। विभीषणस्य चैश्वर्यं भविष्यति हते त्वयि न" त्सत्कृत्य वैदेहीं प्रणिपत्य प्रदास्यसि। (वा. रा. यु. का. ४१।८१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राक्षसले अङ्गदलाई पक्रे। अङ्गदले तिनलाई लिएरे दरवारको टुप्पो भत्काई तिनलाई फ्याँकेर रामसँग भेटी सवै वृत्तान्त बताए। परस्त्रीलाई अरूको आँखा छली जवर्जस्ती हरण गर्ने रावणका साथ 'यो अन्याय हो, सीता फिर्ता गर्नु पर्छ' भनी सदुपदेश गर्ने विभीषणलाई राज्यलोभी र रामलाई स्वार्थी भन्नु अति अनुचित हो। अथवा ले. लक्ष्मी नारायण सिंह-जीको विचारमा परस्त्रीलाई जवर्जस्ति लानु पनि अन्याय ठहर्दैन कि? जस्तो सरिताको संपादक विश्वनाथज्यूले सन् १९८१ सितम्बर प्रथमको संपादकीयमा "स्त्री वेश्या तव बनी, जब विवाह प्रथा बनी। यदि कोई भी स्त्री पत्नी नहीं है तो किसी के वेश्या होनेका प्रश्न ही नहीं उठता" भन्ने लेख्नु भएको छ। उहाँका मतमा ता कुनै स्त्री पनि परस्त्री नहुने भए। वास्तवमा यो विवाह प्रथा कात्तिकमा कुकुर्नीका पछि डार्रङ्गुर गर्दै कुकुरहरू पछि लागेको अथवा गाईका पछि बहरहरू हानाहान गर्दै लागे जस्तो नहोस् भनेर ऋग्वेद देखिनै चलेको उत्तम प्रथा हो। वहाँका संपादकत्वमा चलेका उक्त पत्रिकामा हाम्रा अति प्राचीन उदार चरित्रलाई समेत विकृत गराई प्रकट गर्दै अनास्था, अश्रद्धा कुनै पाठकमा हुन संभव हुँदा यो लेख लेख्न आवश्यक ठहराएको हो। मन्दोदरीले विलाप गर्दा पनि विभीषणलाई दोषेकी छैनन्। (वा. रा. यु. का स. .... श्लो. ७६।७७)

उक्त लेखकले अर्को कुतर्कका साथै आफ्नू एकतन्त्री सामन्ती विचार पनि प्रकट गरेका छन्। जस्तै "रावण ने बहुत संयम से काम लिया यदि उसकी जगह कोई और राजा होता तो उनकी जान ले लेता"। लेखकले विशुद्ध राजनीति पनि वुझेको रहेन छ। राजाले सभामा सोधेका बेलामा आफ्नू विचार स्पष्ट प्रकट गर्नु पर्दछ। राजाले अप्रिय कुरा सुनेर पनि आवेशमा आउँनु हुँदैन। "हितं मनोहारि च दुर्लभं वचः" इत्यादि कुरा नीतिशास्त्रले भनेको छ। रामको स्वार्थ वारेमा त्यहीं अर्को कुतर्क हेरौं "सुग्रीव और विभीषण कोई दीन हीन व्यक्ति तो थे नहीं जिनसे दोस्ती कर राम ने प्रशंसनीय काम किया"। वास्तवमा पहिले नै रामले अगस्त्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुतीक्ष्ण, शरभङ्ग, जटायु र शवरीका साथमा पनि भेट गर्नु भयो। जसबाट ऋषि, मुनिहरूमा र सर्वसाधारण जनतामा पनि राक्षसहरूले अन्याय, अत्याचार गरेको बुझ्नु भै उनीहरूको रक्षा गर्ने तर्फ लाग्नु भयो। वास्तवमा ता स्वास्नी समेत जफत गरी निकालिएर अन्यायमा परेका सुग्रीव र विभीषण दुवै चाँहि हित र सत्य कुरा सुनाउँदैमा मार्ने धम्की दिई निकालिएका थिए। रामले दुवैलाई न्याय दिनु भयो। रामलाई दोषी सिद्ध गर्न होला असंभव कल्पना गरेको छ। अर्थात् "यदि भरत राजगद्दी छोडनेको तैयार नहीं होते तो भरत के साथ भी रामका वैसा ही व्यवहार होता"। यो पनि अति कुतर्क हो। राजगद्दी दिन पिता स्वर्ग भए पछि मन्त्री पुरोहित समेत भै भरत आए। तर रामले मानेनन्। वाल्मीकि रामायण अयोध्या काण्ड सर्ग ९७मा लक्ष्मणलाई रामले 'म भरत विना राज्य गर्दिन भनेको छ।

सबै रामायण भन्दा पुरानु ऐतिहासिक दृष्टि भएको वाल्मीकि रामायण हो भनि माथि लेखियो।

अध्यात्म, आनन्द रामायण र तुलसीकृत, भानुभक्त आदि रामायण भक्ति प्रधान छन्। ती सबैमा अतिशयोक्ति र अद्भुत वर्णन पनि पाइन्छ। इस्लाम शासन कालको वातावरणबाट प्रभावित भै भक्तिमार्ग कमजोर हुन लागेको समयमा तुलसी कृत रामायण तयार भै सर्वत्र फैलिएको छ। रोचक र गीतिमय हुँदा भारत नेपालमा पनि धेरै ठाउँमा फैलिएको हो तुलसी रामायणको आलोचनाको आडमा असत्य कुतर्क द्वारा राम र विभीषणको असत्य आलोचना गरेको देखियो। सुग्रीव, जटायु, जाम्बवान् आदि अति भिन्न जातिका सच्चरित्र मानिसहरूको अभेद्य संगठन अति सच्चरित रामको अध्यक्षतामा संगठित भै अतिदुश्चरित्र तर पशु बलबाट परिपूर्ण भएको रावण एक व्यक्तिको तानाशाही साम्राज्य समाप्त गरी धर्मात्मा, सच्चरित्र, न्यायप्रिय विभीषणलाई राज्य सुम्पेर, विभीषण, सुग्रीव, हनुमान् आदिलाई परिवार सहित पुष्पक विमान द्वारा अयोध्यामा आफ्नू राज्याभिषेक पर्यन्त राखी, आफ्ना घरमा जान संमानका साथ विदा गर्नु भयो। किष्किन्धामा र लङ्कामा आफ्नू दावी सबै छोडेकोले प्रतिनिधि (वायसराय) पठाउँनु भएन। साम्राज्यवाद र तानासाही राममा छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विश्व मानव परिवारवादी राम

रामको मुख्य सिद्धान्त विश्व परिवारवादी थियो। मध्य कालमा पानी खान छुन मात्र होइन त्यस्ता अछूत जातका साथ बोलेछ भने पनि नुहाए शुद्ध हुन्छ भन्ने कुरा "१६ जात गनेर यी जात अन्त्यज (अछूत) हुन् । यी देखि बाहेक गाईको मासु खाने जति मनुष्य छन् । ती सबै अन्त्यज हुन् । ती मान्छेका साथ बोलेछ भने नुहाउँनु पर्दछ । तिनलाई देखेमा सूर्य-लाई हेर्नु पर्दछ ।" (व्यास[1] स्मृति (१।११।१२) ले भनेको छ । तर रामचन्द्रले राक्षस जातका विभीषण आदिका साथमा मित्रता गर्नुभयो । रावणलाई पनि पुलस्त्य ऋषिका नाति, विश्रवा ऋषिका छोरा हुँदा ब्राह्मण हौ, व्यवहार छोड 'भन्ने पनि खवर पठाउँनु भएर आफ्नु समाजका साथ मेल गराउँने चेष्टा गरेको अनुकरणीय छ ।

एकथरी मनुष्यहरू आपत्कालमा मात्र होइन, शत्रु मानेका मानिसलाई मारेर मासु खायो भने त्यसको प्रेतले दुःख दिंदैन भन्ने कुरामा विश्वास गर्ने जात पनि छन्, भनी पत्रिका लेख्तैं छन् । तानाशाह इदी अमीन प्रसंगवश भन्थ्यो अरे "आदमी का गोस्त सबसे ज्यादा जायके दार नमकीन होता है" । "अमीन काकवा कवीलेका था । इस कवीले में दुश्मनके शरीरका मांस खाना और उसका खून पीना एक धार्मिक कृत्य माना जाता है" । (सन् १९८१ अप्रैल १६-३० पृ० ५८-६६, सारिका) (धर्मयुग सन् १९७९ जून ३-९ शीर्षक—क्या आदम खोर भी ?) शूर्पणखाले विभीषणलाई धर्मात्मा र राक्षसी व्यवहार नगर्ने भनेकोले निरपराधलाई दुःख दिनु र शत्रु मानिसको मासु खानु पनि विभीषणमा थिएन भन्ने कुरा स्पष्ट हुन्छ । मानिसको मासु खाने जातले गाईको किन छोड्थ्यो । त्यस्ता जातका साथमा पनि मित्रता गर्नु भएकोले जातका आधारमा सानु, ठूलो मान्ने र कुनै जातलाई अछूत मान्ने चलन त्यस युगमा थिएन । अथवा

१. एतेऽन्त्यजाः समाख्याता ये चान्ये च गवाशनाः । तेषां संभाषणात्स्नानं दर्शनादर्कवीक्षणम् ।। (व्यासस्मृतिः १।११।१२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भए पनि रामले मानेको प्रमाण छैन । तपस्या गरेकोले शम्बुकलाई मारेको कथा शूद्रलाई पठन-पाठन अधिकारबाट वञ्चित गरे पछि बढाएको प्रक्षिप्त हो भन्ने माथि लेखियो । त्यस्तै अरण्यकाण्डको ब्राह्मण मुखबाट र शूद्र पाउबाट भन्ने "मुखतो ब्राह्मणा जाताः–पद्भ्यां शूद्रा इति श्रुतिः (सर्ग १४।३०) श्लोक पनि प्रक्षिप्त हो । किनकि ! पूर्वको २९ श्लोकमा नै कश्यपकी स्त्री मनुवा[1] मनुष्य ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र भए भनेको हुँदा मनु नामकी स्त्रीको खुट्टाबाट र मुखबाट भन्नु प्रत्यक्ष विरोध र शास्त्र विरोध भयो । ३० श्लोकमा श्रुति भनेको 'ब्राह्मणोऽस्य' भन्ने मन्त्र हो । त्यसको विस्तृत अर्थ अन्त गरिने छ ।

ब्राह्मणोऽस्य मन्त्रको पूर्व मन्त्रमा विराट् पुरुषलाई के-के कल्पना गरे भन्ने प्रश्न छ । उत्तर मन्त्रमा पनि "श्रोत्रात्तथा लोकाँनकल्पयन्" भनेकोले यो ·····मनुष्य समाजलाई मुख, बाहु, तिघ्रा, पाउ समेत चार प्रकारले कल्पना गरे भन्ने अर्थ हो । राक्षसहरू जङ्गलमा थोरै-थोरै उत्तर भारत तर्फ पनि ताडका आदि भएको उल्लेख छ । तर दक्षिण भारत र लङ्कामा समेत राक्षसहरूका ठूला-ठूला राज्य थिए । चार जात बाहेक निषाद जात पनि ठूलो संख्यामा र सङ्गठित पनि थियो । त्यसैले वेदको पञ्चजन शब्दको अर्थ गर्दा निरूक्तले "चत्वारो वर्णा निषाद पञ्चम" भनेको छ । निषादाधिपति गुहका साथ रामको मित्रता थियो ।

गिद्ध वानर भालू को थिए ?

वानर, ढेडु (गोलाङ्गूल) भालु (जाम्बवान्) गिद्ध र (जटायु) राक्षस को थिए ? उक्त पाँचै जातका साथमा रामचन्द्रले मित्रता गरेको छ । वानर हनुमानका साथमा पहिलो वातचितमा नै रामले चारै वेद र

१. मनुर्मनुष्यान्जनयत्कश्यपस्य महात्मनः । ब्राह्मणाक्षत्रियावैश्यान्छूद्रांश्च मनुजर्षभः । (वा. रा. अरण्यकाण्ड स. १४।२९। सर्वान्पुण्यफलान् वृक्षानलापि व्यजायत । २१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण व्याकरण पनि हनुमान्ले पढेको रहेछ भन्नु भयो । सीताका साथ भेट गरी वात गर्ने बेलामा पनि बाहुनको जस्तो संस्कृत भाषामा बोलो भने रावण छल गर्न आए छ भनेर सीता डराउनु हुनेछ भन्ने शंका गरेकोले हनुमान् आदि उक्त जातहरू मनुष्यै हुन् र विद्वान् पनि थिए । नेपोलियन् बोनापार्टले टोपीमा दुई वटा सिङ लाए जस्तै गरी ती मनुष्य-हरूले आफ्नू जातीय चिह्न पुच्छर, पखेटा आदि राखेको हुन सक्छ । अथवा जे होस् ती उक्त जातहरू विभिन्न प्रकारका थिए । त्यहाँ ऋषिका आश्रम पनि प्रशस्त थिए । ऋषिहरूलाई अरू जातबाट पीर नभएको । तर राक्षस जातबाट चाहिं अत्यन्त पीर भएको रामले बुझ्नु भयो त्यसै हुँदा जनस्थानका १४ हजार राक्षसहरू लड्न आएकालाई मार्नु भयो । वालिलाई लुकेर मार्नमा पनि मुख्य कारण के देखिन्छ भने रामले युद्ध घोषणा गरेर लडेको भए गल्ती हुन्थ्यो । वालिको छोरो अङ्गद लगायत वानर फौज समेतका साथमा रामले लड्नु पर्दथ्यो । रावणका साथ तुरुन्तै लड्ने वानरको फौज कमजोर भैसकेको र आफ्ना नाता गोता रामले मारेकोले राममा भित्री अश्रद्धा भै राम, लक्ष्मणलाई मौकामा खतरा पनि हुन सक्थ्यो । सुग्रीवकी पत्नी लगेकोलें अपराधको निहुँ पनि भएर त्यसरी मारेर सद्गति गरे पछि अङ्गदलाई नै युवराज पदमा राखेकोले वालि मारेको पीर सबैले बिर्सिए ।

रामको सिद्धान्त सबै मानवका साथ भ्रातृभाव राख्ने कुरा बुद्धले लिएको छ । तर वैदिक दर्शन आलार कालाम र उद्रकबाट पढेको र उपदेशमा पनि वेदका विचार पक्ष र यो सनातन धर्म हो भने पनि वेदको वास्ता बुद्धबाट भएन । महाभारतका समयमा ता उपदेश मानवताको गरे पनि खाण्डव वन पोल्दा मय आदि थोरैलाई छोडेर सबै राक्षसलाई पोल्नु, एकलव्यको बूढी औंलो माग्नु, मद्य-पानबाट मातेर काटाकाट गरी सकिनु इत्यादि असंख्य मानवता विरोधी काम देखिन्छन् । रामायणमा यी कुरा देखिदैंनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामचन्द्रको राज्याभिषेक

रामको राज्याभिषेक जातका आधारमा गरेको छैन। सीताका साथ रामलाई रत्नमय आसनमा राखेर समुद्र समेतको तीर्थ जलले सुनको घडाबाट वसिष्ठ आदि गुरु पुरोहित[1] समेत सात जनाले अभिषेक गरे। कन्याहरूले, मन्त्रीहरूले, सेनापतिहरूले र जन प्रतिनिधिहरूले पनि अभिषेक गरे पछि वसिष्ठ गुरूले रत्न जडित किरीट लगाई दिनुभयो। तर अभिषेक गर्ने चोखो पानी वानरले र राक्षसले ल्याए भनेको छ। तर अचेल भए वाहुन छेत्रील ल्याएको मात्र चोखो पानी मानिन्थ्यो।

शुक्ल यजुर्वेदको अ० १० मन्त्र १७ मा सुन समेतको वाघका छालामा राजालाई राखेर तोर्थको जल पलाँश, डुम्रो, वर र पीपलको समेत चारवटा आरीमा हालेर पुरोहित वा अध्वर्यु मध्ये एकजनाले पलाँश पात्रको जलले अभिषेक गरोस्। नगीचैंको नातादारले डुम्रोको पात्रबाट, क्षत्रीले वरको पात्रबाट र पीपलको पात्रबाट वैश्यले अभिषेक गर्नू भनेको छ। यो कात्यायन श्रौत सूत्रले बताएको विधि हो।

हाल नेपालको राज्याभिषेक

हाल नेपालमा विष्णु धर्मोत्तर पुराण वेद ब्राह्मण सूत्र ग्रन्थको समेत प्रमाणबाट चार जात द्वारा अभिषेक गर्ने गरेको देखिन्छ। अनेक प्रकारका तीर्थ जल र समुद्रको जल समेत ल्याएर सर्वौषधि आदि हाली सुन, चाँदी ताँवो र माटाका समेत चारथरी घडाले ब्राह्मण, क्षत्री, वैश्य र शूद्र समेतले राजाको अभिषेक गराउने गरेको छ। उक्त चार जात नै जन प्रतिनिधि ठहरिए, छन्। वेदमा दासको उल्लेख भए पनि कुन जातलाई ? भनो तो केको जानिएन, विजित नै हुनन्।

---

१. ऋत्विग्भिर्ब्राह्मणैः पूर्वं कन्याभिर्मन्त्रिभिस्तथा। योधैश्चैवाभ्यषिञ्चंस्ते संप्रहृष्टैः सनैगमैः। वा. रा. यु. का. सर्ग १२८। ६३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यकालमा शूद्र जातलाई तल्लो तहमा राखेको पठन-पाठन वेदाध्ययन निषेध गरी दास गराउँन समेत मनुबाट लेखिएको हो। तर वि. सं० ८१ देखि दास प्रथा छुटेर ७ सालदेखि सवैमा जागृति बढ्दै गएकोले र नयाँ मुलुकी ऐन बने पछि सबै जातले समान अवसर सरकारी स्तरबाट पाएकोले समेत अचेल मानिसहरू शूद्रमा गनिन चाँहदैनन्। सवैलाई वीरगञ्जको हिंदू सम्मेलनले वेदको वीज आद्य अक्षर ओङ्कारको अधिकार धार्मिक स्तरले समेत दियो। किरात आदि जातलाई ता महाभारतमा र मनुस्मृतिमा समेत क्षत्रियमा गनेकोले शूद्रमा गनिन किन चाहन्थे? शास्त्रोक्त विधि ५–१३७ वर्ष अघि कौरव-पाण्डवयुद्धमा ७ सय हात्ती सहित सैन्य लिएर किरात राजा त्यस युद्धमा लड्न आएका थिए। नेपालमा पनि धेरै पुस्ता सम्म किरात राजा थिए" भन्ने कुरा इतिहासबाट बुझिन्छ। किरात जात आर्य क्षत्रिय हुन् भन्ने कुरा स्पष्ट छ।

किरातजातका मन्त्रीज्यूले शूद्रको प्रतिनिधिरूपबाट राज्याभिषेकमा सम्मिलित हुनु भएकोमा कयौं किरात दाजु भाइले र हलचल आदि पत्रिकाले समेत हामी किरातहरू अफुकाई शूद्र जात मान्दैनौं इत्यादि आशय प्रकट गरेको सुनियो र देखियो पनि। वास्तविक कुराके भने शूद्रको प्रतिनिधि ब्राह्मण, क्षत्रिय पनि हुन्छन्, शूद्रै पनि हुन सक्छ, शूद्रको प्रतिनिधिवने कोले शूद्र बन्यो भन्ने तर्क ठीक होइन। किरात जात क्षत्रिय हुन् भन्ने कुरा महाभारत र मनुस्मृतिले भनेको छ।

सुग्रीवको राज्याभिषेक

कुश परिस्तरण[1] (ओछ्याउनु) गरेको ठाउँमा आगो बालेर

१. शनकैस्तु क्रियालोपादिमाः क्षत्रिय जातयः। वृषलत्वं गता लोके ब्राह्मणादर्शनेन च ॥ ४३ ॥ मनु. अ. १० पौण्ड्रकाश्चौड्र द्रविडाः काम्वोजा यवनाः शकाः। पारदाः पल्लवाश्चीनाः किराता दरदाः खशाः ॥ ४४ ॥ !किरातराजो यत्प्रादाद् द्विरदान् सव्यसाचिनः। द्रोणपर्व महाभारत।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्र[१] जान्ने मानिसहरूले मन्त्रले शुद्ध गरेको हविद्वारा हवन गरे । सुनका घडाद्वारा अभिषेक गरेको बताएको छ । (किष्किन्धाकाण्ड सर्ग २६ श्लो. २८।२९–३३, महर्षिहरूले बताएको शास्त्र अनुसार गरे ।

विभीषणको राज्याभिषेक[२] पनि रामको आज्ञाबाट लक्ष्मणले इष्ट मित्र राक्षसहरूका साथ रहेका धर्मात्मा विभीषणको मन्त्रहरूले बताए अनुसार विधिपूर्वक राज्याभिषेक गरे ।

अन्त्येष्टिक्रिया

मान्छे मरे पछि लास (शव) को टुङ्गो लगाउँनु अन्त्येष्टिक्रिया हो । विराध राक्षस बलवान् थियो । त्यसले भन्यो कि ! 'म हतियार लिएर यहाँ डुल्दछु, ऋषिको मासु खान्छु । त्यसले मर्ने बेलामा मलाई हाम्रो चलन अनुसार खाडल खनेर पुरिदिनु भने अनुसार रामलक्ष्मणले गर्नु भयो । बालि मरे पछि जलाए । हाम्रो १०।११ दिन सम्म आशौच वार्ने चलन शास्त्रमा हुँदा गरिदैछ ।

रावण मरे पछि रामले 'अन्त्येष्टि क्रिया गर्नु पर्छ' भन्नु भयो । विभीषणले 'धर्मव्रत त्यागने अति[३] निर्दयी, परस्त्रीलाई हातपात गर्ने यस्ताको संस्कार गर्न योग्य छैन' भन्नुभयो । रामले 'मरे पछि यस लासका[४] साथ वैरभाव

---

१. ततः कुशपरिस्तीर्णा समिद्धं जातवेदसम् । मन्त्र पूतेन हविषा समिद्धं जातवेदसम् । सर्ग २६।२८।३३ किष्किन्धा काण्ड ।

२. विधिना मन्त्र दृष्टेन सुहृद्गणसमावृत्तम् । अभ्यषिञ्चत्स धर्मात्मा शुद्धात्मानं विभीषणम् ॥ वा. रा. यु. का. ११२ । १५

३. व्यक्त धर्मव्रतं क्रूरं नृशंसमनृतं तथा । नाहमर्हामि संस्कर्तुं परदाराभिमर्शिनम् ॥ १११ । ९३ यु. का. वा. रा.)

४. ततो दशाहेऽतिगते कृतशौचो नृपात्मजः । द्वादशेऽहनि संप्राप्ते श्राद्ध कर्माण्यकारयत् ॥ ब्राह्मणेभ्यो धनं रत्नं ददावन्नञ्च पुष्कलम् । वास्तिकं बहुशुक्लं च गाश्चापि बहुशस्तदा ॥ २ ॥ त्रयो दशोऽयं दिवसः पितुयस्य ते प्रभो । सावशेषा आस्विनिचये किमिव त्वं विलम्बसे ॥ २२ ॥ वा. रा. अयोध्या का. सर्ग ७६ । ७७ । श्लोक १–२२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छैन। जसले अपराव गरेको थियो समाप्त भएर हाम्रो उद्देश्य पूरा भै सक्यो। वेदले बताए अनुसार राजाको सम्मानका साथ अन्त्येष्टि संस्कार गर्नुपर्छ'। विभीषण लङ्का नगरमा पसेर रावणको अग्निहोत्रको अग्नि-लिएर त्यसैले चितामा राखी दाह संस्कार गरे। यसवाट वैदिक-कर्मकाण्ड लङ्कामा पनि पुगेको बुझिन्छ, कर्मकाण्ड संचालन गर्ने वर्ग पनि पुगेकै देखिन्छ।

रावण, विश्रवा ऋषिको छोरो हुनाले अग्निहोत्र आदि वैदिक कर्म काण्डको उल्लेख देखियो। आमा राक्षसकी छोरी हुँदा र अरू कुसंगत हुँदा समेत रावणको व्यवहार राक्षसी देखियो।

भरत र शत्रुघ्नले गुरू, पुरोहित, मन्त्री आदिको सहयोगवाट अयोध्यामा नै दशरथको तेन्ह दिन सम्मको क्रिया सकेको थियो। बाह्रौं दिनको श्राद्ध[1] र दान दक्षिणा सके पछि तेह्रौंदिनमा श्मसानमा गई दाह संस्कारद्वाट बचेका हाडहरू वटुलेर टुङ्गो लगाएको उल्लेख छ। तर हामीहरू उसै दिन पानीमा बगाएर चिता साफ गर्दछौं। राम, लक्ष्मणले चाहिं पिता स्वर्गे भएको कुरा भरतादिवाट सुने पछि चित्रकूटमा स्नान गरी चिउरीका गेडाको पिना र बयर मिलाएर 'पिताजी! मैले चढाएको यी पिण्ड भोग्नुहोस्' भनेर दिनु भयो। चारै भाइले वावुको शोक गर्दै विलाप गरे। खीर आदिको पिण्ड नदिएर पिनाको पिण्ड किन दिनु भयो? मनुष्यले जुन भोजन गर्दछन् त्यही चढाउँनु पर्ने हुनाले रामले जङ्गली पदार्थ मात्र खाने व्रत चौध वर्षको निम्ति गरेकोले त्यसो गरेको हो। (वा.[2] रा. अयोध्या का सर्ग १०३ श्लो २४–३०)

---

२. मरणान्तानि वैराणि निवृत्तं नः प्रयोजनम्। क्रियतामस्य संस्कारो ममाप्येष यथा तव॥ वर्तते वेदविहितो राज्ञो वै पश्चिमः क्रतुः। प्रच ··राक्षसेन्द्रस्य पितृमेधमनुत्तमम्॥ वा. रा. यु. का. १११। १००–१३।

२. ऐङ्गुदं वदरैर्मिश्रं पिण्याकं दर्भसंस्तरे। न्यस्यरामः सुदुःखार्तो रूदन्वचनमब्रवीत्॥ २६॥ इदं भुंक्ष्व महाराज प्रीतो यदशनावयम्। यदन्नः पुरूषो भवति तदन्नास्तस्य देवताः॥ वा. रा. १०३। ३०) एतन्ते राजशार्दूल विमलं तोयमक्षयम्। पितृर्लो कगतस्याद्य········ ········(वा. रा. १०३।·······

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

और्ध्वदेहिक क्रियामा दान दक्षिणा आदि खर्च आफ्नू शक्ति अनुसार मात्र गर्नु, शक्ति भन्दा बेसी गरे छ भने मर्ने र बाँच्ने दुवै थरीलाई दुःख मिल्नेछ। (मनु, ११।१०) मनुमा भनेको हुँदा अयोव्यामा दशरथको क्रियामा घर, जग्गा, सुन, गाई आदि धेरै वस्तु भरतले दान गर्नुभयो तर रामले चित्रकूटमा क्रिया गर्दा पुरोहित नलगाई दाजुभाई भै तर्पण पिण्ड मात्र गरेको दान दक्षिणा समेत नगरेको देखिन्छ। यो कुरा पनि सर्व-सावारण अशक्तका निम्ति उत्तम छ। गिद्ध जटायु मर्ने बेलामा भेट भै सीतालाई रावणले लाँदा 'मैले छुटाउँन युद्ध गरें, त्यसै चोटले मर्न लागें' भन्दै मरे। रामलक्ष्मणले बाबुको मित्र हुँ भने काले र मनुष्यका अनेक जात मात्र होइन, अनेक जन्तुलाई पनि बन्धु मान्ने आदर्श हुँदा निजको दाह संस्कार गरी तर्पण पिण्ड गर्नुभयो। दान दक्षिणा केही पनि गर्नु भएन। वास्तवमा मर्नेले पाउँनु नपाउँनु हाम्रा निम्ति अदृष्ट छ, तर मरेकाको उद्देश्यले केही चढाउँनु उत्तम हो, कृतज्ञता हो। रामका यी अनुकरणीय आदर्श हिन्दू जगत्ले मान्दछ भने हरिजन लगायत मनुष्य र अरू जन्तुको पनि मर्दा पर्दा सम्मिलित भै स्पर्श सहित सहयोग गर्नु पर्छ। राम नाम जप्ने मात्र होइन। चित्रकूट तर्फ रामचन्द्रलाई फिराउँन गुरू पुरोहित मन्त्री सैन्य समेत भै भरत जाने हुँदा रथ हिड्न हुने बाटो बनाउँन नाप नक्सा जान्ने, माटो काट्ने, पुर्ने, पानी निम्ति इनार खन्ने, रूख ढाल्ने, ताछ्ने, रूख नभएका ठाउँमा रूख पनि लगाउँने अनेक प्रकारका सीप भएका मानि-सलाई खटाएर बाटो तयार पारे। यसबाट धेरै कामका विशेषज्ञ भएको बुझिन्छ। वा. रा. अयो. का. सर्ग. ८०।

आर्य-अनार्य

बौद्ध ग्रन्थका आर्य शब्दको राहुल आदिले श्रेष्ठ अर्थ गरे। वाल्मीकि रामायणमा आर्यशब्दले वा अनार्य शब्दले कुनै जात विशेषलाई भनेको छैन। एउटै व्यक्तिलाई निन्दा गर्दा अनार्य भनेको छ। राजा दशरथले कैकेयीले रामलाई वनवास पठाउँने मांग गर्दा अनार्या भनेका छन्। (अयोध्या का. सर्ग १२, श्लोक) हन्तानार्ये ममामित्रे सकामा सुखिनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भव ॥ ५२ ॥ उनै कैकेयीलाई सीताले आर्या भनेकी छन् । (कैकेयी नाम भर्तारं ममाया याचते वरम् (वा. रा. अरण्य का. सर्ग ४७।६।) वालिमरे-पछि सुग्रीवले वालिलाई आर्य भनेको छ" और्ध्वदेहिकमार्यस्य क्रियतामनुरूपतः । वा. रा. कि. का. सर्ग २५।३०) । रावण मरे पछि लङ्का नगरका राक्षसीहरू विलाप गर्दै हे नाथ ! हे आर्यपुत्र ! भन्दै राक्षस लोग्नेहरू मरेको युद्ध स्थलमा आए । (वा रा. यु. का. सर्ग १०।)

आर्य पुत्रेति वादिन्यो हा नाथेति च सर्वशः ।
परिपेतुः कबन्धाङ्कां महीं शोणित कर्दमाम् ॥ ४ ॥

त्यसो हुँदा फलानु आर्य जात, फलानु अनार्य जात भनेर छुट्याएको फूट गराउँन अंग्रेज शासन पक्षका विद्वान्हरूले त्यस्तो इतिहास पाठ्यक्रममा राखेको र त्यसैलाई पढ्ने भारतीय र नेपाली पठित मानिस त्यसैलाई व्रह्मवाक्य वा वैज्ञानिक मानी पढ्ने र लेख्ने गर्दछन्, । तर वैज्ञानिकता सत्य हुन्छ । वाल्मीकि रामायणको अध्ययनबाट आर्य शब्दको जात अर्थ गर्नु उक्त प्रमाणबाट असत्य हो । नाक नेप्टा हुने काला पनि आर्य हुन् र छन् पनि । त्यसैले अमरकोषले "महाकुलीनार्थ सभ्यसज्जनसाधवः । (व्रह्मवर्ग–३) सभ्य, सज्जन, साधुलाई आर्य भन्दछन्, भनेको छ । वेदका आर्य शब्दको पनि सभ्य अर्थ हो जात होइन ।

वाल्मीकि रामायणमा सती जाने प्रथा छैन

राजा दशरथ स्वर्गे हुँदा रानीहरू मलामी पनि गए, तर कुनै पनि सती गएनन् । उत्तर काण्डमा आगोमा फालहानी सती गएको कथा छ । उत्तरकाण्डका धेरै कथा प्रक्षिप्त हुन् भनी माथि लेखियो । अथवा आत्म-हत्या गरेको हुन सक्तछ । मनु. याज्ञवल्क्य आदि स्मृतिमा सतीप्रथा देखिंदैन । नारद स्मृति व्यासस्मृति (२ । ५२–५५) या रक्षस्मृति (४ । १९)

१. तेन मे जननी दीना तच्छरीरं पितुर्मम । परिष्वज्य महाभागा प्रविष्टा हव्यवाहनम् । (वा. रा. उ. का. १० । १५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा पराकर (४ । ४३ । ३) माछ भनी विश्वपरिचय[1] नेपालमा लेखेको छ । ४३ स्मृति पाइए । सो स्मृति पाइए । सो स्मृति छैन । केशर पुस्तकालय·········संख्यामा नारदस्मृति छ, तर वि. सं. १४०६ को समसुद्दीनको आक्रमण लेखेकोले पछिको हो । तर मध्यकालमा भने सतीप्रथा (लोग्ने मर्दा साथै पत्नीलाई पनि पोल्ने काम नेपाल, भारतमा अनिवार्य रूपमा थियो) । कान्तिपुरे राजा महेन्द्रमल्ल १७३७ मा स्वर्गे हुँदा नौवटी रानी सती गए । राष्ट्र-निर्माता श्री ५ पृथ्वी नारायण शाह १८३१ मा स्वर्गे हुँदा नौ वटी रानी सती गए । पाटनका राजा योगनरेन्द्रमल्ल स्वर्गे हुदा ३१ वटी रानी सती गए । २२ सय वर्ष अघि अशोकको पालामा उत्तर भारतमा थिएन दक्षिणमा थियो । (नवरीत जनवरी १९८१ पृ० ४२) वि० सं० १९७७ मा सरकारी विधानद्वारा कडाइका साथ बन्द गरियो । भारतमा यो भन्दा पहिले नै बन्द भएको थियो । कुनै प्रथा पनि १ । २, शताब्दी चले पछि ऐतिहासिक ज्ञान नहुँदा धर्नमा गनिएर हत्तपत्त छुट्न सक्तैन । मिश्र देशमा ४ हजार वर्ष देखि थियो । वहांबाटै यहां आयो । (सरिता जनवरी प्रथमम्–१३३) मनु. ४ । १७६ ले धर्म पनि हानि गर्ने भएमा छोड्नू भने कै हुँदा छोडियो ।

१. बालपोष । वर्ष १ अंक ४ पृष्ठ १४
२. विश्व परिचय नेपाल । भाग १। पृष्ठ ३९१। शीर्षक–शती प्रथा, लेखक–युवराज कार्की
३. तौ काष्ठ संघाटमथो चक्रतुः सुमहाप्लवम । शुष्कैर्वंशैः समकीर्णम् शीरैश्च–समावृत्तम् ।। १४ ।। अयोध्याकाण्ड सर्ग ।। ५५ ।। ततो वैतसशाखाश्च जम्बूशाखा-श्चवीर्यवान् । चकार लक्ष्मणश्चित्वा सीतायाः सुखमासनम् ।। १५ ।। वा. रामायण अयोध्याकांण्ड सर्ग ।। ५५ ।।
४. लक्ष्मणाय दारूणि शुष्काणि च वराणि च । कुरूष्वावसथं सौम्य वासे रमते मनः ।। १९ ।। तस्य तद्वचनं श्रुत्वा सौमित्रिर्विविधाव्रसान् ।। आजहार ततश्चक्रे पर्णशालामरिन्दमः ।। २० ।। अयोध्या काण्ड सर्ग–५६ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शरीरश्रम

स्वास्थ्य र शारीरिक शक्ति बढाउँन पनि शारीरिक श्रम अति आवश्यक छ। फुटवल आदि अनेक खेल छात्रहरूलाई गराउँने चलन छ। भारतका धेरै विद्यालयमा उत्पादक श्रम पनि गराइन्छन्। नेपालमा त्यस्ता उत्पादक श्रम गराउँने विद्यालय देखिदैनन्। स्काउट शिक्षाले थोरै छात्र-छात्राहरूलाई शरीर श्रम गर्न अघि सर्ने र श्रम गर्न लाज न मान्ने सम्म गराउँदैछ। गान्धी आश्रममा श्रमलाई व्रत मानेको छ। वाल्मीकि रामायणमा पनि मुख्य पात्र राम, लक्ष्मणले शरीर श्रम गरेका १। २ उदाहरण देखाइन्छन्— नाउवाट गङ्गा तरे पछि चित्र कूट जान यमुना नदी तर्दा नाउ नभएकोले सुकेका रूख काटेर वेतका हांगा र जामुनाका हाइन समेत काटी नाउ तयार गरी यमुना नदी तरे। चित्रकूटमा पुगे पछि बस्ने कुटी बनाई पानी नछिर्ने गरी तयार गरेर बसे भन्ने वा. रामायणले भन्दछ। पहिले देखि रूख काट्ने छाउँने वा त्यस्ता अरू काम नगरेका भए उसै बेला ती काम गर्न सक्ने थिएनन्।

मुख्यकुरा

पाश्चात्यले वेद, रामायण आदि हेरि लेखेथे। २ सय वर्ष देखि तिनैका पछि लाग्ने विद्वान् बन्ने मान्छे धेरै देखिए। वास्तवमा पुरानु सत्य कुरा बुझ्न आफैं अध्ययन गर्नु पर्दछ। पाश्चात्य विद्याबाट शिक्षित विद्वान्हरूले थोरै सत्य बुझे पछि सबै सत्य जानें भन्ने घकण्ड गरेर लेख्तैछन्। परम्परावादि विद्वान्हरूचाहिं नयाँ सत्य खोज्नु ता परै जाओस्, नयाँ सत्य बुझेर पनि बुझ पचाई पिठ्यौं फिराई दिन्छन्। तर प्राचीन सत्य कुरा बुझ्न पाश्चात्यको चस्मा न फ्याँकी हुँदैन। स्वतन्त्र दृष्टिले नीरक्षीर विवेकी हुनु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रावण र विभीषण

सरिता (सन् १९८१ अक्टूबर प्रथम पृष्ठ १२२) मा डा० श्रीविलास डवरालको छोटो कविता देखियो । जस्तै :—"रावणको जितना भी निकृष्ट दिखाओ, वह विभीषण से अच्छा था, रामकी तरफ से तो रावण वुरा है ।" विभीषणलाई भन्दछन् :—"कुलाङ्गार, गद्दार, सबसे पहले दलवदलू", उक्त लेखक पनि लक्ष्मीनारायण सिंह आदि जस्तै विना कारण नै रावण भक्त देखिए । किन कि रावणका प्रत्यक्ष दोष माथि नै लेखिए । जस्तै :— पुञ्जिकस्थली आदिका साथ वलात्कार, परस्त्री सीता आदिलाई झुक्याएर लगी गर्जन तर्जन गर्दै, थुन्दै, छ क्कै मारेर मासु खाने म्याद २ मैना तोकी दिनु, परधन पुष्पक आदि हरण गर्नु, सभामा बोलाएर राय पनि माग्नु, आफ्नु विचार प्रकट गर्दा क्रोधको आवेशले हप्काउँनु निकाल्नु, सदा सर्वदा काम क्रोध र लोभको आवेशलाई रोकन नसक्ने रावण तानाशाह हो । रामका तर्फबाट मात्र रावण खराव थियो, भन्नु, उक्त लेखकहरूले रावणको परस्त्री हरण, लूट-पीट, अन्याय, अत्याचार र २ मैनाभित्र सीता वशमा नपरे काटेर मासु खान्छु भन्नु आदि दुर्गुणको समर्थन गर्नु हो । अंग्रेज साम्राज्यवादले भारत कब्जा गरेका अवस्थामा स्वतन्त्रताका निम्ति कांग्रेस-दल स्थापना गर्न ह्यूम नामक अंग्रेजले सहयोग गरे । गान्धीजीको आन्दोलनमा एण्डूज अंग्रेजले सहयोग गरे, जेल पनि गए । हिटलरको तानासाही समाप्त गर्न कतिपय जर्मन पनि लागे । नेपालको जहानिया शासन खतम गर्न धेरै राणाहरू नै लागे । इदी अमीनको अत्याचारी शासन समाप्त गर्न ताञ्जानियाका नेरेरेका साथ धेरै युगाण्डालीले सहयोग दिए । ती सव गद्दार होइनन् । दलवदलू पनि ठहर्दैनन् । भारतमा इस्लामको वा अंग्रेज आदिको सहयोग गर्ने भारतीय गद्दार धोखेवाज हुन् । एक प्रजातन्त्र दलबाट अर्को प्रजातन्त्र वा तानाशाह दलमा जानु दल बदल्नु हो । कुनै दलको सिद्धान्त न मिलेर आफ्नु सिद्धान्त प्रकट गर्दै सिद्धान्त मिल्ने अर्को दलमा जानु उचितै मानिन्छ । अत्याचारी रावणको शासन बदल्न विश्व-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिवारवादी रामका साथ मिल्न जानु विभीषणको उत्तम काम थियो। त्यसैले रामका साथ विभीषणलाई पनि नेपाल भारतमा सम्मान छ। रामले लङ्कामा शासन गरेनन्। लेखकले रावणलाई रामका दृष्टिमा मात्र खराव थियो भन्नु अति अनुचित हो र रावणको अत्याचार र उक्त दुश्चरित्रको समेत समर्थन गर्नु हो। जस्तै दुर्योधन र युधिष्ठिर वा कौरव र पाण्डवमा युधिष्ठिर वा पाण्डवका दृष्टिमा मात्र दुर्योधन वा कौरव खराव थिए। तर जनताको दृष्टिमा खराव छैनन्। वनवास गुप्तवासमा १३ वर्ष बिताएर आए पछि राज्य फिर्ता गर्नु पर्नेमा दुर्योधनले दिएनन्। पाँच गाउँ मात्र पाएमा सन्धि गर्ने शर्त राख्ता पनि मानेनन्। द्रौपदीको दुर्दशा गर्नु, पाण्डव-लाई लाहा घरमा पोल्न खोज्नु, भीमलाई विष खुवाउनु आदि अन्याय गरे ता पनि अरू जनतालाई पीर पिराठ कौरवले गरेको देखिदैन। सन्धि तर्फ नलाग्नु मात्र दुर्योधनको ठूलो दोष हो। तर अन्याय अत्याचारको पनि समर्थन गर्न सक्ने एक तर्फ रावण भक्त २।४ मानिस वाहेक अरू सवैले रावणलाई दोषी मान्दछन्।

वाल्मीकि रामायण कै पनि केहि विवादग्रस्त कुराहरू :—सय[1] योजन (चार सय कोश) को क्षार समुद्र। तर अचेत त्यो समुद्र ४५ किलो मीटर छ। कुनै मान्छे ता पौडेरै तरे भन्ने कुरा पत्रिकाहरूमा लेख्तैछन्। रावणका १० शिर, दशरथ[2] साठी हजार वर्षका भए पछि राम जन्मे। कुम्भकर्णले[3] ए एकै गाँसमा तीसवटा सम्म वाँदरलाई काँचै खायो।

---

१. शतयोजनविस्तीर्णं पुप्लुवे लवणार्णवम्। (वा. रा. वा. का. १।७२)

२. षाष्टिर्वर्षसहस्राणि जातस्य मम कौशिक। कृच्छ्रेणोत्पादितश्चायं न रामं नेतुमर्हति॥ वेद मन्त्रले चाहिं मनुष्यको आयु एक सय वा त्यो भन्दा केहि वेसी बताएको छ।"शतं भूयश्च शरदः शतात्....।"

३. षोडशाष्टौ च दश च विंशत्रिंशत्तथैव च। परिक्षिप्य च बाहुभ्यां खादन्स परिधावति। (यु. का. ६७।७ ।)। प्रक्षिप्ताः कुम्भकर्णेन वक्त्रे पातालसन्निभे। नासापुटाभ्यां संजग्मुः कर्णाभ्यां चैव वानराः। (यु.-का. सर्ग ६७।३६)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुम्भकर्णले नाकवाट र कानबाट पनि वानरहरूलाई पेटमा हुल्यो । यो र यस्ता अरू कुरा पनि त्यस वेलाको समाज परिस्थिति अनुसार अतिशयोक्ति र अद्भूत वर्णन देखिन्छ । रामले एघार हजार वर्ष राज्य गरे भनेको ता एघार हजार दिन अर्थ धेरैंले गरेका छन् । वेदमा जहाँ पनि सय वर्षको आयु पाऊँ भनेको छ । "तच्चक्षुर्देवहितम् (यजुर्वेद) मन्त्रमा "श ` भूयश्च शरदः शतात्" सयवर्ष भन्दा वेसी सय वर्ष पनि बाचौं", भन्ने प्रार्थना छ, २ सय वर्ष भयो । २, अढाइ सय वर्ष वाँचेको उदाहरण पाएर पनि । त्यहाँभन्दा वेसी बाँचेको कुरा इतिहासमा पाउँन कठिनैं छ । हजारौं वर्ष तपस्या गरेका कुरा अतिशयोक्तिपूर्ण नै देखिए । योग सिद्ध मानिसहरूको र कायाकल्प[1] गर्ने मानिसहरूको आयु वढन सम्भवै छ । तर अजर र अमर हुने होइन, भन्ने कुरा यथार्थ कुरा प्रकट गर्ने वेदैंबाट वुझिदैछ ।

रावणको लङ्का कुन हो ?

यस बारेमा रामायणमा क्षार समुद्र तरेर लङ्का पुगिने कुरा स्पष्ट लेखेकोले र सम्राट अशोकको प्रयत्नबाट बौद्धधर्म लङ्का पुगी अहिले सम्म रहेकोले समेत, हाल ४५ किलोमिटर मात्र भए पनि अचेल सम्म त्यसैलाई लङ्का भन्ने गरेकोले समेत लङ्का त्यही हो । तर धर्मयुग (सन् १९८१ अक्टूवर ४ पृ. ८) मा डा० हंसमुख सांकलियाले "क्या सोनेकी लङ्का उडीसे में थी ?" भन्ने शीर्षकमा उडीसाका गोंड जातले आफूलाई रावणको सन्तान मानेको र त्यहाँ पूर्व लङ्का र पश्चिम लङ्का भन्ने गरेकोले गोदावरी नदीलाई नै समुद्र मानेर लेखेछन्, भनेको छ, तर त्यो होइन । ठूलो तलाउलाई पनि गङ्गासागर भने झैं हो कि ? भन्ने शङ्का हुन्छ तापनि क्षार समुद्र भनेको आदि अनेक प्रमाण तर्फ ध्यान दिंदा ४५ किलोमीटर पार गरेर भेटिने लङ्का नै वास्तविक लङ्का हो । पूर्वलङ्का पश्चिमलङ्का

१. ओषधीनां पतिं सोममुपयुज्य विचक्षणः । दशवर्ष सहस्राणि नवां धारयते तनुम् ॥ (सुश्रुत, चिकित्सास्थान अ. २९) त्यहाँ लामु विधि बताएको छ । औषधिमध्ये सर्वश्रेष्ठ सोमलताको विधि अनुसार उपयोग गरेमा दश हजार वर्ष सम्म जवान रहन सक्त छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त वाराणसीमा रामलीला गर्दा वाराणसी दक्षिण असी पारी विश्वविद्यालय उत्तरलाई लङ्का मानेर अचेल सम्म पनि त्यस ठाउँलाई लङ्का भन्दैछन्, त्यस्तै मात्र हुन सक्तछ। रावणको लङ्का त्यही भए पनि दक्षिण भारतमा जनस्थान अदिमा रावणको आधिपत्य थियो। शत्रुलाई नखाने वानर जातिका मान्छेको किष्किन्धामा आविपत्य थियो। त्यसैले त्यहाँ खर, त्रिशिर, दूषण आदि र शूर्पणखा आदि भेटिएर, युद्ध भयो। उत्तरभारतमा पनि जहाँ तहाँ आधिपत्य नभए पनि जङ्गलमा राक्षसहरू बस्तथे र आवत जावत थियो। तिनीहरू शत्रुपक्षका मान्छे खान्थे र राक्षस भनिन्थे। तामिलनाडुमा रावणका मन्दिरहरू पनि छन् पत्रिकाले लेखे। पूर्ण अधिपतिका मन्दिर हुनु स्वाभाविकै हो। तमिलनाडु नै जनस्थान हुँन सम्भव छ। पुरानु मन्दिर भत्किए पछि त्यहीं नयाँ मन्दिर बन्न पनि सक्तछन्। जस्तो सं० १४०६ मा समसुद्दीनले भत्काएको मन्दिर पशुपति र स्वमम्भूं आदि र सन् १६०० मा औरङ्गजेवले भत्काएको काशीविश्वनाथ आदि मन्दिर पछि बनाइए।

सीता र रामको उमेर बारेमा अस्पष्ट

रावणले तपस्वी बनेर सीता एक्लै भएका वखतमा भेट गर्दा अरण्यकाण्ड[1] (४७।९।१०) मा सीताजीले "म इक्ष्वाकुवंश (दशरथ) को

---

१. उषित्वा द्वादशसमा इक्ष्वाकूणां निवेशने (४७।९ वा. रा. अरण्यकाण्ड) भुञ्जाना मानुषान्भोगान्सर्वकामसमृद्धिनी ॥४॥
तच्च त्रयोदशे वर्षे राजाऽमन्त्रयत प्रभुः ॥५॥
मम भर्ता महत्तेजा वयसा पञ्चविंशकः।
अष्टादश हि वर्षाणि मम जन्मनि गण्यते ॥१०॥
नवनीत सन् १९७७ दिसम्वर पृष्ट ५३ मा रामको वनवासका १४ वर्ष न पुगे जस्तो उल्लेख गरेको र अग्निवेश रामायणमा १४ वर्ष पूर्ण भएको कुरा छ भनेको छ। यसरी वर्षको गडवडीले "रामायण के ऐतिहासिक प्रामाण्यको भी सन्दिग्धि बना देता है" भन्ने लेखिएको छ। त्यो गल्ती हो। जन्म तिथि थाह न हुने असंख्य मानिस पनि ऐतिहासिक हुन्छन्, प्रत्यक्ष नै देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दरवारमा १२ वर्ष बसेर रामलाई वनवासको आज्ञा हुँदा साथै आएकी हूँ, १८ वर्षकी भएँ। रामचन्द्र २५ वर्षको हुनुभयो, भनेको छ। तर विश्वामित्रले दशरथबाट मांगेर आफ्नु आश्रम तर्फ लाँदा १५ वर्षको उमेर बताएको छ। (वा. रा. वा. का. स. २०।९) १६ वर्षमा विवाह भए पनि रावणका साथ सीताको भेट हुँदा १३ वर्ष वनवास पुग्न लागेको छ, रावणका लङ्कामा १ वर्ष बस्तै रावण मारी सक्ता १४ वर्ष वनवास पुगिसक्यो। अब अयोध्या जानुपदंछ। (युद्धकाण्ड ११९।२१) मा भनेको हुँदा १६ + ११ + १३ जम्मा ४१ वर्षको उमेर रामको हुन सक्तछ। अथवा विवाह भएर १ वर्ष पछि युवराज गराउँन खोजेको भए पनिरामको विवाह १६ वर्षमा एक वर्ष पछि युवराज पद दिन खोजेर वन-वास र रांवणले झुक्याएको समयसम्म पुग न पुग १३ वर्ष समेत गर्दा पनि रामको उमेर त्यसवेला २९।पा ३०। वर्षको हुनु पर्ने हो। सीताको १२ वर्षमा विवाह भएको भए २४।२५ वर्षको उमेर हुनु पर्ने हो। सीताको ६ वर्षको उमेरमा विवाह भएको हो भने मात्र त्यसवेला १८ वर्षको उमेर हुन सक्तछ। सर दशरथ दरवारमा १२ वर्ष बसें, भन्ने कुरा मिलेन। (अरण्य का. ४७।४)

त्यस युगमा वाल विवाह थिएन। ई. सन् प्रथम शताव्दी का कालिदास लिखित शकुन्तलाको युवती भै सक्ता पनि विवाह भएको थिएन। विवाह नगरी जनमभर बस्न पनि पाइन्थ्यो। दुष्यन्तका साथ गान्धर्व विवाह भएको कुरा पाठक वर्गमा प्रसिद्ध छ। सत्य कुरा के हो ? बुझ्न नसके ता पनि बाल विवाह लोक प्रिय भै चलेको अवस्थामा विद्वान्हरूले बालविवाहको समर्थनका लागि उमेर बारेमा प्रक्षेप गरेकी हुँदा उमेर न मिलेको हुन सक्तछ। रामायण भन्दा धेरै पछिको महाभारमा रुक्मिणी स्वयम्वर आदि युवावस्थामा नै देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरकाण्डका र अंतका पनि कथाहरू

पृथ्वी भरमा जति प्राणी छन् । ती सवमा ईश्वर व्याप्त[१] छन् भन्ने कुरा यजुर्वेदको उपसंहार चालिसौं अध्यायको प्रथम मन्त्रले भनेको हुँदा पृथ्वी भरका जति प्राणी छन् । ती सवका साथमा क्रूर निर्दय भएर व्यवहार गर्न हुँदैन, यथायोग्य व्यवहार हुन पदर्छ भन्ने कुरा त्यस मन्त्रले स्पष्ट भनेकै छ । तर त्यो भन्दा पनि अझ स्पष्ट गरेर पृथ्वी भरका सवै मानिसहरू एक परिवार हुन्, एउटै पुरूखाका सन्तान हुन् भन्ने बारेमा रामायण, महाभारत, मनुस्मृति र पुराणहरूमा विस्तारका साथ वताएको छ । रामायणमा कश्यप ऋषिकी स्त्री मनु नामकी थिईन्, उनैबाट सवै मनुष्य[२] जन्मिए । (वा. अरण्य काण्ड १४।२९); महाभारतमा "ब्रह्माले सृष्टि गरेकोले जगतै ब्रह्म सन्तान हो, कामले अनेक जात भए (महाभारत[३] शा. प. १८८।१०); कश्यपबाट मनुष्य देवता र राक्षसहरू पनि भन्ने कुरा महाभारत आ. प. मा पनि र यही कुराको उल्लेख पुराणहरूमा भएकोले गोत्र थाह भएन भने कश्यप गोत्र भने हुन्छ, भनेको छ । मनुस्मृतिमा ब्रह्माबाट मनु उत्पन्न भए, उनबाट सवै मनुष्य भएका हुन् (मनु[४]

---

१. ईशा वास्य.मदं सर्वं यत्किञ्च जगत्यां जगत् । (यजु० ४०।१)

२. मनुर्मनुष्याञ्जनयत्कश्यपस्य महात्मनः । ब्राह्मणान्क्षत्रियान्वैश्याञ्छूद्रांश्च मनुजर्षभ् ।। (२९ अरण्यकाण्ड ।)

३. न विशेषोऽस्ति वर्णानां सर्वं ब्राह्ममिदं जगत् । ब्रह्मणस्सृष्टपूर्वं हि कर्म भिर्वर्णातां गतम् ।। (महाभारत शा. प. ११८।१० ।)

४. तपस्तप्त्वाऽसृजद्य त्तु सस्वयं पुरुषो विराट् । तं मां वित्तस्य सर्वस्य स्त्रष्टारं द्विजसत्तमः ।। (मनु १।३३ ।।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अ. १।३३) नीच कर्म (जो पायो उही खानु, जुनसूकै काम पनि गर्नु, फोहरी रहनु; वेद आदि शास्त्रको अध्ययन न भै मूर्ख रहनु इत्यादि दुर्गुण) भएको शूद्र हो । यसरी नीच कर्मबाट शूद्र भए पनि फेरि उत्तम काम गर्न लागे, नीच कर्म छोडे भने धार्मिक काम यज्ञ यागादि गर्न सक्छन्, सदाका लागि निषेध गरिदैन, समेत भनेको छ (महाभारत[1] शा. प. १८९) यसरी हाम्रा सबै शास्त्रले पृथिवी नै परिवार माने तापनि आफ्ना कर्तव्यबाट च्युत भै अकर्तव्य गर्दछ भने त्यस्तालाई दण्ड गर्नै पर्दछ, आवश्यकता परेमा मनुष्य हत्या गर्नेलाई प्राणदण्ड पनि गर्नु आवश्यक हुन्छ र गर्दछन् ।

वाल्मीकि रामायण उत्तरकाण्डका ७३ सर्गदेखि ७६ सर्गसम्म दुई वटा अनौठा कथा छन् । एउटा ब्राह्मणको छोरो मरेछ र ब्राह्मणले छोरो बोकेर रामको दरवारमा आई विलाप गर्दै कुन पापले मेरो बालक छोरो मर्‍यो, भन्न थालेछ । छल्फल भयो । वशिष्ठ आदि आठ ऋषि मध्ये नारदजीले भन्नु भयो कि यस युगमा शूद्रले तपस्या गर्न नहुनेमा तपस्या गर्दछ । त्यसैले बालक मरेको हो । अकर्तव्य गर्नेलाई राजाले सजाय दिनुपर्दछ । कलियुगमा ता शूद्रले तप गर्न सक्तछ । तर त्रेता र द्वापरमा गर्न सक्तैन । (वा. रा. उ. का. अ. ७४।२६), सो खोजेर यत्न गरेमा धर्म हुन्छ । बालक पनि बाँच्न सक्तछ, इत्यादि भन्नु भयो । शरीर नसड्ने गरी राख्नू भनेर तुरन्त नै रामले पुष्पक विमान सम्झदा आएर त्यसैमा चढो पूर्व पश्चिम र उत्तर दिशामा गई हेर्दा कतै पनि अधर्म छैन । दक्षिण दिशामा शैवल पर्वतभन्दा उत्तर विन्ध्यभन्दा दक्षिणको जङ्गलभित्र ठूलो तलाउको किनारमा एउटा मान्छे उँधो मन्टो गरो झुण्डिएको देखियो । रामले त्यसको नगीचै गएर तिमो धन्य रहेछौ । के कारणले तप गरेका

---

१. सर्वभक्ष्यरतिर्नित्यं सर्वकर्मकरोऽशुचिः । त्यक्त वेदस्त्वनाचारः सवै शूद्र इति स्मृतः । धर्मो यज्ञक्रिया तेषां नित्यं न प्रतिषिध्यते ॥ (महाभारत शा. प. १८९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हौं ? भन्दा "म शम्बूक नामक शूद्र हूँ, यसै शरीरले देवता भैं देवलोक जाने इच्छाले तप गर्दैछु" भन्यो। रामले खड्गद्वारा शिर काटिदिनु भयो। इन्द्रादि देवताले खुशी भएर पुष्प वृष्टि गर्दै साधु साधु भन्दै प्रशंसा गरे। रामचन्द्रले "ब्राह्मणपुत्रलाई बचाउँने प्रतिज्ञा गरेर त्यो बालक शरीर मरी सकेको हो तापनि सुरक्षा गरी राखेको छ। सो जीवित हओस्। यही वर माग्दछु', भन्नू भयो। देवताले भने कि "जुन समयमा तपाईंले शूद्रलाई मार्नुभयो, तुरून्त नै बालक जीवित भैं बाबुका घरमा पुगिसक्यो।"

यो कथा जुन समयमा शूद्र जातलाई जीविकाका निम्ति शिल्प र ब्राह्मण आदि जातका सेवा गर्ने कामबाट जीविका गर्ने, तर पठन पाठन आदि गर्न नपाउँने व्यवस्था कडाइका साथ लागू गरियो त्यस समयमा यो कथा थपिएको हुन सक्तछ। रामका समयमा रावण आदि राक्षसहरूले तप गर्दा कुनै आपत्ति आएन। शूद्रले तप गर्दा आपत्ति आयो र मार्न पर्यो षाल्मीकि पहिले व्याधा थिए पछि तप गरेर ऋषि भए। हुनता हजारौं वर्ष अघिका कुरा छोडौं। यही वैज्ञानिक युगमा पनि हिटलरको शासन कालमा यहुदी जातैलाई मास्ने अभियान चल्यो। स्तालिनको लामु शासन कालमा निरपराव मानिसलाई यातना दिएको मासेको र अचेल नै पनि आयर्लाण्डमा प्रोटेष्टेण्ट र कैथलिकको झगडा आदि हेर्दा अनेक पैसा दिएर त्यस वेला राम्रु अचे॰को उक्त घटना भन्दा उत्तमै मान्न सकिन्छ। नेपालमा पनि १०४ वर्ष सम्मको राणाको लामू शासन कालमा अरू छोडौं, श्री ३ चन्द्र शमसेअका पालामा "मकैं खेती" नामक पुस्तक लेख्ने विद्वान्ले दण्ड भोगे। श्री ३ भीमको शासन कालमा एक पुस्तकालय खोल्न चन्दा दिने ४५ जनालाई दण्ड भयो। नयाँ खालका पठन पाठन रोकेकोमा श्री ३ युद्ध शमसेरको शासन काल ११९६ साल देखि मात्र नयाँ हाइस्कूल आदि खोल्न पाउने भएको थाहै छ। कुन कुन शासनमा कस्ता कस्ता राम्रा वा नराम्रा व्यवस्था भए ? ती सबको लेखा जोखा गरेर साध्य छैन। मनुष्य समाजमा पहिलेदेखि अहिलेसम्म पनि स्वार्थी लुटेरा अत्या-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चारी वर्ग र विद्वान्लाई नै मात्र होइन कुनै पनि निरपराधी जीवलाई कष्ट नपुगोस्, भन्ने भावना भएका महापुरुष वर्ग पनि छँदै छन्, थिए पनि। तापनि वैदिक मन्त्रहरूमा विश्व परिवारवादी विचार पक्ष देखिएको र रामायणमा पनि त्यस वेलाका कुनै जातका साथमा पनि जातैका आधारमा रामको पृथग् व्यवहार न भै मित्रताको व्यवहार देखिएकोले र महाभारतमा पनि उत्तम विचार पक्ष देखिएकोले समेत जातकै अधारमा कुनै जातका मान्छेका साथ बोल्नै न हुने, छुनै नहुने हेर्नै नहुने तिनीहरूले इनारबाट पानी भर्नै नहुने, शूद्रले पढ्नै नहुने स्थिति पछि नै बढेका हुनं। ती जातका साथ नगीचैको सम्पर्क हुँदा वर्णशंकर हुने डरबाट नै पछि पछि क्रमैले अलग्ग राख्ने कुरा धार्मिक निबन्ध, निर्णय सिन्धु र धर्म सिन्धु आदिका कलि वर्ज्य प्रकरणबाट नै स्पष्ट प्रकट हुन्छ। जस्तै-घीउ दुधमा पकाएको र आगाले मात्र भुटेका अन्न शूद्रको पनि खानुहुन्छ भनेकोमा कलियुगमा हुँदैन, (घृतदुग्धादिभिः पक्वमन्नं शूद्रात्कलौ त्यजेत्। कलिवर्ज्य प्रकरण) द्विजातिले अधियाँ खेत जोत्ने, कुलभित्र, गोठालो, दास, नापित, आदि छ प्रकारका शूद्रका हातको भोजन गर्न हुन्छ भनी मनु (५।२५३)[१] ले नै स्पष्ट भनेको मा पनि "द्विजातिले गोठालो आदि शूद्रका साथमा कलिमा भोजन गर्न हुँदैन भन्ने कुरा "द्विजानां गोपशूद्रादौ भोज्यान्नत्वं कलौ न हि" ले भनेको छ। अझ पुरानुं समयमा ता शूद्रलाई भान्से समेत राख्ता रहेछन् भन्ने कुरा निर्णय सिन्धुको कलि वर्ज्यप्रकरणको "ब्राह्मणादिषु शूद्रस्य पचनादि क्रियापि च" कलिमा ब्राह्मणादिको भोजन बनाउने काम शद्रबाट गराउन हुँदैन, भन्ने श्लोकले स्पष्ट गर्दछ। त्यसै हुँदा जन्मबाट नै सानु ठूलो हुने, पढ्नै नहुने आदि व्यवहार समय समयमा राजनीति आदिबाट वा शक्तिमान् तानासाहहरूबाट ल्याएका व्यवस्था हुन् वा विकृति हुन्। जसलाई एक थरीले हाम्रो धर्म

---

१. आर्द्धिकः कुलमित्रं च गोपालो दास नापितौ। एते शूद्रेषु भोज्यान्नं यश्चात्मानं निवेदयत्। (मनु ५।२५३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चा संस्कृति पनि माने । मान्दैछन् । तर अर्का थरी दूरदर्शी विचार भएका बुद्ध, महावीर, कवीर, नानक, गुरू गोविन्द सिंह, स्वामी दयानन्द सरस्वती र महात्मा गान्धी आदिले सुधार गर्ने प्रयत्न अहिले सम्म गरिरहेकै छन् । त्यसो हुँदा शूद्र शम्बूकलाई तपस्या गरेकोले रामले मारे । तुरून्त नै मरेको ब्राह्मण बालक शरीरमा जीवले प्रवेश गर्‍यो भन्ने कथा पछि थपेको हो । तर प्रथम शताव्दी देखि पछि महाकवि भवभूति भन्दा अघि थपेको हो कि ? जस्तो बुझिन्छ ।

उक्त निर्णय सिन्धु र धर्म सिन्धु नामका धार्मिक निबन्धहरू हाम्रो सामाजिक, धार्मिक र ऐतिहासिक विषय समेतको जानकारी दिने उत्तम माननीय ग्रन्थहरू हुन् । ती ग्रन्थ नभए त पहिले शूद्रका हातको भोजन मात्र होइन, भान्से पनि राख्ता रहेछन् भन्ने के ले बुझ्दथ्यौं ? उत्तरकाण्डको अर्को कथा हेरौं—जो राम्रो भैकन अत्यन्त शिक्षाप्रद छ । तर त्यसै कथालाई विकृतरूप दिएर सरिता पत्रिकाले नरबलिको प्रकरणमा "देवताहरू पनि मान्छेको लास देखे पछि विमानबाट उत्रेर खान थाल्दथे" भन्ने लेखेको छ । तर त्यस कथाको आशय के हो ? भने धन भैकन पनि सार्वजनिक वा धार्मिक काममा खर्च गर्दैन, तर अत्यन्त धर्म चाहिं गर्दछ, भने त्यस्ता अति कञ्जुस मानिसले स्वर्ग पुगेर पनि अति दुःख भोग्नु पर्दछ, भन्ने कुरा हो । जस्तै—अगस्त्य ऋषिका आश्रममा राम जानु भयो। अगस्त्यले एउटा सर्वोत्तम गहना रामचन्द्रलाई दिंदै भन्नुभयो कि—म दक्षिण दिशाको ठूलो जङ्गलमा गएको थिएँ । वीचमा ठूलो तलाउ रहेछ, त्यसको तीरमा बसेको वेला ऐउटा अति राम्रो विमान तीरमा नै उत्रियो । त्यस विमानबाट अति सुन्दर देवता निस्केर त्यहीं एक मनुष्यको शव (लास) खान थाले । अघाए पछि फेरि विमान चढ्न लाग्दा मैले सोधें कि—यस्तो उत्तम विमान चढेर हिड्ने, यस्तो सुन्दर देवताको, यस्तो अति निन्दित भोजन देख्ता आश्चर्य लाग्यो । कारण के हो ? उनले भने—म सुदेव राजाको छोरो हूँ । मैले धेरै वर्ष सम्म धर्म पूर्वक राज्य शासन गरें । कुनै प्रकारबाट मेरो देहावसान चाँडै हुने बुझेकाले मेरा भाइलाई राज्याभिषेक गरी यसै तलाउको तीरमा तपस्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा गर्दै मृत्यु भयो। दिव्य शरीर पाई ब्रह्मलोक पुगें। मलाई त्यहाँ अत्यन्त भोक तिर्खा लागेकोले ब्रह्माजीका साथ मैले सोधें–

अर्थात् भगवन् ! यो ब्रह्मलोक भोख तिर्खा नलाग्ने हो, कुन पापको कारणले मलाई अत्यन्त भोक तिर्खाले दुःख दिएको हो र मैले कहाँ गएर के खानु ? आहार वताउँनु होस्। मलाई मुस्किल पऱ्यो। ब्रह्माजीले भन्नु भयो कि—विउ नछरी अथवा नरोपी केहि उब्जदैन, आफ्नु शरीर पोस्तै ठूलो तप गऱ्यौं, तर तिमीले अरूका निम्ति कहिल्यै अलि कति पनि खर्च गरेको छैन। आफ्नु शरीर मात्र पोस्यौ, त्यसँले यस लोकमा आएर पनि तिमीलाई भोकले सताएर छटपट गर्दै मेरा साथमा के खाँऊ भन्दै छौ, त्यसो हुँदा तीमीले पूर्व जन्ममा पोसेको शरीरै चुँडेर खाँदै आउँदै गर्नु पर्दछ। त्यो शरीर कहिल्यै पनि सड्ने गल्ने र सकिने छैन। अमृत समान मीठो हुनेछ, भन्ने कुरा तलका श्लोकले भन्दछ––

रामचन्द्रलाई अगस्त्य ऋषिले यो कथा सुनाउँनमा के आशय हुन सक्तछ ? भने संसारमा धेरै मानिस धन कमाउँने काममा लागी रहेकै हुन्छन्। पालिनु पर्ने हुँदा उचितै पनि छ। मौका पर्दा सार्वजनिक काममा पनि खर्च गर्दछन्। तर कयौं मानिस अति लोभी हुन्छन्। जनाति खनाति सम्मलाई समेत काम नगरी आनन्द भोग्न पाउन् भन्ने इच्छा बढेको हुँदा

भगवन् ब्रह्मलोकोऽयं क्षुत्पिपासाविवर्जितः।
कस्यायं कर्मणः पाकः क्षुत्पिपासानुगोह्यहम्।
आहारः कश्च मे देव तन्मे ब्रूहि पितामह।
(वा. रा. उ. काण्ड स० ७८।१३)

पितामहस्तु मामाह तवाहारः सुदेवजः।
स्वादूनि स्वानि मांसानि तानि भक्षय नित्यशः ॥१४॥
स्वशरीरं सदा पुष्टं कुर्वता तप उत्तमम्।
अनुप्तं रोहते चेह न कदाचिन्महामते ॥१५॥
दत्तं न तेऽस्ति सूक्ष्मोऽपि तप एव निषेवसे।
तेन स्वर्गगतो वत्स ? वाध्यसे क्षुत्पिपासया ॥१६॥
सत्वं सुपुष्टमाहारैः स्वशरीरमनुत्तमम्।
भक्षयित्त्वाऽमृतरसं तेन वृतिर्भविष्यति ॥१७॥ (सर्ग ७८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चमडी जाओस्, दमडी नजाओस् भन्ने विचारका हुन्छन् अझ सन्तान नहुँने अति धनी मानिस पनि सास छउञ्जेल खर्च गर्न सक्तैनन् । यो आठौं आश्चर्य हो । तर रक्स्याहा, जँड्याहा, जुवाडी व्यभिचारी रहेछ भने छोरैले सकिदिन्छ र धन नाती सम्म पनि पुग्न सक्तैन । त्यस्तो अति लोभी शासक वर्गमा छ भने ता त्यसको हात आफ्नु देश भरि पुग्न सक्ने हुँदा जनकल्याणका लागि गर्नु पर्ने धन खर्च भैंमा गाडेर गुप्त गरी राख्तथे । पछि बैंकको चलन आए पछि विदेशी बैंकमा समेत राजा शासनकालमा असंख्य धन राखेको थाहै छ । तर तिनका कुनै नाति पनि दरिद्र बनेका छन् । त्यस्ता मानिस अहिले पनि जगतमा कम छैनन् । रामलाई धन यसरी जनताको उन्नतिका निम्ति खर्च गर्नु, इत्यादि उपदेश गर्नु भन्दा अगस्त्य जस्ता सर्वश्रेष्ठ मुनिले रामचन्द्र जस्ता त्यागी तपस्वी राजालाई यस्तै कथाद्वारा उपदेश गर्नु उत्तम हो । हाम्रा कुनै शास्त्रमा पनि ब्रह्मलोकमा भोक तिर्खा लाग्ने र यहीं आएर खाँदै जाँदै गर्नु पर्ने कुरा देखिदैन । सत्य कुरा सम्झाउन कल्पित कथा बताउँने चलन पहिले देखि अहिले सम्म छदैछ । कुनै शास्त्रले पनि उँधो मन्टो लगाई झुन्डिने तप नभनेको र वाल्मीकि रामायणको अनुसार रामको समयमा शूद्र जातका साथ त्यस्तो कडा व्यवहार न आएकोले शम्बूकको कथा पछि थपेको र कल्पित हो ।

उक्त दुईवटा शम्बूक शूद्रको र श्वेत राजाको कथामा तप गरेको लेखियो । तप के हो ? वेदमा तप नगर्ने मानिस काँचो हुने हुँदा तपस्वी बन्नुपर्दछ भन्ने कुरा सम्म प्रकट गरेको देखिन्छ । वाल्मीकि रामायणमा तपको कुरा धेरै ठाउँमा आउँछ । महाभारत र गीतामा तपको अर्थ स्पष्ठ गरेको छ । अनेक पुराणमा ता झन् उग्र तप गरेको देखिन्छ तपस्या-बाटै आदि पाउँछ, पूर्व जन्मको तपले यस जन्ममा राज्य आदि सुख भोग पाइन्छ । यस बारेमा कसै कसैले तर्क गरेका छन् कि यो उग्र तपको कथा ठूलो राजनीति हो । प्रतिभाशाली व्यक्तिहरू उत्तम सुख वा मोक्ष आदि अनेक सुख प्राप्त गर्नका निम्ति उग्र तप गर्न जाउन् र अलमलिउँन्, आफूहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निष्कण्टक सुख भोग गरौं, जे गरे पनि आलोचना छैन। अथवा कसैको निन्दा गर्नु पनि पाप हो, भनेको छ। तर मनुस्मृति, गीता शास्त्र अति व्यावहारिक हुनाले अपराधी मानिसको निन्दा गर्ने पर्दछ, नगरेमा सभासद दोषी हुनेछन्। (मनु० ८।१९)। उग्र तपको कुरा मनुको छ अध्यायमा बताए पनि गृहस्थाश्रममा रही अनेक व्यवहार गरी नाति समेत भए पछि उग्र तप गर्न जाओस्। (मनु० ६।१) त्यो भन्दा अघि मोक्षका इच्छाले पठन पाठन अनेक गृहस्थको काम नगरी हिंडदछ भने पतित हुन्छ। (मनु० ५।२७) मा भनेको छ र गृहस्थाश्रमको काम पूरा गरी नाति समेत भए पछि ता वानप्रस्थाश्रममा जाओस्, उग्र तपबाट शरीर सुकाओस्। (मनु० ६।२४) अथवा वृद्ध भए पछि घर छोडेर जान इच्छा गर्दैन भने वेद आदि विद्या उपनिषद् आदिको अभ्यास गर्दै छोराको आर्जन भोग्दै घरैमा सुख पूर्व बसोस्। (मनु० ६।९५) अचेल वानप्रस्थ र संन्यास आश्रम भनेको जनतामा आएका विकृतिलाई मन, वचन, कर्म र आफ्नु अनुभवबाट पनि हटाउने र सुख शान्ति ल्याउने चेष्टा गर्दै रहोस्, आफ्नु अनुभवबाट लाभ पहुँचाओस् वा योगाभ्यास गर्ने गराउने गर्दै रहोस्, भन्ने अर्थ गर्दछन्। अचेलको लागि वानप्रस्थ र संन्यासीहरू आश्रम खोलेर बसेका देखिन्छन्। दिगलाका षडानन्द ब्रह्मचारी, स्वर्गद्वारी र खपतड बाबा आदि। त्यसरी उग्र तप गर्ने मान्छे बुद्धका समयमा पनि भएको उल्लेख छ। बुद्धले पनि ६ वर्षसम्म नखाई तप गरे भनेको छ, प्राणसम्म थाम्ने केहि खान्थे होलान्।

व्यावहारिक शास्त्र भए पनि महाभारत आश्रमवासी पर्वमा विदुरको ठूलो तप अनशन छ। एक सय वर्षको उमेर हुँदा पनि काल आएन छ र अनशन गर्नु भएछ। अचेल पनि धेरै राजनीतिवाला मानिस अनशन गरी स्वर्ग हुन्छन्। वीर सावकर असी नाघे पछि पानी बाहेक खान बन्द गर्दा तेइसै दिनमा खतम भए। यसरी अनशन गरेर मर्नुलाई, आत्महत्यामा गनेको देखिदैन, तप भन्छन्। योगशास्त्रले योगका आठ अङ्गमध्ये आसन साध्नु पनि एक तेस्रो अङ्ग मानेर धेरैबेर सम्म सजिलै एकै प्रकारले बस्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्यो भने आसन सिद्ध भए पछि प्राणायाम र ध्यानको अभ्यास गर्न सकिन्छ भनेको छ। त्यो बाहेक अनेक प्रकारका आसनहरू अनेक रोग हटाउँन र शरीर स्वस्थ राख्न पनि बताएका छन्। ती मध्ये टाउकाले टेकेर शरीर गोडा ठाडो पार्नु पनि एक हो तर शम्बूकको तप चाहिं टाउकाले टेकेको छैन। झुण्डिएको छ। रूखमा खुट्टा बाँधी झुण्डिएको होला। आगो, पैरो, झुण्डिनु आदिबाट मर्नु, वा सती जानु पनि अचेल आत्महत्या मानिन्छ। प्रथम शताब्दी पछि देखि लोग्ने मर्दा सती जानु आवश्यक मानेको देखिन्छ। वेद रामायणमा नभएकाले उत्तरकाण्डमा एउटी सती गएकी पछि बढाएको हुन सक्छ। "कलिवर्ज्यमाः भृग्वग्निपतनैश्चैव वृद्धादिमरणं तथा" भिरबाट, आगोमा हाम फालेर बूढाले मर्ने काम कलिमा नगर्नु, भनेकोले पहिले गर्दा रहेछन् कि जस्तो बुझिन्छ, र मत्स्य-पुराण (१८३।७७) मा ठूलो पीरले र बूढो भै मर्न खोज्नेलाई नरोकेको छ। काशीमा अग्नि प्रवेशबाट मर्ने मानिस मुक्त हुन्छ भनेको छ। अंग्रेज शासनमा त्यो काम धेरै पछि बन्द भयो। छ सय वर्ष अघिका ठूला सिद्ध महापुरुष ज्ञानदेवले २१ वर्षको उमेरमा गुफामा पसेर ठूलो ढुङ्गाले बन्द गर्न लगाए। उनका दाज्यु भाइ बैनी अरू असंख्य भक्तहरूले त्यसै गरे! ज्ञानदेवले ओम् भन्दै थिए र ती अरू हिंडे। वहाँ ठूला सिद्ध हुनाले कसैले पनि रोक्न सकेनन्।

वास्तवमा तप भनेको के हो ?

जुन लोकोपकारी वा स्वास्थ्यकारी काममा मानिसलाई लगाउँनु परेको छ। त्यसैलाई तप भनेको देखिन्छ। जस्तै :—मनुस्मृतिमा बताएको तप ब्राह्मणको तप ज्ञान, क्षत्रियको तप रक्षा, वैश्यको तप वार्ता (खेती, गोठ पाल्नु र व्यापार आदि धन बढाउने काम), शूद्रको अनेक शिल्पबाट वा प्रत्यक्ष नै पनि सेवा गर्नु (मनु. ११।२३५)[1] ब्रह्मचर्य ठीक बेलाला शुद्ध

१. ब्रह्मणस्य तपो ज्ञानं तपः क्षत्रस्य रक्षणम्। वैशस्य च तपो वार्ता, तपः शूद्रस्य सेवनम्। (मनु० ११।२३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थोरैं भोजन, र राग, द्वेष, लोभ नहुनु ठूलो तप हो। (मनु० ११।२४४)[१] विप्रको वेदाभ्यास नैं ठूलो तप हो (मनु० २।१६६)[२], कामना (स्त्री-पुरुष विषयक) त्याग्नु तप हो[३] (भागवत ११।१९।१७) पातञ्जल योगसूत्रमा २ ठाउँमा तप शब्द छ। (पा. सू. २।१)[४] (पा. सू. २।३२)[५] विभिन्न टीकाहरूले तप शब्दको विभिन्न अर्थ गरेका छन्। जस्तैं :—शास्त्र हरूले बताएका कृच्छ चान्द्रायण[६] आदि व्रत नैं तप हुन्। भोजवृत्ति चन्द्रिका। पीर नपर्ने शास्त्र अनुसारको उपवास नैं तप हो (नागोजि भटट र भावागणेश) भोक, तिर्खा, जाडो, गर्मी आदि द्वन्द्व सहनु तप हो। शरीर सुकाउँनु तप होइन। त्यसले धातु विषम भैं योग नष्ट हुन्छ। (मणिप्रभा) हित र शुद्ध भोजन तप हो (योग सुधाकर) चित्त शुद्धि गर्ने आसन प्राणायाम, उपवास, दुख सहनु, सुख त्याग्नु

---

१. ब्रह्मचर्यं जपो होमः काले शुद्धाल्पभोजनम्।
अरागद्वेषलोभाश्च तप उक्तं स्वयम्भुवा॥
(मनु० ११।२४४) [१२]

२. वेदाभ्यासो हि विप्राणां तपः परमिहोच्यते। (मनु० २।१६६)

३. कामत्यागस्तपः स्मृतम्। (भागवत स्कं० ११।अ० १९।३७)

४. तपः स्वाध्यायेश्वरप्रणिधानानि क्रियायोगा। (पातञ्जलयोगसूत्र पाद २।१)

५. शौच सन्तोष तपः स्वाध्यायेश्वरप्रणिधानानि नियमाः। (पा. यो. २।३२)

६. तपः शास्त्रान्तरोपदिष्टं कृच्छ्रचान्द्रायाणादिकम्। (भोजः)
तपश्चित्त प्रसादाविरोधिशास्त्रोपदिष्टोपवासादि। (भावागणेश नागोजिभट्टौ)
तप कृच्छ्रादि, (चन्द्रिका) द्वन्द्वसहनं मितभेध्यादिकं तपः, न तु कायशोषः, तस्य धातु वैषम्ययोगविधानात्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शरीरको तप हो । बोलीको तप सत् शास्त्रको अध्ययन र ठीक बोल्नु हो । ईश्वरको ध्यान मनको तप हो । (भास्वती) "चित्तमा पीर नपार्ने, शुद्ध गराउँने शरीरको स्वास्थ्यलाई बाधा नपार्ने, तप गर्नु" (व्यास भाष्य) त्यति मात्र तप गर्नु पर्दछ । जसबाट धातु वैषम्य आउँदैन । (तत्त्व वैशारदीमा मिश्र) युक्त आहार नै तप हो । कृच्छ्रचान्द्रायण आदि होइनन् । तिनबाट धातु वैषम्य आउँछ । (पातञ्जल रहस्य) अब गीता र महाभारतका अलिकति मत लेखेर टुङ्ग्याइन्छ ।

गीता र महाभारत समय

महाभारतमा बुद्ध बारेको वर्णन कहीं पनि छैन । पुराणहरूमा बुद्ध भगवान्लाई नवौं अवतारमा गनेको छ । तर महाभारतमा हंस अवतार समेत १० अवतार गन्दा नवौं अवतार कृष्ण भगवान्लाई बताउँनु आदि अनेक कारणबाट महाभारत बुद्ध भन्दा पुरानु सिद्ध हुन्छ । त्यसैको भीष्म पर्वमा गीता हुनाले भगवान् बुद्ध भन्दा पुरानु स्वयं सिद्ध छ । तर राहुल सांस्कृत्यायनजीले दर्शनदिग्दर्शन (पृ० ४४१) मा "योगका वेद में नाम नहीं, उपनिषदो में भी उसका पता नहीं । श्वेताश्वर में हम स्पष्ट योग-विधि पाते हैं, उसके पहले इसका वर्णन बुद्ध के उपदेशों में मिलता है" इत्यादि र श्वेताश्वतर उपनिषद् बुद्ध भन्दा पछि ई० पू० प्रथम शताब्दी भन्नु र त्यो भन्दा ४।५ सय वर्ष पछिको गीता हो, इत्यादि भन्नु अति असत्य हो र निजकै लेखाइ बाटै पनि असत्य ठहरिन्छ । किनकि वेदमा त्यस अर्थमा योगशब्द नभए पनि योगको मुख्य अङ्ग "ध्यान स्मरण शब्दा युञ्जानः । युञ्जते (यजु० ११।१।२) मा योग अर्थका शब्द देखिन्छन् । उनैले बुद्ध भन्दा पहिलेको मानेको कठोपनिषद्मा नै "तां योगमितिमन्यन्ते स्थिरामिन्द्रिय धारणाम्" "विद्यामेतांयोगविधिं कृत्स्नम् (कठोपनिषद् अ. ३ वल्ली ६ मन्त्र ११।१८) योग स्पष्ट देखिन्छन् । वास्तविक कुरा के भने निजले नै दर्शनदिग्दर्शन (पृ० ५०१) मा आलारक र उद्रकका साथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सांख्य र योग पढे पछि गयामा ६ वर्ष बुद्धले उग्र अनशन सहित तप गर्दा शरीर सुकेर हाड छाला मात्र भै जहाँ छोयो उहींबाट कपाल झर्ने भएकोले त्यस्तो उग्र तपबाट लाभ नहुने ठहराई भोजन गर्न लाग्नु भयो । भनेको छ । हुन:ता पानी मात्र खाँदा ६ वर्ष बाँच्न कठिनै हुँदा त्यसै वेला पनि कुनै रूखको बोक्रा वा अरू नै वस्तु खाने गरेको हुन सक्तछ । त्यस पछि नदीको किनारमा बसी ध्यान गर्दा गर्दै ठूलो ज्ञान पाएर बुद्ध बनेको कुरा उनैले र सबै विद्वान् लेखकहरूले मानेका छन् । पुराना उपनिषद् आदिबाट उद्रकले र निजबाट पाएर योगलाई बुद्धले बढाएको हुन सक्तछ । अर्को कुरा बुद्धको उपदेश "धम्मपद" मा गीताका श्लोकहरू जस्ताका तस्तै पाली भाषामा स्पष्ट देखिन्छन् । तर धम्मपदका अति राम्रा उपदेश गीतामा एउटै पनि देखिदैनन् । गीता बुद्धभन्दा पछिको भए ता त्यस्तो नामी बुद्धोपदेशका नयाँ र उत्तम[1] पद्यहरू अवश्य नै गीतामा १।२ ता राखिन्थ्ये । जस्तै :—गीताका[2] २ श्लोकले आफूलाई आफैंले उद्धार गर्नू । (गीता ६।१६) मा भनेको छ । त्यही अर्थको श्लोक धम्मपदमा छ ।

---

१. असारे सारमतिनो सारे चा सारदर्शिनो ।
ते सारं नाधिगच्छन्ति मिच्छा संकल्प गोचरा ।।
(धम्मपद यमक वागे ११।१७)

इह तप्यति प्रेत्य तप्यति पापकारी उभयत्र तप्यति ।
पापं मया कृमिति तप्यति ।।

अत्रा हि अत्र नो नाथो को हि नाथो परो सिया ।
अत्र ना हि सुदान्तेन नाथं लभति दुर्लभम् ।।
(धम्मपद आत्मवर्ग ४।)

२. उद्धरेदात्मनात्मानं नात्मानमवसादनेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ।। (गीता:६।५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गीता र महाभारतका थोरै तप

महाभारत शा. प. (२२१) मा र अन्त पनि मानिसहरू एक मैना वा एक पक्ष उपवास बस्नुलाई तप भन्दछन् । तर दुर्बल भै स्वतन्त्रता हराऊँने र परतन्त्र बनिने हुँदा त्यो तप सज्जनले मान्दैनन् । त्याग र नम्रता नै तप हुन् । अहिंसा, सत्य बोल्नु, क्रूर नहुनु, पाप गर्न लाज मान्नु, दया गर्नु नै तप हो । शरीरलाई सुकाउँनु तप होइन (गीता १७।१४।१५।१६) मा "देवता, विद्वान्, गुरूहरूको पूजा र सम्मान गर्नु । स्नान आदिबाट शुद्ध रहनु, सोझो व्यवहार गर्नु ब्रह्मचर्य व्रत र अहिंसा पनि शरीरका तप हुन् । अर्कालाई पीर नपार्ने गरी सत्य प्रिय र हित बोल्नु र उत्तम ग्रन्थ हेर्दै रहनु समेत बोलीका तप हुन् । मनमा प्रसन्नता, चञ्चल नहुनु, काम, क्रोध र लोभको आवेशलाई रोक्नु' भावना शुद्ध राख्नु, मनको तप हो ।" युक्ताहार विहारबाट नै योग (तप बन्दछ ।) (गीता ६।१७) ।

प्राकृतिक चिकित्स गर्ने अनुभवी डाक्टर वैद्यहरूले ७ दिन वा १५ दिनसम्म पनि फलको रसहरू मात्र खुवाएर अरू भोजन बन्द गरी उपवास गराएर धेरै रोगीहरूलाई नीरोग गराउँदछन् । पक्षमा एक दिन उपवास बस्नु वा एक छाक मात्र खानु भनेको छ, एकादशीका दिनलाई । त्यो पनि गर्भिणी, सुत्केरी र रोगी वाहेक लाई उत्तम देखिन्छ । अथवा कुनै उद्देश्य राखेर जनताको र सरकारको दृष्टि फिराउँन पानी मात्र पिएर अनशन गर्दछन् । महात्मा गान्धीका ६ दिन-देखि २१ दिन सम्म अनशन अनेक उद्देश्यले भए । ती वाहेक अनशन वा पञ्चाग्नि ताप्नु, जाडाका समयमा घाँटीसम्म पानीमा बस्नु इत्यादि र अरू पनि "रामले" ददर्श राघवः श्रीमान् लम्बमानमधोमुखम् । (वा. रा. उ. का. ७५।१४), उँधो मण्टो लगाएर झुण्डिएको शम्बूकलाई देख्नु भयो । भने जस्ता शरीरलाई कष्ट दिने नगर्नू भनी गीताले स्पष्ट भनेको छ । जस्तै :—कामना र राग, देखाँवटी र अहङ्कार समेत भएर शास्त्रमा नबताएका उग्र तप शरीर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई दुःख दिएर गर्नु आसुरी तप हो । (गीता १७।५।६), सत्कार, मान, पूजा र देखाउँन समेत तप गरेमा रजोगुणी तप हो । जुन तप मूर्ख्याइले आफ्नु शरीरलाई दुःख दिएर अथवा अर्कालाई बिगार्ने नियतले गरिन्छ भने सो तप तमोगुणी हो । (गीता १७।१८।१९) ।

पाताल र शेषनाग

पाताल र शेषनागको वर्णन रामायण महाभारत र पुराणहरूमा भेटिन्छन् । कवि शिरोमणि लेखनाथजीले पनि "सत्य कलि संवाद" मा

"प्रजा धरामा धरणी फणीशमा,
फणीश पानी विच पानि हो कहाँ ।
मिलेन विश्रान्ति अहो कतैँ किन ?
तँलाई मालुम छ कि यो कुरा मन ॥"

भन्नु भएको छ । शेषनागले पृथिवीलाई थाम्नु भएको छ भन्ने कुरा आश्चर्य लाग्ने नै छ । किनकि आकाशमा चन्द्र सूर्य आदि पिण्डहरूलाई थाम्ने कुनै कुरा देखिदैन । पृथिवीलाई थाम्न शेषनागको आवश्यकता नै किन ? त्यसैले वेदमा कहीं पनि पृथिवी थाम्ने कुनै देवता बताएको छैन । वरू परमेश्वरले नै पृथिवीलोक, स्वर्गलोक (सूर्यलोक) आदि थामेको छ भन्ने कुरा मन्त्रले स्पष्ट

हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आसीत् ।
स दाधार पृथिवीद्यामुतेमां कस्मै देवाय हविषा विधेम ॥
(१३।४ यजु.)

भनेको छ । यस प्रकारका मन्त्र तिनै वेदमा पाइन्छन् । अर्थात् "संसारभन्दा पहिले सबैका अधिपति परमेश्वर थिए । उनै परमेश्वरले यस पृथिवीलाई र अनन्त पिण्ड भएको (द्याम्) आकाश वा स्वर्गलोकलाई समेत (दाधार) धारणा गरेको छ । त्यसै अनुसार नै हामीले प्रतिदिन गरिने सन्ध्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विधिको आरम्भमा नै एक श्लोकद्वारा पृथिवीको स्तुति गर्ने गरेको छ। जसमा "ए पृथिवी ! तिमीले चर अचर सबै थामेकी छौं, तिमीलाई विष्णु भगवान्‌ले थामेको छ। मलाई पनि थामेर आसन पवित्र गराऊ।" शिव पुराणमा शिवको सत्तावाट र कहीं देवीबाट पनि संसारको स्थिति आदि बताएको छ। उनै परमेश्वरलाई अनेक नाम रूपबाट भनेको हो, भन्ने वैदिक सिद्धान्त हुनाले शिव, विष्णु, देवी र कहीं इन्द्र, वरूण, अग्नि आदि नामबाट पनि परमेश्वरको स्तुति गरेको छ। सबैं संसारको प्रलय हुँदा पनि परमेश्वर बाँकि रहने हुँदा शेषनाम र अन्त्य जान्न नसकिने हुनाले अनन्त आदि नाम भनेको हो भनेर पुराणहरूमा नैं बताएको छ। नागको रूप हजार शिर आदि वर्णन ता आलङ्कारिक वा अद्भुत वर्णनमात्र बुझिन्छ। अचेल अमेरिकालाई पनि कसैले पाताल भन्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकको उद्‌देश्य

- अति परम्परावादीहरूको आँखा उघारी दिनु
- सुधारवादीहरूलाई सहयोग पुऱ्याउनु
- अन्धविश्वास हटाउँने निहुँबाट हिन्दुधर्मको र हिन्दु वा आर्य वाङ्मयको असत्य आलोचना गर्ने व्यक्तिको र पत्रपत्रिकाको भयङ्कर कालो रूप देखाई पाठक वर्गलाई सावधान गर्नु ।
- आधुनिक युवकहरूलाई उत्तम चरित्र निर्माण र कर्मठ हुनुमा प्रेरणा दिनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu